मानवको लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक

के गर्न सक्छ
मानवअधिकार
आयोग ?

कैलिंदैछ कमैया-मुक्ति आन्दोलन

मानवका लागि मानवअधिकार
मानवअधिकार लागि
उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक

वर्ष ८, पूर्णाङ्क २१, असार २०५७

कमैया आन्दोलन विशेष

सफलताको हार्दिक कामना

२०४९ सालमा प्राचीको पुनः प्रकाशन आरम्भ भएयता निरन्तर यस पत्रिकाको सल्लाहकार रही आउनु भएका सुशील प्याकुरेलले हालै राष्ट्रिय मानवअधिकार आयोग सदस्यमा नियुक्त भएको कारण दर्शाइ इन्सेक अध्यक्षको पदबाट राजीनामा दिनु भएको छ।

साथै उहाँले इन्सेकको मानवअधिकार पत्रिका प्राचीको सल्लाहकारबाट पनि विदा लिनु भएको छ। प्राची परिवार राष्ट्रिय मानवअधिकार आयोगको सदस्यका रूपमा उहाँ र उहाँका सहयात्रीहरूको पूर्ण सफलताको लागि हार्दिक कामना गर्दछ।

कमैया मुक्ति आन्दोलनको रिपोर्ताज (**सूर्यप्रकाश भट्टराई**), कैलालीको घटना विवरण, कमैया समस्या र समाधानको उपाय (**वेसको कार्यपत्र**), कमैया मुक्ति अभियानमा इन्सेक, बाँधाश्रम उन्मुलन : परिभाषा र कानूनको आवश्यकता (**पवनकुमार ओझा**), कमैयाप्रति **कमला पराजुली**को अनुभूति
बधुँवा जीवन बारेको **प्रेम चन्द**को चर्चित कथा,

उत्पीडित चमार जातिको पक्षमा एक भारतीय विद्वान **डी. प्रेमपति**को सारगर्भित विचार

के गर्ला मानवअधिकार आयोगले ? **टीकाराम भट्टराई**को आलेख र आयोगको सफलताको लागि सिन्कोसम्म भए पनि माँच्नु पर्ने **सुबोधराज प्याकुरेल**को अवधारणा । र, आयोग बारे **कुन्दन अर्याल**को टिप्पणी।

संस्थापक : सुशील-प्रकाश/ **सल्लाहकार** : सुबोधराज प्याकुरेल, कुन्दन अर्याल / **अतिथि सम्पादक** : अग्निशिखा
कार्यकारी सम्पादक : आत्माराम शर्मा / **सम्पादन समिति** : राजव, शार्दूल भट्टराई, देविका तिमिल्सिना
आवरण : टाइम क्रिएशन / **ले-आउट** : गोविन्द त्रिपाठी
व्यवस्थापन : प्रवल शर्मा / **सहयोगी** : गीता माली / **फोटो** : विमलचन्द्र शर्मा
मुद्रक : इन्द्रेणी अफसेट, बागबजार
पत्राचार
पत्र मञ्जुषा : २७२६ काठमाडौं
टेलिफोन : २७०७७०/२७८७७०
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित

तब मालिकहरुको साम्राज्यमा भूईंचालो जान कसले रोक्न सक्छ ?

छर्छौं तिमी, बाली उठाउने अर्कै छ
कमाउँछौ तिमी, पैसा थुपार्ने अर्कै छ
बुन्छौ तिमी, लुगा लगाउने अर्कै छ
बनाउँछौ तिमी, हतियार भिर्ने अर्कै छ।

छर वीउ, तर अत्याचारीलाई बाली उठाउन नदेऊ
कमाऊ पैसा, तर फटाहालाई थुपार्न नदेऊ
बुन लुगा, तर अल्छीलाई लगाउन नदेऊ
बनाऊ हतियार तर आफ्नै रक्षाको लागि लेऊ।

दुई सय वर्ष पहिले जन्मेका र कार्ल मार्क्सको जन्म भएको चार वर्षपछि देहान्त भएका विश्व प्रसिद्ध ब्रिटिश कवि पी.वी. शेलीको कविता हो यो। शोषण विरोधी र श्रमजीवी पक्षधर कवि शेलीको करिब दुई शताब्दी अघिको यो आह्वान आज पनि सामयिक छ। यसकारण कि, शोषणले डामेका लास्वौं जिन्दगी अझै छन् नेपाली धरतीमा पनि मनग्य।

यसर्थ कि, आज पनि बाली लगाउने एकथरी छन्, बाली उठाउने अर्काथरी छन्। कमाउने एकथरी छन्, थुपार्ने अर्काथरी छन्। पसिना बगाउने एकथरी छन्, स्वाद लिने अर्काथरी छन्। नङग्रा खियाउने एकथरी छन्, मोटाउने अर्काथरी छन्। र, आज पनि गरी मर्ने एकथरी छन्, बसी खाने अर्काथरी छन्। जोत्ने एकथरी छन्, जोताउने अर्काथरी छन्।

शोषणको यो चक्र कतिञ्जेलका लागि ? अमानवीयताको यो चक्र कतिञ्जेलका लागि ? ब्रम्हलुटको यो चक्र कतिञ्जेलका लागि ? मालिक्याईंको यो चक्र कतिञ्जेलका लागि ? र, ब्रम्हलुटको यो चक्र कतिञ्जेलका लागि ? यो चक्र तोड्न कुनै भगवान यहाँ आउने छैनन्। कुनै परमेश्वर र कुनै देवता यहाँ आउने छैनन्। मालिकहरूको साम्राज्यमा प्रलय ल्याउन कुनै अवतारले यहाँ जन्म लिने छैन।

जनता, स्वयं जनता नै शक्तिका स्रोत हुन्। जनता, स्वयं जनता नै आन्दोलनका सूत्रधार हुन्। जनता, स्वयं जनता नै परिवर्तनका वाहक हुन्। र जनता, स्वयम् जनता नै मालिक्याईंलाई इतिहासको गर्भमा पुर्ने प्रलयकारी शक्ति हुन्। धरतीपुत्र कमैया नै ती जनता हुन् जो पहाडसमेत फोड्न सक्छन्। जो भन्ने गर्छन्- कमैयक पुत पहाड फोरे ! तर पनि शोषणको चक्रले किन रेटिरहेको छ कमैयाहरूको जीवन ?

जीवन किन बनिरहेको छ कसैको बाँधा ? पसिना किन बनिरहेको छ कसैको सोमरस ? अस्मिता किन बनिरहेको छ कसैको खेलौना ? तमाम सवालको जवाफ कमैयाहरू आफैंले खोज्नुपर्छ। र, त्यो जवाफ हो- शायद, तिनले आफ्नै शक्तिको पहिचान गर्न सकेका छैनन्। शायद, तिनले आफ्नै शक्तिलाई मथ्न सकेका छैनन्। तर, अब बुझ्दैछन् ती आफ्नो शक्ति। र, जब त्यो शक्ति संगठितरूपमा ज्वालामुखी बन्छ र विष्फोट हुन्छ-तब मालिकहरूको साम्राज्यमा भूईंचालो जान कसले रोक्न सक्छ ?

मई दिवसले निम्त्याएको कमैया मुक्ति आन्दोलन

– सूर्यप्रकाश भट्टराई

विश्व एक्काइसौं शताब्दीमा प्रवेश गरिसकेको वर्तमान अवस्थामा १८ औं शताब्दीको दास प्रथाको अबशेषको रूपमा रहेको कमैया प्रथा नेपालमा हाल सम्म पनि विद्यमान रहेको छ ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा २० को १ मा भनिएको छ " मानिसलाई बेच बिस्वन गर्न , दास तुल्याउन , बाँधा बनाउन वा कुनै किसिमले निजको इच्छा बिरूद्ध काम गराउन निषेध गरिएको छ । त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुनेछ ।" नयाँ वर्षको शुरूवातसगै कैलाली जिल्ला गेटा गाउँ विकास समिति वार्ड नं ६ बस्ने पूर्वमन्त्री शिवराज पन्तका घरमा बसेका १९ जना कमैयाले अन्तर्राट्रिय मजदुर दिवस मे १ अर्थात वैशाख १९ गतेदेखि कमैया मुक्ति अभियान चलाएकाछन् । यो आन्दोलनलाई मानव अधिकार संघ संस्था तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाले पनि सहयोग गर्दै आएका छन् ।उक्त अभियानमा लागेका कमैयाहरू वैशाख १९ गतेका दिन मे दिवस मनाउन भेला भए । यसरी भेला भएका कमैयाहरूले जुलुश सहित गएर काम गरी सकेको ज्याला दिलाई पाउँ भनी गेटा गाउँ विकास समितिमा निवेदन बुझाए । उनीहरूले दिएको निवेदन वैशाख २३ गते गाविसमा दर्ता भयो । शिवराज पन्तका १९ जना कमैयाहरूको माग पुरा गर्ने सम्बन्धमा गाविसले निर्णय दिन नसकेपछि कमैयाहरू जिल्ला प्रशासन कार्यालय पुगेका थिए । उनीहरूले बाँधा जीवनबाट मुक्ति पाउँ भनी जिल्ला प्रशासन कार्यालय कैलालीमा निवेदन दिई न्यायको माग गरेका छन् । आन्दोलनमा संलग्न कमैयाहरूले बाँधाबाट मुक्ति पाउनु पर्ने, सौकी मिनाहा हुनु पर्ने, न्यूनतम ज्याला पाउनु पर्ने, घरबासको व्यवस्था हुनुपर्ने र शान्ति सुरक्षा दिनुपर्ने आदि माग राखि गाविस र जिल्लामा आन्दोलन गरिरहेका छन् । शिवराज पन्तले शुरूदेखि नै आफूहरूमाथि गर्दै आएको अन्याय , शोषण दमन खप्न नसकी बाध्य भएर न्यायका लागि संघर्ष गर्नु परेको कमैयाहरू बताउँछन् । उनीहरूका अनुसार विगत ३० वर्ष देखि सोहि मालिकका घरमा अत्यन्त न्यून ज्यालामा कमैया बस्दै आएको, अनावश्यक रूपमा ऋण लगाइ श्रम खाएको, आफूहरूले पाउने ज्याला मालिकसंग माग गर्न जाँदा मारपीट गर्ने धम्की दिने गरेको दुःख व्यक्त गर्छन् । ऐलानी जग्गामा कमैयाहरू आफैले बनाएको घरबाट निकालि धम्की दिने गरेको आरोप उनीहरू लगाउँछन् । यस्ता अमानवीय व्यवहार मालिक शिवराज पन्तले आफूमाथि गर्दै आएकाले कमैयाहरू यो आन्दोलन चलाएको बताउँछन् ।

पूर्व मन्त्री शिवराज पन्तका कमैयाहरू

१. गोपाल चौधरी
२. डोठेराम चौधरी
३. ठग्गुराम चौधरी
४. जोगराम चौधरी
५. बलबहादुर कुमाल
६. पतिराम चौधरी
७. गब्बर चौधरी
८. फुलपति चौधरी
९. लप्टन चौधरी
१०. रमेश मगर
११. सखुवा चौधरी
१२. पुनुवा चौधरी
१३. विसमराज चौधरी
१४. राजदेउ चौधरी
१५. खुशीराम चौधरी
१६. मायाराम चौधरी
१७. रामलाल चौधरी
१८. तकेशु चौधरी
१९. रामबहादुर चौधरी

मालिकबाट कमैयामाथि भएको अन्याय

विक्रम संवत १९८२ वैशाख १ गते तत्कालिन राणा प्रधानमन्त्री श्री ३ चन्द्र शम्शेरको पालामा नेपालबाट वैधानिक रूपमा दास प्रथा समाप्त भैसकेको घोषणा भएता पनि मध्यपश्चिम र सुदूरपश्चिम तराईका पाँच जिल्लाहरूमा कमैया, कम्लहरी, बुकरही बर्देवा र भैस्वार आदि नामहरूले चिनिने दास प्रथाको अवशेषको रूपमा रहेको कमैया प्रथा भने यद्यपी प्रचलनमा रहेको छ। शिवराज पन्तका घरमा काम गर्दै आएका २५ बर्षिय कमैया पनुवा चौधरी आफूलाई परेको शोषण र अन्यायको कारूणिक कथा यसरी ब्यक्त गर्छन् " मेरो आमा, बुवा, दाजु मैले थाहा पाएदेखि नै शिवराज पन्तको घरमा कमैया भएर काम गरिरहेको मैले पाएँ। म पनि १० वर्षको उमेर देखि शिवराज पन्तको घरमा कमैया बसें । बिगत १५ वर्ष देखि म र आठ वर्ष देखि मेरी श्रीमती दुबै काम गर्दै आइरहेका छौं। हामी दुबै जनाले दिनमा १५ घण्टासम्म काम गर्नु पर्छ ।यसरी काम गरेबापत आफ्नै घरमा खाना खाएर बार्षिक १५ क्वीन्टल धान पाउँछौं । हामीले काम गर्न नसकेको दिन दैनिक एक सय रूपैया हर्जाना तिर्नु पर्छ । यो हर्जाना या त हाम्रो ज्यालाबाट काटिन्छ अथवा

कमैयाहरुद्वारा ध्यानाकर्षण

आज मिति ०५७ वैशाख ३० गते कैलाली जिल्लाको गेटा गाविस-३ मा बस्ने शिवराज पन्तको घरमा हामी तपशिलका कमैयाहरूले श्री ५ को सरकारबाट निर्धारण गरिएको न्युनतम ज्याला समेत नपाएको, शान्ति सुरक्षा समेत नभएको तथा कमैयाबाट मुक्त हुनको लागि जिल्ला प्रशासन कार्यालय कैलालीमा विभिन्न संघ संस्थालाई अनुरोध गर्दै निवेदन गर्न जाँदा निवेदन दर्ता नगरिएकोले हामी जस्ता गरीब निमुखा जनताले न्याय कहाँबाट पाउने हो सो कुरामा अन्योल भई भोक भोकै बस्नुपर्ने अवस्था आएको हुँदा सम्बन्धित सबैको ध्यानाकर्षण गर्न चाहन्छौं।

कमैयाहरुको नाम

राजदेव चौधरी, पुनुवा चौधरी, टकेशुर चौधरी, डोठेराम चौधरी, फुलपति चौधरी, गब्भरदास चौधरी, बलबहादुर कुमाल, पतिराम चौधरी, सखुवा चौधरी, ठग्गु चौधरी, रामबहादुर चौधरी, बिषमराज चौधरी, जोगराम चौधरी, रामलाल चौधरी, माथाराम चौधरी, रमेश मगर।

हाम्रो सौकीमा जोडिन्छ। त्यो मालिकको इच्छा अनुसार गरिन्छ । हामीले तिहारमा मात्रै एक दुई दिन कामबाट विदा पाउँछौं । खान नपुग्ने ज्याला भएकोले काम गर्दै आएका मालिकको घर छोडि अन्यत्र काम गर्न जाने इच्छा छ । तर ,कहाँ जाने ? उनी प्रश्न गर्दै भन्छन्- मेरो नाममा नेपाल अधिराज्य भरी एक धुर जग्गा पनि छैन् । आफ्नो समस्याको बारेमा उनी अगाडि भन्छन्- ऐलानी पर्ति जग्गामा मेरो घर भए पनि मालिक शिवराज पन्तले "रू. ३,८६२ रूपैया नगद र २१ क्वीन्टल ६८ किलो धान सौंकी छ, त्यो तिरेर मात्र जान दिन्छु, भागेर गएमा पिट्ने छु, भनी धम्क्याउने गर्दछन् । म एक पटक तर्सेको गोरूलाई फर्काउन नस्कदा पिटाइ खाएको संझना आउँछ । म र मेरी श्रीमतीलाई शिवराज पन्तको घरमा बाँधा भइ जबरजस्ती काम गरी जीवन बिताउन बाध्य पारिएकोले हामी त्यहाँबाट छुटकारा पाउन चाहन्छौं। " यसरी उनी मनका पीर व्यथा व्यक्त गर्दछन् । यस्तै अभिव्यक्ति शिवराज पन्तका बाँकी १८ जना कमैयाहरूको पनि छ । पुनुवा चौधरीको जस्तै पुस्तौं पुस्ता दास बाँधा जीवन बिताउने कमैयाहरूको संख्या नेपालमा उल्लेख्य छ । बाँधा जीवनबाट मुक्त हुने चाहना सबै कमैयाहरूले राख्नेका छन् । तर कमैया मुक्तिको विषय सबैका लागि चुनौतिपूर्ण बनेको छ ।

कमैयाले न्याय पाउन सकेनन्

गत महिना शिवराज पन्तका १९ जना कमैयाहरूको माग पुरा गर्ने सम्बन्धमा गाविसले निर्णय दिन नसकेपछि कमैयाहरू जिल्ला प्रशासन कार्यालय पुगेका थिए । त्यहाँ प्रमुख जिल्ला अधिकारी ताना गौतमले यो समस्या आफ्नो अधिकार क्षेत्र भित्र नपर्ने भनी कमैयाहरूको निवेदन लिन अस्विकार गरेको, निवेदन लिएर गएका व्यक्तिहरूलाई प्र. जि. अ. गौतमले अभद्र व्यबहार गरेको भनी आन्दोलनकारीहरूले सर्वजनिक गरेका छन् । प्र.जि.अ.को यसप्रकारको व्यबहार पछि यो समस्याले जटिल रूप लियो र कमैयाहरूले निवेदन दर्ता गराउन प्रमुख जिल्ला अधिकारीको कार्यालय अगाडि धर्ना शुरू गरे । यसरी न्याय मागन गएका पीडित कमैयाहरू र उनका सहयोगी संस्थाका व्यक्तिहरूमाथि भएको दुर्व्यवहारको भण्डाफोर गर्दै २०५७ जेष्ठ १ गते हजारौं कमैयाहरूले धनगढी बजारमा जुलुस प्रदर्शन गरी बिहान ११ बजे देखि अपरान्ह ५:३० बजे सम्म जिल्ला प्रशासन कार्यालयमा नारा सहित धर्ना दिए। जेष्ठ २ गते निवेदन दर्ता गराउन धर्ना दिएका कमैया र उनका समर्थकहरूलाई प्र.जि.अ. गौतमले प्रचलित ऐन नियम ,कानून अनुसार गर्ने गराउने काममा स्थानीय प्रशासन दृढ भएको भन्दै बल प्रयोग गरी हटाउने लिखित धम्की पनि दिएका थिए । करीब एक हप्ताको दबाब पछि जेठ दुइ गतकै दिन कैलाली जिल्ला प्रशासन कार्यलयमा आन्दोलनकारीहरूका प्रतिनिधिहरूसंग वार्ता भयो। वार्तामा सहमति भए अनुसार तीन गते जिल्ला प्रशासन कार्यालय कैलालीमा कमैयाहरूको निवेदन दर्ता भयो। प्रमुख जिल्ला अधिकारीबाट दुवै पक्षलाई वार्ता गराउने र कमैयाहरूको माग पूरा गराउन पहल गर्ने आश्वासन दिइएको थियो । आन्दोलनकारीहरू अगाडि भन्छन्- तर प्र.जि.अ.ले आफूले दिएको आश्वासन अनुरूप वार्ता गरेनन्। करीब एक हप्ताको दबाब पछि जिल्ला प्रशासन कार्यालयले कमैयाहरूको निवेदन बल्ल दर्ता गर्‍यो तर आवश्यक कार्वाही चलाउनको लागि भनि उक्त निवेदन श्रम कार्यालयमा पठाइ दियो । कानूनतः श्रम कार्यालयलाई न्यूनतम ज्यालादर लागू गराउने बाहेक कमैयाका अरू मागहरूका सम्बन्धमा कार्वाही चलाउने कानूनी अधिकार छैन्। श्रम कार्यालयले न्यूनतम ज्याला सम्बन्धमा उजुरी लिने र निर्णय गर्ने भनी उक्त निवेदनलाई पुनः गाविसमा पठायो । यसरी न्याय निसाफ र मुक्तिका लागि जिल्ला प्रशासन कार्यालयको ढोकामा पुगेका कमैयाहरूमाथि दमन र उपेक्षा गरियो। सरकारले यो समस्यामा ध्यान दिन चाहेन र यसबाट पन्छिन खोजेको देखियो। भूमि सुधार मन्त्री गोपाल राई कैलाली पुग्नु भयो तर कमैयाहरूसंग भेट गर्न चाहनु भएन । उहाँले सरकारले चार वर्षभित्र कमैया प्रथाको अन्त्य गर्ने भाषण गर्नु भयो । कमैयाहरूले तत्काल भोग्नु परेको समस्यालाई बेवास्ता गरी सरकारले चार वर्षपछिको सपना देखाएका कारण कमैयाहरू अहिले दुखित भएका छन् ।

कमैयाहरुको आन्दोलनलाई बिभिन्न संघ संस्थाको सहयोग

कमैयाहरूले चलाएको न्यायपूर्ण आन्दोलनलाई सहयोग गर्न कमैया सरोकार समूहसंग सम्बद्ध संस्थाहरू र अन्य स्थानीय संस्थाहरू समेतको उपस्थितिमा कमैया आन्दोलन परिचालन समिति गठन भएको छ । यस समितिले निरन्तर दवावमूलक आन्दोलनका विभिन्न कार्यक्रमलाई अगाडि बढायो। जसको फलस्वरूप कमैयाहरूले उठाएका विषयलाई कैलाली जिल्लाका सबै राजनीतिक पाटीहरूले समर्थन गर्न

धन्की फिर्ता बलिए..

संघर्षरत कमैयाहरूको मिति ०५७/३/२ को पूर्व निर्धारित कार्यक्रम अर्थात् बिहान १०-१२ बजेसम्म काली पट्टि बाँधी धर्ना शुरु हुने समयमा जिल्ला प्रशासन कार्यालय कैलालीबाट सूचना प्रकाशित गरी ५ जना कर्मचारीहरू तथा ५ जना उम्मेदवारले पत्याएका व्यक्तिहरू गरी जम्मा १० जना माथि दिनको १ बजे भित्र वार्तामा आउनु पर्ने नभाए बल प्रयोग गरिने भनी धम्कीपूर्ण भाषा प्रयोग गरी कमैया तथा सघर्षरत सम्पूर्ण मानवअधिकारवादी संस्थाहरूलाई धुर्कीमा दिएको छ। इक अधिकार उपभोग गर्न पाई भन्दा एउटा निवेदनसम्म दर्ता गर्नुपर्ने नेपाल अधिराज्यको संविधान ०४७ को धारा १२ ले दिएको शान्तिपूर्ण तरिकाले विरोध गर्ने जुलुस गर्ने संगठन स्वतन्त्रताका हकहरूलाई लत्याई उल्टै स्वेच्छाचारी दमनचाट धम्की दिने, कानूनको उल्लंघन गर्ने, जस्ता गैर कानूनी, गैर जिम्मेवारी हुनुको कारण के हो र यस्तो अधिकार प्रशासनले कसबाट पायो नो कुरा हामीहरूले बुझ्न सकेका छैनौं।

अन्तमा हामी कमैयाहरू तथा मानवअधिकारवादी संस्थाहरू यस प्रशासनको के निवेदन गर्दछौं भने तपाईं पूर्व निर्धारित मागहरू यथावत जारी गरेर प्रशासनले बल प्रयोग गर्ने भनी प्रकाशित सूचनाको धम्की दिनु भोलामा वार्ताको वातावरण उपार हुन नसक्ने कुराको जानकारी गराउँदै तासा धर्नाको कार्यक्रम जारी रहने छ।

रामबहादुर चौधरी (बेस), विसमराज चौधरी (इन्सेका), गल्लरदास चौधरी (टिनगो), जोगराम चौधरी (एनजीडास इन्नु ओ), बलबहादुर कुमाल (सेलर्ड), उमुना चौधरी, पतिराम चौधरी (ला.मा.एस.), मायाराम चौधरी (माक्रे सरस्वती), रमेश मगर (हुनाइस), राजदेव चौधरी।

सर्वदलीय सहमति

मानवीय सभ्यताको कलंकको रूपमा रहेको कमैया प्रथा नेपाल अधिराज्यको पश्चिम तराईका जिल्लाहरूमा व्याप्त रहेको थो प्रथाको अन्त्य गर्न अनिवार्य छ। कमैया प्रथा अन्तको लागि ०४६ साल देखि सम्बागत प्रयास भएको छ भनी श्री ५ को सरकारले ०४७ सालको शाही घोषणा मार्फत यो प्रथा अन्त्यको लागि आफ्नो प्रतिबद्धता जाहेर गरिसकेको पृष्ठ भूमिमा ०४७/८/१६ गते जि.वि.स. सभापति लालमणिजत पिश्रको अध्यक्षतामा कमैयाको सर्वदलीय बैठकमा जिल्ला कुरामा सहमत भई यो प्रेस विज्ञप्ति जारी गरेका छौं।

१. गत गोलियका १९ कमैया परिवारले लिएको जोकी ०५७/२/२ गते कैलाली बन्द अघिको कार्यक्रममा सम्पन्न बैठकमा सम्बन्धित किसानले कमैयाहरूबाट जोकी असूल उपर नगर्ने प्रतिबद्धता व्यक्त गरेको कुरा सार्वजनिक गर्दै जिल्लाका अन्य किसानहरूलाई समेत कमैयाहरूले लिएको जोकी स्वेच्छाले मिनाहा गर्न आग्रह गर्दछौं।

२. श्री ५ को सरकारले चालू संसदमा नै कमैया प्रथा अन्त्यको लागि कानूनी व्यवस्था लागायत जोकी मिनाहा एवं कमैयाहरूको बसोवासको आवश्यक व्यवस्था मिलाउने र्सस धर्म सार्थक कार्यक्रम ल्याउन जोडदार माग गर्दछौं।

३. धर्नामा संलग्न भई कमैयाबाट स्वतः विस्थापित हुन पुगेका १९ कमैया परिवारलाई सुकुम्बासी समस्या समाधान आयोगले अग्राधिकार दिई बसोवासको लागि उचित जग्गा शीघ्र उपलब्ध गराउन निर्देशन गर्ने।

४. जिल्लामा कमैया प्रथा उन्मूलनको लागि सरकारी-गैर सरकारी संस्था, स्थानीय निकाय एवं राजनैतिक दलहरूको निर्वाह समेत मुक्ति, मुक्ति सुधार कार्यालयले सञ्चालन गरी आफ्नो कमैया वृत्ति विकास, बसोवास कृषि सीपमा कार्यक्रमहरूको प्रभावकारिता लगायतका विषयहरूको अध्ययन गरी स्थानीय स्तर र केन्द्रीय स्तरले अल्पकालिन र दीर्घकालीन रूपमा अवलम्बन गर्नुपर्ने उपायहरूको पहिचान गरी सुझाव पेश गर्न जि.वि.स. सभापति संयोजक र राजनैतिक दल, स्थानीय पञ्चायत, श्रम, भूमिसुधार र सुकुम्बासी समस्या समाधान आयोग, गैर सरकारी संस्था, कमैया प्रतिनिधि र स्थानीय निकायको प्रतिनिधि रहको बढीमा ७ सदस्यीय सुझाव समिति गठन गर्ने। यो समितिले कमैया प्रथा उन्मूलनको लागि कैलाली घोषणापत्रको मस्यौदा एक महिनाभित्र तयार गर्ने छ।

५. गत गोलियका १९ कमैया परिवार र यसलाई सहयोग पुऱ्याउँदै आएका सम्पूर्ण शान्ति प्रेमी सघ संस्थाहरूलाई धर्ना लगायत विविध विरोध कार्यक्रमहरू कमैया सम्बन्धी कार्यक्रमहरूको कार्यान्वयनको अवस्थालाई ध्यानमा राख्दै तत्काल स्थगित गर्न आह्वान गर्दछौं।

६. सबै राजनैतिक दलका कार्यकर्ता, समर्थक, भूमिहीनलाई कमैया उन्मूलन र कृषि मजदूरको उचित न्याय दर दिलाउन जनमत गर्न आफ्नो दायित्व पहल गर्न।

बाध्य भए। कमैयाहरूको पक्षमा भएको आन्दोलनका कारण कमैयाका मालिक शिवराज पन्त अहिले आएर कमैयाको सौकी मिनाहा गरिदिन सहमत भएका छन्। तर उनी उक्त कुरा लिखित रूपमा दिन चाहदैनन्। कैलाली जिल्ला विकास समितिको अध्यक्षतामा नेपाली कांग्रेस, नेकपा (एमाले) र राप्रपाको सहभागीतामा जेठ १० गते सर्वदलीय बैठक बसी धर्नामा संलग्न भइ कमैयाबाट स्वतः विस्थापित हुन पुगेका कमैया परिवारलाई सुकुम्वासी समस्या समाधान आयोगले अग्राधिकार दिई बसोवासको लागि उचित जग्गा शीघ् उपलब्ध गराउन निर्देशन गर्ने, कमैया प्रथा उन्मूलनमा लागेका गैर सरकारी संस्था, कमैया प्रतिनिधि र स्थानीय निकायको प्रतिनिधि रहेको बढीमा १५ सदस्यीय सुझाव समिति गठन गर्ने र यसले कमैया प्रथा उन्मूलनको लागि कैलाली घोषणा पत्रको मस्यौदा एक महिना भित्र तयार गर्ने कुरामा सहमति भएको थियो। धर्ना लगायत विविध विरोध कार्यक्रमहरू, कमैया सम्बन्धी कार्यक्रमहरूको कार्यान्वयनको समस्यालाई ध्यानमा राख्दै तत्काल आन्दोलन स्थगित गर्न अनुरोध गऱ्यो।

कमैयाहरुको धर्ना स्थगित

धर्नाकारी १९ जना कमैयाहरूलाई वसोवासको व्यवस्था गर्न गराउन गेटा गा.वि.स.मा जाने सहमति भएकोले जेठ १२ गतेदेखि धर्ना स्थगित भएको थियो। कमैयाहरूले उठाएका न्यायिक मागहरू पूरा गर्ने सम्बन्धमा आन्दोलन जारी रहने कुरा प्रेस विज्ञप्ति मार्फत कमैया आन्दोलन परिचालन कमिटीले जानकारी गराएको थियो। जेठ १७ गते धनगढीमा अर्को विशाल ज्याली र विरोध सभा सम्पन्न भएको छ। जसमा राजनीतिक पार्टीका केन्द्रीय नेताहरू, मानवअधिकार संस्थाका केन्द्रीय नेताहरूले संबोधन गरेर कमैया मुक्त गर्न जोड दिएका थिए।

कमैयाहरूको आन्दोलनलाई सहयोग पुऱ्याउँदै आएका संघ संस्थाहरूको कैलालीमा १८ गते बसेको बैठकले पाँच जिल्लामा कमैया आन्दोलन परिचालन कमिटी गठन गर्ने निर्णय गरेको छ र काठमाण्डौमा केन्द्रीय स्तरको गोष्ठी गर्ने योजना बनाएको छ ।

अन्तर्राष्ट्रिय प्रतिबद्धता

संयुक्त राष्टसंघद्वारा जारी गरिएको मानव अधिकारको विश्वव्यापी घोषणापत्र सन् १९४८ , दासत्व अभिसन्धि १९२६ र उक्त दासत्व अभिसन्धिलाई संशोधन गर्ने १९५३ को प्रोटोकल , दासत्व , दास व्यापार वा दासत्व सरहका संस्था तथा प्रचलन उन्मूलन सम्बन्धि सहायक अभिसन्धिहरूले दासत्वको विरूद्धमा अन्तर्राष्ट्रिय घोषणापत्र जारि गरिसकेको छ । श्री ५ को सरकारले दासत्व उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिमा सात जनवरी १९६३ मा हस्ताक्षर गरिसकेको छ। तर पनि, सरकारले हालसम्म बाँधा प्रथा उन्मूलन सम्बन्धी कानूनको समेत निमार्ण नगर्दा कानूनको अभावमा कमैयाहरूले सहज ढंगले न्याय पाउन सकिरहेका छैनन्। ०४६सालको परिवर्तन पश्चात कमैयाहरूले आफ्नो न्याय र मुक्तिको लागि साना ठूला आन्दोलनहरू संचालन गर्दै आएका छन् । उनीहरूको त्यही प्रथाले गर्दा नै पुस्तौं पुस्तादेखि अर्काको घरमा बाँधा जीवन

बिताउँदै आएका कमैयाले प्रजातन्त्र आए पछि मात्र राष्ट्रिय र अन्तर्राष्ट्रिय चर्चा पाएको देखिन्छ ।

कमैयाको परिभाषा

सुकुम्बासी समस्या समाधान आयोग सुकुम्बासी कमैया स्थलगत सर्वेक्षण प्रतिवेदनले कमैयाको यस प्रकार परिभाषा गरेको छ- "परिवारका अन्य कुनै सदस्यले वा पूर्खाहरूले वा सामूहिक रूपमा कसै अरूले खाएको वा आफू स्वयंले खाएको ऋण बापत वा आफ्नो पूर्खाहरूले वा कसै अरूले गरेको सम्झौता अनुसार यदि आफूले वा परिवारका अन्य व्यक्ति (बच्चा, महिला, युवा, वृद्ध) ले खाएको ऋण चुक्ता नगरूञ्जेल वा गरेको सम्झौताको अवधि समाप्त नहुञ्जेलसम्म आफूले दिएको श्रमको पारिश्रमिक समेत थाहा नपाई कडा शारीरिक र मानसिक श्रम दिनुपर्ने बाध्यतामा परि आफ्नै इच्छा विपरित कार्य गर्न बाध्य कृषि कामदारलाई बाँधा मजदूर वा हलिया, कमैया भनिन्छ।"

कमैया भन्नाले जग्गा धनीकै नगदी र जिन्सी लिएर सपरिवार अर्काको जग्गा कमाउने मानिसलाई बुझाउँछ । कमैया प्रथा भित्र ९८ प्रतिशत थारू जातिका मानिस छन् । कमैयाहरूले जग्गा धनीसंग सौंकी लिई मालिकको खटनपटनमा माघीमा मौखिक सम्झौता गरी अर्काको घरमा काम गर्छन् ।

कृषि मजदूरको न्युनतम न्याला सम्बन्धमा सरकारी निर्णय

नेपालको मध्यपश्चिम तथा सुदूर पश्चिम क्षेत्रका तराईका जिल्लाहरूमा कमैया प्रथाको रूपमा दास युगको अवशेष बाँधा प्रणालीको रूपमा जीवितै भेटिन्छ। यसरी ती बाँधा कमैयाहरूको सम्पूर्ण परिवार बँधुवा भएर जमिन्दारको घरमा काम गर्दा पनि उनीहरूले जीवन यापनकालागि सधैं ऋणी बन्नुपर्ने बाध्यता छ । उनीहरूको कामको निश्चत समय निर्धारण हुन सकेको छैन। उनीहरूले अझसम्म पनि उचित ज्याला पाएका छैनन्। यसरी यस्ता कृषि श्रमिक अथवा कमैयाहरूमाथिको शोषणले उनीहरूलाई मात्र नभएर सिङ्गो राष्टको कृषि प्रणालीलाई नै प्रभाव पारेको छ । यसै तथ्यलाई मध्यनजर गर्दै कृषि श्रमिक, मजदूर संगठन, मानव अधिकार संस्थाहरू र सामाजिक क्षेत्रको आवाजलाई ध्यान दिदै श्री ५ को सरकार श्रम मन्त्रालयबाट २०५६ माघ महिना देखि लागुहुने गरी २०५६ पौष २९ मा कृषि श्रमिकको लागि दैनिक रू। ६० र प्रतिघण्टा रू. ७।५० का दरले न्यूनतम ज्याला निर्धारण भयो। कुनै ठाउँ विशेषमा श्री ५को सरकारले तोकेको न्यूनतम ज्याला भन्दा बढी ज्याला दिने प्रचलन भएमा खाइपाइ आइरहेको प्रचलित दरमा घटाउन नपाउँने व्यवथा समेत गरिएको छ। सोही बमोजिम विभिन्न जिल्ला विकास समिति र गाउँ विकास समितिका कार्यालयहरूले पनि आफ्नो जिल्ला तथा गा.वि.स. भित्र रहेका कृषि मजदुरको न्यूनतम ज्याला निर्धारण तथा कार्यान्वयन गर्दै गराउँदै आइरहेका छन् ।

एकातर्फ राष्ट्रिय स्तरमा बनेका ऐन कानूनहरू लागू हुन सकिरहेको छैन् भने अर्कोतर्फ जनता दास युगको अवशेषबाट मुक्त हुन सकिरहेका छैनन्। न्याय निसाफ र मुक्तिका लागि आवाज उठाउँदा उनीहरूमाथि दमन र उपेक्षा गरिंदैछ। देशमा प्रजातन्त्रको बहाली भएको दश वर्ष बितिसक्दा पनि न्याय निसाफको लागि आवाज उठाउने जनतामाथि गरिएको यस किसिमको दमन र उपेक्षा भनेको प्रजातन्त्र र मानव अधिकार प्रतिकै तीखो व्यङ्ग हो। यसरी जनताले श्री ५ को सरकारसंग न्याय माग्दा स्वयं प्रशासनबाटै दमन हुनु र न्यायको बदला शक्ति प्रदर्शन गर्नुले शान्ति र सुशासनको अवधारणालाई कसरी पूर्ण गर्न सक्छ भन्ने प्रश्न उब्जिएको छ ।

अतः कमैयाहरूको न्यायिक आन्दोलनमा ऐक्यबद्धता जनाउन , आन्दोलनमा सहयोग पुऱ्याउन र न्याय प्राप्तीको लागि न्याय समानता र प्रगतिको लागि आवाज उठाउने सम्पूर्ण राजनैतिक दल, सांसद, सामाजिक संघ, संस्था, मानवअधिकारकर्मी, शिक्षक, बुद्धिजीवि, विद्यार्थी, वकिल, पत्रकार, किसान मजदुर लगायत सबै पेशामा संलग्न जनसमुदायलाई कमैया र कमैया आन्दोलन परिचालन समितिले प्रेश विज्ञप्ति जारी गरी अनुरोध गरको छ । साथै यो लेख तयार पार्दासम्म कमैयाहरूको उक्त आन्दोलन जारी नै छ। सशक्त ढंगले कमैया मुक्त गराएर छाड्ने दृढताका साथ सबै कमैयाहरू र संघ संस्थाहरू जुटेका छन्

कमैया मुक्तिका लागि दबाब कार्यक्रम

श्री ५ को सरकारको नीति तथा कार्यक्रमका बारेमा अर्थमन्त्रीले बोल्दा कमैयाको नाममा रहेको सौंकी भूमिपतिहरूलाई तिरिदिने प्रस्ताव बजेट मार्फत प्रस्तुत गर्नुभएको छ। सरकारले गरेको यस प्रकारको निर्णयप्रति इन्सेक लगायतका संस्थाहरूले विरोध जनाउँदै सम्बन्धित निकायमा ज्ञापन पत्र बुझाएका छन्। सो ज्ञापन पत्रमा भनिएको छ, "असंवैधानिक ठहरिने सौकी उल्टै सरकारले भूमिपतिहरूलाई तिरिदिने प्रस्ताव संसदमा बजेट मार्फत प्रस्तुत गर्नुले हामी दुःखित भएका छौं।" जेठ २४ गते मानव अधिकार संस्थाहरू र कमैया आन्दोलनलाई सहयोग पुऱ्याउँदै आएका सामाजिक संघ संस्थाका प्रतिनिधिहरूले मानव अधिकार आयोगका अध्यक्ष नयन बहादुर खत्री, सार्वजनिक लेखा समितिका सभापति सुवास नेम्वाङ्ग, परराष्ट्र, सम्बन्ध तथा मानव अधिकार समितिका सभापति सोमप्रसाद पाण्डे र प्रमुख प्रतिपक्षी दलका नेता माधवकुमार नेपालसंग भेट गरी कमैया मुक्ति आन्दोलन परिचालन समिति कै तर्फबाट कमैयाका मागहरू पूरा गराउन पहल होस् भनी ज्ञापन पत्र बुझाएका छन्।

कमैयालाई जग्गा वितरण गर्ने निर्णय

कैलाली जिल्ला गेटा गाविस-६ चैतन्यपुरका १९ जना कमैयाहरू विगत वैशाख ३० गतेदेखि कमैया मुक्तिको आन्दोलनमा उत्रेका थिए। आन्दोलनको धर्नामा बसिरहेका १९ जना कमैयाहरूलाई पहिलो प्राथमिकताका साथ बसोबासको व्यवस्था गर्ने सर्वदलीय सहमति अनुसार आज मिति ०५७ जेठ १२ गतेका दिन सुकुम्बासी समस्या समाधान आयोग कैलालीका उपाध्यक्ष, नेपाली कांग्रेस र नेकपा (एमाले) का पार्टी प्रतिनिधिहरू तथा कमैया आन्दोलन परिचालन समितिका पदाधिकारीहरू, स्वयं कमैयाहरू र अमिन समेतको उपस्थितिमा कमैयाहरू बसिरहेका चैतन्यपुर स्थित ऐलानी जग्गाको अध्ययन (नापी) गर्दा किता नं. ११ को जग्गा उक्त १९ जना कमैयाहरूलाई वितरण गर्न उपयुक्त भएको ठहर गर्दै निजहरूलाई वितरण गर्ने निर्णय गरियो।

उपस्थिति
तेजबहादुर विष्ट, सहसंयोजक- सुकुम्बासी समस्या समाधान आयोग, कैलाली
गोविन्दराज जोशी, सचिव- नेपाली कांग्रेस, कैलाली
दिनेशचन्द्र सुबेदी, सचिव- सेती अंचल कमिटी, एमाले
डिल्लीबहादुर चौधरी, संयोजक- कमैया आन्दोलन परिचालन समिति, कैलाली तथा अध्यक्ष वेस
प्रमोद पाठक, अध्यक्ष- सि.सि.एस., कैलाली
ज्योतिलाल वन, प्रमुख- ग्रिन्सो नेपाल, मुक्ति प्रतिष्ठान
देवी बास्कोटा- संयोजक, इन्सेक धनगढी
रमेश मगर- कमैया, चैतन्यपुर
मायाराम चौधरी- कमैया, चैतन्यपुर
हरि श्रेपाडली, सचिव- ने.रा.द.स.क. संघ, कैलाली

कमैया आन्दोलन- कैलालीको घटना विवरण

२०५७ वैशाख १९ गते गेटा गा.वि.स. मा जमिन्दार शिवराज पन्तका कमैयाहरू मई दिवस मनाउने कममा भेला भए। कमैयाहरूले त्यसै दिन अफूहरूमाथि भएको अन्याय र शोषणका विषयमा छलफल गरे । बाँधाबाट मुक्ति , सौकी मिनाहा , न्यूनतम ज्याला पाउनु पर्ने , घर बासको ब्यबस्था हुनु पर्ने आदि माग राखि कमैयाहरूको जुलुस गेटा गाविसमा पुगी जमिन्दार शिवराज पन्तलाई अन्यायी घोषित गरी माग दाबी सहितको १९ जनाको निवेदन गाविस भवनमा बुझाए । तर , उक्त दिन गाविस अध्यक्षसंग भेट हुन सकेन र निवेदन दर्ता भएन । गाविस सचिवले कमैयाहरूको निवेदन बुझिलिए । त्यस दिन गाविस अध्यक्ष तीन दिनको लागि गोष्ठिमा जानु भएको थियो ।

वैशाख २३ गते गेटा गाविस अध्यक्ष सन्त बहादुर कार्कीद्वारा कमैयाहरूले वैशाख १९ गते गाविसमा बुझाएको निवेदन दर्ता भएको ।

वैशाख २५ गते जमिन्दार शिवराज पन्तलाई गाविसमा उपस्थित हुन चिठी काटेको । कमैया मुक्ति मंच, बेस, इन्सेक, सि.सि.एस., ग्रिन्सो, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ र ने.क.पा. एमाले आदिलाई गाविसले बोधार्थ दिएको थियो ।गाविसले लेखेको चिठीमा वैशाख २८ गते गाविस भवनमा कमैयाका मालिक र सामाजिक संघ संस्थालाई छलफल गर्न बोलाइएको थियो।

वैशाख २८ गते गेटा गाविस अध्यक्ष सन्त बहादुर कार्कीको अध्यक्षतामा कमैया मुक्ति सम्बन्धी बिभिन्न विषयमा छलफल गर्न विभिन्न संचार माध्यमका प्रतिनिधिहरू र कैलाली जिल्लाका कमैया मुक्ति सम्बन्धी काममा संलग्न सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरू करीब १०० जनाको उपस्थितिमा गेटा गाविसमा वैशाख २८ गते एक दिने गोष्ठी सम्पन्न भयो । त्यस दिन जमिन्दार शिवराज पन्त उपस्थित भएनन्। उक्त बैठकले गेटा गाविस वार्ड नं. ६ चैतन्यपुरका १९ जना कमैयाले दिएको निवेदन माथि छलफल गर्दा प्रत्येक

हाम्रो मुक्तिमा नै बालबच्चाको मुक्ति छ

आफ्ना माग राख्न काठमाडौं आइपुगेकी बुकरही सगनी चौधरी आफ्ना समस्याहरूलाई यसरी व्यक्त गर्दछिन्।

बचपनदेखि शिवराज पन्तको घरमा काम गर्दै आएको छु। मेरो बाजेले त्यही काम गरेका हुन्। हाम्रो ससुरा काम गरेर बितिहाले। हाम्रो टुईवटा पुस्ता कमाउँदा कमाउँदा हामी पनि समय बिल बालिसक्यो। यसरी दुई पुस्तादेखि कमैया बस्दै दुःख भोग्नु परेकाले अब आफ्नो बाल बच्चालाई कसरी कमैयाबाट मुक्त गर्ने भनेर हामी सडकमा छौं। हाम्रो मुक्ति भयो भने बालबच्चाको पनि मुक्ति हुन्छ।

सुत्केरी हुँदा हामीलाई आठ दिनको मात्र छुट्टी मिल्छ। आठ दिनको सानो बच्चालाई कपडामा बेरेर खेतमा सुताएर हामीले काम गर्नुपर्छ। उनी अगाडि भन्दछिन्- खेतमा लगेर काम गर्दै बच्चा हुर्काउँछौं। खेतमा बसाएर दुध खुवाउँदा हामीलाई नदी बगे जस्तो कति दुध आउँछ ? कति दुध खुवाउनु पर्छ तिघो बच्चालाई ? काम हर्जा भय गर्छ, भनी गालो गर्छन्। बिरामी पर्दा पनि छुट्टि पाइदैन। आफ्नो सट्टा मैले बुहारी पठाएको छु। काम गर्न नसक्दा हर्जाना काट्छन्। सुत्केरी भएको बेला खानलाई नुन, तेल, औषधी केही पनि दिदैनन्। वर्षको जम्मा १५ क्विन्टल धान मात्र हो। बालबच्चादेखि सबै परिवारलाई आफ्नै तर्फबाट खुवाउनु पर्छ।

बच्चा बिरामी पऱ्यो भने "कहाँ गईस् आज, काम हर्जा गर्छेस्" भनी हप्काउछन्। पानी होस् या घाम होस् २४ सै घण्टा काम गर्नुपर्छ। राती दुई बजेदेखि गहुँ काट्नु पर्छ। राती ट्रेक्टरको बती बालेर काम गर्नुपर्छ। दिउँसो १२ बजे खाना खान पाइन्छ। मलाई काम गर्नबाट छुट्टी मिल्दैन। हामीलाई यति धेरै दुःख छ। त्यही भएर आफ्नो माग राख्न प्रधानमन्त्री र श्रममन्त्रीलाई भेट्न काठमाडौं आएका हौं

कमैयाबाट छुट्टाछुट्टै रूपमा जिल्ला प्रशासन कार्यालय कैलालीमा निवेदन दिने निर्णय गऱ्यो। गेटा गाविस अध्यक्षको संयोजकत्वमा ९ सदस्यीय दबाब समूह गठन गरेको थियो जसमा एक जना कमैया सहित ,नेपाल पत्रकार महासंघ , ग्रिन्सो, बेस, इन्सेक, लुथरन, सि.सि.एस.र नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ रहेका छन् ।

वैशाख २९ गते ब्याकवर्ड सोसाइटी एजुकेशन (बेस) को लेटरप्याडमा १९ जना कमैयाको बेग्ला बेग्लै बयान सहित छुट्टाछुट्टै निवेदन तयार पारी जिल्ला प्रशासन कार्यालयमा बेस लगायत सामाजिक संस्थाका ब्यक्तिहरू र कमैया समेत भएर निवेदन दर्ता गर्न जाँदा प्रमुख जिल्ला अधिकारीले निवेदन लिन इन्कार गरे । प्रमुख जिल्ला अधिकारी ताना गौतमले कमैयाले ब्यक्तिगत निवेदन दिएमा मात्र लिने कुरा बताए ।

वैशाख ३० गते विहान १०:०० बजे जिल्ला प्रशासन कार्यालय कैलालीमा निवेदन दर्ता गराउन जाँदा प्रमुख जिल्ला अधिकारी ताना गौतमले उल्टै निवेदनकर्ता माथि अभद्र ब्यबहार गरे । निवेदन दर्ता नगरेपछि सबै संघ संस्थाहरूको निर्णयबाट जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना दिने कार्य शुरू भयो । त्यसै दिन बेलुका कमैया र सामाजिक संघ संस्थाको तर्फबाट छुट्टा छुट्टै प्रेश विज्ञप्ति समेत निकालियो । त्यसै गरी कैलाली जिल्लाको कमैयाको आन्दोलनका बारेमा इन्सेकका अध्यक्ष सुशिल प्याकुरेलले काठमाण्डौबाट पनि प्रेस विज्ञप्ति निकाल्नु भयो ।

वैशाख ३१ गते धर्ना जारी नै रह्यो । जेष्ठ १ गते जुलुश गर्ने तयारी गरेको ।

जेष्ठ १ गते अपिल प्रकाशित गरेको । दाङ्ग ,बाँके , बर्दिया ,कैलाली र कन्चनपुर जिल्लाका हजारौ कमैयाहरूले धनगढी बजारमा ब्यानर , प्लेकार्ड सहित नारा लगाउँदै जुलुश प्रदर्शन गरी बिहान ११:०० बजेदेखि बेलुका ५:३० बजेसम्म जिल्ला प्रशासन कार्यालय कैलालीको मूल गेटमा नारा सहित धर्ना कार्यक्रम गरे । कमैया , बिभिन्न राजनीतिक पार्टीका प्रतिनिधिहरू र सामाजिक संघ संस्थाका मानिसहरूले भाषण गरी सि.डि.यो. ले कमैयाको माग पुरा नगरेकामा बिरोध जनाए । त्यसै दिन बेलुका कमैयाको आन्दोलनमा संलग्न सबै संस्थाहरूको तर्फबाट प्रेस विज्ञप्ति निकालियो ।

जेष्ठ २ गते विहान १०:००बजेदेखि अपरान्ह १२.०० बजेसम्म मुखमा कालो पट्टी बाँधी धर्ना भयो । यसै बीच विहान १०:०० बजे जिल्ला प्रशासन कार्यालयले अपरान्ह १:०० बजे मित्र पीडित पक्षका ५ जना र उनीहरूले पत्याएका एक - एक जना गरी १० जनासंग वार्ता गर्न बोलाएको । उक्त समय मित्र सम्पर्क राख्न नआएमा त्यस कार्यालयको मूलद्वारमा बसेका धर्नाकारीहरूलाई बल प्रयोग गरी हटाउने धम्की पूर्ण सूचना प्रकाशित गरिएको । जिल्ला प्रशासन कार्यालयले धम्कीपूर्ण सूचना प्रकाशित गरेको हुनाले त्यसको विरोधमा तत्काल आन्दोलनमा संलग्न संस्थाहरूको तर्फबाट प्रेस विज्ञप्ति प्रकाशित गरियो । कमैया आन्दोलनलाई सबै क्षेत्रबाट धर्नामा सहभागी भै सहयोग गर्न कैलाली जिल्लाका राजनीतिक पार्टी, ब्यापारी, बुद्धिजिबी, शिक्षक

आदि सबैलाई पत्रचार गरेको। कमैया आन्दोलनकारीका तर्फबाट जिल्ला प्रशासन कार्यालयमा बेलुका ६:०० बजे बार्तामा गएका टोलीको विवरण – बेसबाट डिल्ली चौधरी, चुर्ण चौधरी र यज्ञ चौधरी, इन्सेकबाट – प्रेम पराजुली , सूर्यप्रकाश भट्टराई र टंक भट्टराई, ग्रिन्सोका ज्योतिलाल बन, सि.सि.एस.का दिनेश भण्डारी, टेकोफ्याटका हरि श्रीपाइली, कमैयाहरू रमेश मगर, गब्बरदास चौधरी, जोठराम चौधरी, ठग्गु चौधरी, राजदेब चौधरी, बिसमराज चौधरी र पुनुवा चौधरी जानु भएको थियो। वार्तामा ३ गते निवेदन दर्ता गरिदिने र पुनः वार्ता गर्ने गरी सकिएको थियो। इन्सेक अध्यक्ष सुशील प्याकुरेलले काठमाण्डौबाट प्रमुख प्रतिपक्षी दलका नेता माधव नेपाल, प्रधानमन्त्री, प्रतिपक्षी दल, संयुक्त जनमोर्चा लगायतका संसदमा भएका पार्टीहरूलाई संसदमा आवाज उठाउन भनी पत्र बुझाइयो र उहाँले प्रेस विज्ञप्ति जारी गर्नु भयो।

जेष्ठ ३ गते कमैया सरोकार समूहको बैठक कैलालीमा भयो। जिल्ला प्रशासन कार्यालयमा कमैया र संस्थाहरूको तर्फबाट अलग अलग निवेदन दर्ता गरिएको । जिल्ला प्रशासन कार्यालय कैलालीले कुनै कारवाही नगरी श्रम कार्यालयमा पठाएको । सि.डि.यो.ले ३:०० बजे बस्ने भनिएको बैठक स्थगित भएको जानकारी दिएको । धर्ना निरन्तर ।

जेष्ठ ४ गते कमैया सरोकार समूहको बैठक ४ गते सम्पन्न भयो । उक्त बैठकले कमैया आन्दोलनको सम्बन्धमा दबाबमुलक र कानूनी आन्दोलन संचालन गर्ने निर्णय गऱ्यो । कमैया सरोकार समुह र कमैया मुक्ति आन्दोलन परिचालन समिति कैलालीको तर्फबाट प्रेस विज्ञप्ति प्रकाशित गरी पत्रकार सम्मेलन सम्पन्न भयो । कैलाली जिल्लाका राजनीतिक पार्टीहरू ने.क.पा माले, ने.क.पा. मार्क्सवादी, रा.ज.मो. र स.ज.मो. नेपालले संयुक्त प्रेश विज्ञप्ति निकाले र ने.क.पा. एमाले जिल्ला कमिटी कैलालीद्वारा पनि विज्ञप्ति जारी गरियो ।

जेष्ठ ५ गते पिडित १९ जना कमैयाका संपूर्ण महिला वालवालिका र वृद्धहरू कालोपट्टी बाँधी अपरान्ह ३ वजे देखि ५ वजे सम्म धर्ना वसेका थिए । उनीहरूले धनगढी बजारमा आफ्नो लागि राहत संकलन गरेका थिए । राजनीतिक पार्टीहरूसंग भेटघाट ।

जेष्ठ ६ गते राहत संकलन तथा लालटिन जुलूस

जेष्ठ ८ गते महिलाहरूले थाल ठटाउँदै जुलूस निकाले । दाङ्ग ,बाँके,वर्दिया र कंचनपुर जिल्लाका जिल्ला प्रशासन कार्यालयमा ज्ञापन पत्र वुझाईयो ।

जेष्ठ ९ गते जि.वि.स. सभापतिसंग वार्ता , कृषि मजदूर संघले कमैयाका माग प्रति समर्थन जनाउदै जुलूस प्रदर्शन गरे ।

जेष्ठ १० गते वाजा गाजा सहित जुलूस प्रदर्शन भयो ।

जेष्ठ ११ गते नेपाली काँग्रेस , एमाले र रा.प्र.पा. द्वारा संयुक्त प्रेस वक्तव्य जारी ।

कमैया सरोकार समूह तथा कमैया मुक्ति आन्दोलन परिचालन समिति, कैलालीको अपिल

नेपाल कृषि प्रधान मुलुकका रूपमा परिचित छ। यहाँका साठी लाख जनता कृषिमा निर्भर छन्। त्यसमध्ये चालिस लाख मानिस आफ्नै खेतबारीमा काम गर्छन्। बाँकी बीस लाख मध्ये दश लाख मानिसको जग्गा जमिन छ। दश लाख चाँहि आफ्नो जग्गा जमिन र घरबार समेत नभएका छन्। यसरी आफ्नो अलिकति पनि भूमि र आफ्नो घरबास समेत नभएका भूमिहीन कृषिमजदूरहरू मासिक, वार्षिक तथा दैनिक ज्यालादारीको रूपमा हली, गोठाला, खेताला भएर जीवन यापन गरिरहेका छन्। यसरी कृषि मजदूरहरू असंगठित अवस्थामा रहनु, कामको निश्चित ज्याला र समयावधि समेत निर्धारण नहुनुले उनीहरूमाथि अत्यन्त चर्को रूपमा शोषण भइरहेको छ।

अझ नेपालको मध्यपश्चिम तथा सुदूर पश्चिम क्षेत्रका तराईका जिल्लाहरूमा कमैया प्रथाको रूपमा दास युगको अवशेष बाँधा प्रणाली जीवितै भेटिन्छ। यसरी ती बाँधा कमैयाहरूको सम्पूर्ण परिवार बँधुवा भएर जमिन्दारको घरमा काम गर्दा पनि उनीहरूले जीवन यापनकालागि सधैं ऋणी बन्नुपर्ने बाध्यता छ । उनीहरूको कामको निश्चित समय निर्धारण हुन सकेको छैन। उनीहरूले अझसम्म पनि उचित ज्याला पाएका छैनन्। यसरी यस्ता कृषि श्रमिक अथवा कमैयाहरूमाथिको शोषणले उनीहरूलाई मात्र नभएर सिङ्गो राष्ट्रको कृषि प्रणालीलाई नै प्रभाव पारेको छ । यसै तथ्यलाई मध्य नजर गर्दै कृषि श्रमिक, मजदूर संगठन, मानव अधिकार संस्थाहरू र सामाजिक क्षेत्रको आवाजलाई ध्यान दिदै श्री ५ को सरकार श्रम मन्त्रालयबाट २०५६ माघ महिना देखि लागुहुने गरी २०५६ पौष २९ मा कृषि श्रमिकको लागि दैनिक रू. ६०।– र प्रतिघण्टा रू ७।५० का दरले न्यूनतम ज्याला निर्धारण भयो। कुनै ठाउँ विशेषमा श्री ५को सरकारले तोकेको न्यूनतम ज्याला भन्दा बढी ज्याला दिने प्रचलन भएमा खाइपाइ आइरहेको प्रचलित दरमा घटाउन नपाउँने व्यवथा समेत गरिएको छ।

सर्वहारा, कगाल र केही पनि आफ्नो नभएका व्यक्तिबाट ऋण असुली गर्नसक्ने कानूनी प्रावधान समेत नभएको अवस्थामा वर्षौं जमिन्दारको घरमा विना मूल्य श्रम गरेर, उचित ज्याला समेत नपाएका बाँधा कमैयाहरूले तिर्नुपर्ने ऋण भन्दै जमिन्दार र सामन्तलाई नै ऋणमोचनका नाममा सरकारले रकम तिरी दिने गैह संवैधानिक घोषणा पनि बेलाबेला गर्ने गरेको छ। कमैयाको पक्षमा कार्य गर्ने नाममा जमिन्दारको पक्षपोषण गर्ने किसिमका यस्ता कार्यहरूको हामी भर्त्सना गर्दछौं। हामी श्री ५ को सरकारले कैलाली गेटाका कमैयाहरूको समस्यालाई गम्भीरता साथ लिनु पर्छ र समाधान आरम्भको पहिलो कदमको रूपमा अहिले आन्दोलनमा ओर्लिएका उन्नाईस जना कमैयाहरूलाई बाँधा जीवनबाट मुक्त गरेर उनीहरूको पुनर्स्थापनाको व्यवस्था मिलाउनु पर्छ भन्ने माग गर्दछौं। नेपालमा बाँधाश्रम प्रणाली अन्त्यको लागि कानूनको आवश्यकता रहेको कुरा कैलालीको घटनाले अझ टड्कारो बनाएको छ। त्यसैले हामी बाँधाश्रम उन्मुलन ऐन अविलम्ब बनाई त्यस अनुसार बाँधा कमैयाहरूको मुक्तिको बाटो खुलाइयोस् भन्ने जोडदार माग गर्दछौं।

विश्व एक्काइसौं शताब्दीमा प्रवेश गरिरहेको अवस्थामा १८ औं शताब्दीको दास प्रथाको अवशेषको रूपमा रहेको कमैया प्रथम नेपालका मध्यपश्चिम एवं सुदूरपश्चिम क्षेत्रबा पाँच जिल्लाहरू दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा अध्यावधि विद्यमान छ।

वि.सं. १९८२ वैशाख १ गते तत्कालीन राणा प्रधानमन्त्री श्री ३ चन्द्र शमशेरको पालामा नेपालबाट वैधानिक रूपमा दासप्रथा समाप्त भैसकेको घोषणा भएता पनि मध्य पश्चिम एवं सुदूरपश्चिमका तराईका पाँच वटा जिल्लाहरूमा कमैया, कम्लहरी, बुकरही, वर्देवा, भैंस्वार आदी नामहरूले चिनिने दास प्रथाको अवशेषको रूपमा रहेको कमैया प्रथम भने यद्यपि प्रचलनमा रहेको छ।

संयुक्त राष्ट्र संघको मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ को अभिसन्धिहरूमा, दासत्व मोचनको अभिसन्धी १९२६, दासत्व व्यापार र दास सरहका संस्था वा प्रचलन उन्मुलन गर्ने सम्बन्धको अभिसन्धी १९५६ मा नेपालले हस्ताक्षर गरिसकेको र नेपाल अधिराज्यको संविधान ०४७ को भाग ३ धारा २० मा उल्लेख भएको स्वतन्त्रताको हकमा कसैलाई बाँधा बनाउन नहुने भन्ने उल्लेख भइसकेको परिप्रेक्षमा नेपालमा कमैया प्रथा रहिरहनु नेपाल र नेपालीको गौरव एवं प्रतिष्ठा माथि प्रश्न चिन्ह खडा हुनु हो।

प्रजातान्त्रिक अभ्यास विना प्रजातन्त्र सुदृढ हुन नसक्ने तथ्यलाई स्वीकार्दै नागरिकहरूलाई सचेत गराउने र एक्काइसौं शताब्दीको नेपाल र नेपालीको गौरवमा कलंकको रूपमा रहेको कमैया प्रथालाई उन्मुलन गर्नु आज प्रत्येक नेपालीको नैतिक दायित्व रहेको छ।

१. कमैया शब्दको अर्थ र परिभाषा

कमैया शब्द थारू भाषाबाट आएको शब्द हो। त्यसकारण 'यस शब्दको अर्थ पनि थारू भाषाबाट खोज्नु सान्दर्भिक होला। काम ' उइया कमुइयाबाट कमैया भएको हो। थारू भाषामा कमुइया भन्नाले कमाउने वाला, आर्जन गर्ने वाला हुन्छ। नेपाली शब्दकोषमा कमैया शब्दको अर्थ (

कमैया सरोकार समूहको प्रेस विज्ञप्ति

पत्रकार मित्रहरू मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा क्रियारत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूले कमैया प्रथा भित्र रहेको बाँधा श्रम प्रणाली उन्मुलन गर्न कार्यगत एकता गर्दै सन् १९९६ देखि कमैया प्रथाको अन्त्यकालागि कमैया सरोकार समूह गठन गरी कमैया मुक्तिका सवालमा एकैसाथ छन् । कमैया मुक्तिको लागि अघिल्ला आन्दोलन, विभिन्न क्षेत्रमा प्रचारात्मक कार्य, कमैयाको सशक्तिकरणका लागि कार्यहरू र झालसम्म कृषि क्षेत्रसग सम्बन्धित बधुवा मजदुरहरूको लागि पर्याप्त र ठोस कानून निर्माण हुन नसकेको र भएका कानूनी व्यवस्थाहरू पनि छरपष्ट रूपमा रहकोले सो समेतको लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरसम्म प्रचार प्रसार गर्ने कार्य गरिरहेका छौं।

मानव सुविधा र सभ्यताको उच्चतम शिखरमा पुगेको एक्काइसौं शताब्दिमम्म आइपुग्दा पनि मध्यपुगिन दासताको अवस्थाबाट मुक्ति पाउनको लागि संचालन गरिएको यो आन्दोलनप्रति पूर्ण समर्थन गर्दै सरकारको गैरजिम्मेवारपूर्ण व्यवहारप्रति हामी खेद प्रकट गर्दछौं।

यस आन्दोलनलाई निर्णायक मोडमा पुऱ्याउन आन्दोलनमा संलग्न कमैया परिवारहरूको लागि राहतको व्यवस्था गर्न, कानूनी उपायको लागि सहयोग गर्न र प्रचारात्मक आन्दोलनलाई जिल्ला, केन्द्र र अन्तर्राष्ट्रिय स्तरसम्म पुऱ्याउन तथा कमैया प्रथाद्वारा प्रभावित दाङ, बाके, बर्दिया, कैलाली र कचनपुरमा समेत अभियान संचालन गरिएको छ। तत्कालको लागि कैलालीका १९ जना कमैयाहरूद्वारा न्यूनतम ज्यालाको माग गर्दै संचालन गरिरहेको संघर्षलाई उपलब्धिका साथ टुङ्गयाउन र उनीहरूले उठाएको न्यूनतम ज्याला, बाँधा जीवनबाट मुक्ति अनि बसोबासको व्यवस्था तथा सुरक्षा सम्बन्धि माग पुरा गराउन सबै पक्षबाट सहयोगको अपेक्षा गरेका छौं।

सुशील थाकुरेल
कमैया सरोकार समूहका तर्फबाट

श्रममन्त्रीलाई ज्ञापन पत्र

तीन हप्ता भन्दा बढी समयसम्म लगातार संघर्ष गर्ने पश्चात हामी कैलाली गेटा गा.वि.स. का १२ जना कमैयाहरूका लागि सुकुम्बासी समस्या समाधान आयोग मार्फत बसोबासका निम्ति जग्गा उपलब्ध हुने भएको छ । यो निश्चय पनि खुसीका कुरा हो र यसकालागि हामी श्री ५ को सरकार, प्रमुख प्रतिपक्ष लगायत सम्बन्धित सबैलाई धन्यवाद ज्ञापन गर्दछौं । तर एउटा गा.वि.स.को एउटा वडाको एकजना जमिन्दारकहाँ कमैया भएर बसेका हामी १२ जनाको बसोबासको व्यवस्था हुँदैमा नेपालमा बँधा- कमैया प्रथाको अन्त्य भएको छैन । हामी, बँधा-कमैया जीवनबाट मुक्ति पाउनु पर्छ र यो कोको पिनाका गरिएको लिखित घोषणा हुनुपर्छ भन्ने जस्ता हाम्रा ज्वलन्त माग पनि पूरा हुन बाँकी नै छन् ।

कृषि श्रमिक तथा कमैयाहरूमाथि भएको यस किसिमका शोषणले हामी मात्र नभएर सिङ्गो राष्ट्रको कृषि प्रणालीलाई नै प्रभाव परेको छ। यो कुरा जोड्दैजोड्दा साथै उल्लाइए पश्चात श्री ५ को सरकार श्रम मन्त्रालयद्वारा २०५६ माघ महिनादेखि लागू हुने गरी २०५६ पुस २६ मा कृषि श्रमिकको लागि दैनिक रू. ६०।- र प्रतिघण्टा रू. ७/५० का दरले न्यूनतम ज्यालाको निर्धारण गरियो । कुनै ठाउँ विशेषमा श्री ५ को सरकारले तोकेको न्यूनतम ज्यालाभन्दा बढी ज्यालाको दिन प्रचलन भएमा त्यो नाइ पाइ आधारहको प्रचलित दरमा बढाउन नपाउने निर्णय समेत सरकारले गऱ्यो । सरकारको उक्त निर्णयबाट हामी उत्साहित पनि भएका थियौं । तर त्यही हक हासोल गर्न खोज्दा हामी माथि जमिन्दार माथ नभई श्री ५ को सरकारको नीति- निर्णय लागू गराउने स्थानीय प्रशासन जस्तो निकायबाट समेत दमन गरियो ।

श्री ५ को सरकार र राज्य पक्षबाट जनताको पक्षमा गरिएको निर्णयको अवहेलना र पीडित पक्षहरूमाथि भएको दुर्व्यवहारको सण्डाफोर गर्दै २०५७ जेष्ठ ५ गते हामीले दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरका हजारौं कमैयाहरूको मिलेर धनगढी केबारमा जुलुस प्रदर्शन गरी बिहान ११ बजे देखि अपरान्ह साढे पाँचबजेसम्म जिल्ला प्रशासन कार्यालयमा नारा सहित धर्ना दिएौं। जसको परिणाम २०५७ जेठ ३ गते जिल्ला प्रशासन कार्यालय कैलालीमा हामी निवेदन दर्ता गर्यौं। प्रमुख जिल्ला अधिकारीबाट दुवै पक्षलाई वार्ता गराउने र कमैयाहरूको माग पूरा गराउन पहल गरिने आश्वासन प्राप्त भयो।

हामी न्यायोचित संघर्षरत दिशाप्रति रूपमा देखिएका ऐक्यबद्धता र आसारी राष्ट्रिय अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरूको पहल पश्चात् सरकारले हामी कुरा सुन्न चाहेको अनुभव पनि हामीले गरेका छौं। यस अवसरमा हामी तपाईंको नेतृत्वमा रहेको संसदीय समितिसमक्ष हामी न्यूनतम ज्यालाको प्रत्याभूति गर्दै हामी बसोबास र सुरक्षाको सम्पदी अवधारणा गरी हामीलाई बँधा जीवनबाट मुक्त गर्न सरकारलाई आवश्यक निर्देशन दिइयोस् भन्ने माग प्रस्तुत गर्न चाहन्छौं।

हामी कुराको सुनुवाई हुनेछ भन्ने पूर्ण आशा एवं विश्वासका साथ ।

उन्नाइस जना कमैयाहरूका तर्फबाट

दोतेराम चौधरी, कैलाली जिल्ला गेटा गाविस-९

सगनी चौधरी, कैलाली जिल्ला गेटा गाविस-९

राजदेव चौधरी ,कैलाली जिल्ला गेटा गाविस-९

हिरादेवी चौधरी, कैलाली जिल्ला गेटा गाविस-

१) जग्गा धनी कै नगदी वा जिन्सी कर्जा लिएर सपरिवार अर्काको जग्गा कमाउन किसानहरू वा (२) काममा साहै जोतिन सक्ने कमाइ वाल पौरुवरी, हिकमती भनिएको छ। वास्तवमा पहिलो अर्थ कमैयाको विकृत अर्थ हो जुन अर्थ आजभोलिको वास्तविक प्रचलनमा छ। दोस्रो अर्थ थारू भाषाको वास्तविक अर्थ हो। जस्को उदाहरण थारू भाषाको एउटा कहावटले स्पष्ट गर्छ- "कमैयक पुत पहाड फोरे" काम धेरै गर्न सक्ने हिम्मती मानिसले मात्र पहाड फोर्न सक्छ जुन काम कमैया पुत्रले गर्न सक्छ। यस समुदायमा कमैया भनेको वीर पुरूषार्थी, पौरुवी, हिम्मती, स्वावलम्बी र आत्मनिर्भर सक्षम मानिस हो। त्यसकारण थारू समुदायका लागि कमैया शब्द सम्मानित शब्द हो। यस्तो सम्मानित शब्द कसरी अपमानित हुन पुग्यो त? यस प्रश्नको उत्तर खोज्नका लागि थारूहरूको इतिहास बारे पनि जान्नु पर्ने जरूरी छ। किनभने हालसम्मको सर्वेक्षण अनुसार ९८ प्रतिशत थारू जातिका मानिसहरू कमैया छन् र कमैया शब्द पनि थारू भाषाबाट आएको हुनाले कमैया समस्यालाई थारू जातीय समसयासंग अलग्याएर हेर्न मिल्दैन।

२. ऐतिहासिक पृष्ठभूमि

थारूहरू को हुन् ? के हुन् ? भन्ने कुरामा इतिहासकारहरूमा मतैक्यता नभए पनि थारूहरू नेपालका आदिवासी हुन् भन्ने कुरामा विवाद देखिदैन। त्यसैगरी दाङ, थारूहरूको मूल थलो हो र दाङ उपत्यकामा थारू राजाहरूले राज्य गर्दथे भन्ने कुराका विभिन्न प्रमाणहरू छन्। थारूहरूका अन्तिम राजा दंगी शरण थिए। उनले राज्य संचालन गर्दाको दरबार रहेको ठाउँ (थुम्को) मा भग्नावशेषहरू यद्यपि भेटिन्छन्। थारू राज्यको शुरूवात र विस्तार बारे प्रशस्त प्रमाणहरू नमेटिए पनि पतनको इतिहासलाई अध्ययन गर्दा जुम्लाका बलिराजा भन्दा पनि पछिसम्म थारू राज्य थियो भन्ने कुरा थारूहरूको इतिहास थारू पुराणबाट थाहा लागेको छ। वि.सं. १४६५ ताका पहाडी सामन्तहरूको गुटबन्दी बढ्दै जाँदा जुम्ला सिंजा राज्य शक्तिशाली हुँदै गयो। त्यसैताका धेरै थारू राज्य सिंजा राज्यका राजा अशोक चल्लको अधिनमा भए। दाङको सुकौराकोट राज्यलाई पहाडी सामन्त रतन पाण्डेले आक्रमण गरी सत्ताच्युत गराएका थिए। यसरी थारू राजाको पतन पछि थारूहरू हरेक दृष्टिकोणबाट पछाडि पर्दै गए। समाजशास्त्र र वैज्ञानिक राजनैतिक शस्त्रको द्वन्दात्मक भौतिकवादको सिद्धान्त अनुसार " जुन समुदायले राज्य सत्ता कब्जा गर्न सफल हुन्छ त्यो समुदाय राज्य सत्ताको आडमा आर्थिक रूपले सम्पन्न हुँने जान्छ र जुन समुदाय राज्य सत्ताबाट वञ्चित हुन्छ त्यो समुदाय राज्यसत्तामा रहने समुदायबाट हुने उत्पीडन र शोषणका कारण आर्थिक रूपमा विपन्न हुँदै जान्छ। यसरी आर्थिक

रूपमा भएको अन्तरले कालान्तरमा त्यसबाट उँच, निचको विभाजन हुन्छ। सांस्कृतिक रूपले सभ्य, असभ्य भनेर चिनाइन्छ। हुँदाहुँदा भाषा, संस्कृति, रंग, नश्ल, पेशा, व्यवसायको क्षेत्रमा समेत जातीय शोषण हुँदै जान्छ। यस्तै शोषणमा परेका थारू जातीहरू राजाबाट रैतीमा परिणत भएर रैतीबाट कमैया बन्न पुगे।

३. कमैया प्रथा उत्पत्तिका कारणहरु

आदिम साम्यवादी युगबाट दुनियाँले दास युगमा कोल्टे फेर्दा पनि थारू समुदायलाई कुनै प्रभाव परेको देखिन्न। अन्य जातीहरूको अनुपस्थितिमा उनीहरू आफ्नै साम्प्रदायिक संस्कृतिमा आरामसाथ बसिरहेका थिए। किनभने थारूहरू स्वभावतः स्वावलम्बी हुन्छन्। आफ्नो हात, पाखुरा र वर्कतले भ्याएसम्मको काम गर्न कुनै पनि थारू पछि पर्दैनन्। आफ्नो श्रममा बाँच्न पाएकोमा थारूहरू गर्व गर्छन्। थारूहरूले न कहिल्यै कसैलाई दास बनाए न त दास नै भए। यसको प्रत्यक्ष उदाहरण वि.सं. १९८२ को दासत्व मोचनलाई लिन सकिन्छ। उक्त समयमा देशव्यापी रूपमा गरिएको दासमुक्ति कार्यक्रममा एकजना थारू पनि दासबाट मुक्त भएको वा मुक्त गरिएको प्रमाण छैन। किनभने वि.सं. १९६९ को सर्भे नापीको तथ्यांक अनुसार दाङमा ९० प्रतिशत जमिन थारूहर कै थियो र थारूहरले कसैलाई दास बनाएका थिएनन्। दाङमा औलो लाग्ने हुनाले विर्तावाल र जमिन्दारहरू पनि वर्षमा मुस्किलले २/३ महिनामात्र तराईमा बस्ने हुनाले त्यति ठूलो शोषण थिएन। पहाडमा भारी बोकाएर लैजाने तथा आफू तराईमा भएको बेलामा निःशुल्क काम गराउने प्रचलन भने व्यापक थियो। ००७ सालमा राणा शासन समाप्ति पछि "जस्को जोत उस्को पोत" भन्ने नारा लाग्यो। विर्ता जमिन्दारीमा बसेका थारूहरू खुशी भए तर जोत्नेको जग्गा हुनु त के थारूहरूसंग भएको जग्गाबाट समेत बंचित हुँदै गए। ००७ सालदेखि ०१७ को १० वर्षमा थारूहरूको धेरै जग्गा अन्य जातिका मानिसहरूले हड्पे। यस्तो हुनुको प्रमुख कारण राजनैतिक परिवर्तनको कारण थियो। राजनैतिक परिवर्तनको साथसाथै सरकारी कामकाजमा भएको प्रशासनिक परिवर्तनलाई बुझ्न नसक्नु र अड्डा अदालतमा पहुँच नहुनु वा आफ्नो हकदावी गर्न नसक्नु नै जग्गा गुमाउनुको प्रमुख कारण थियो। यसरी जग्गा सम्पत्ति गुमाउनु परेकामा थारूहरूमा विद्रोहको भावना जाग्नु पनि स्वभाविक हो। यसैताका थारूहरूले दाङमा धेरै विद्रोह गरेका थिए। दाङको बेलुवा बन्जाडी काण्ड यसको ज्वलन्त उदाहरण हो। ०१८ देखि ०२८ को १० वर्षमा थारूहरूमाथि चरम शोषण भयो। यसो हुनुको प्रमुख कारण दाङबाट औंलो उन्मुलन हुनु र ०२१ को भूमि सुधार लागु हुनु थियो। दाङबाट औलो उन्मुलन भैसकेपछि दाङका उब्जाउ भूमिबाट लोभिएका पहाडतिरका अन्य जातिका मानिसहरूको दाङतिर ओइरालो लाग्न थाल्यो। सोझा थारू जातिका मानिसहरूले अन्य जातिसंग प्रतिस्पर्धा गर्न सकेनन्। हुन त भूमि सम्बन्धी ऐन ०२१ को उद्देश्य नेपाल एक कृषि प्रधान देश भएकोले कृषि नै देशको मेरूदण्ड भएकाले कृषि उत्पादनमा वृद्धि गरी राष्ट्रिय आन्दानीमा वृद्धि गर्नु थियो। तर त्यस व्यवस्थाले नेपालका नागरिकहरूलाई दुई दर्जामा विभाजन गऱ्यो-

(क) जग्गाधनी - उत्पादनको स्रोत साधनको मालिक।

(ख) मोही जोताहा - उत्पादन गर्ने यन्त्र वा दास।

माथि नै उल्लेख गरी सकियो कि थारूहरू धेरैजसो ०२१ साल पहिले नै जग्गाको स्वामित्वबाट बंचित भैसकेका केही जग्गावाला थारूहरू पनि जाली फटाहाहरूको कुचालमा परी रातारात जग्गाधनीबाट मोहीमा परिणत भए। जमिन्दार वर्गले हदबन्दी भन्दा बढी जग्गा आफ्ना नातेदारहरूका नाममा गराए। मोही थारूहरूलाई निःशुल्क काम गराउने, चौकुर पचकुर शर्त परिवर्तन गरी अँधीया सर्त बनाउने, मोही बेदखली गर्ने, अनिवार्य निःशुल्क काम गराउने, झारा टन्टा बेठवेगार जस्ता कार्यले ०१८ देखि ०२८ सालको १० वर्षमा ६९१२४ जनाको ठूलो संख्यामा थारूहरू दाङबाट (बुढान) बाँके, बर्दिया, कैलाली, कंचनपुर जिल्लामा विस्थापित भए। यसरी दाङबाट स्वतन्त्रताको स्वोजीमा बाँके, बर्दिया, कैलाली र कंचनपुर जिल्लामा आएका धेरैजसो थारूहरू अहिलेसम्म पनि कमैया नै छन्।

४. कमैयाहरुको अवस्था

वेसको तथ्यांक ०५१ अनुसार कमैया बस्ने गरेका ९८ प्रतिशत थारू जातिका मानिस छन्। दाङ, बाँके, बर्दिया, कैलाली, कंचनपुरको कूल जनसंख्याको ३७ प्रतिशत अर्थात् ५,८७,९९३ थारू जातिका मानिसहरू पहिलो स्थानमा रहेका छन्। थारू जाति मध्येका २०.०३ प्रतिशत (१,१९,२१०) कमैया परिवारको कूल जनसंख्या रहेको छ भने ३५८७४ कमैया छन्। २९,२०४ जना कमैयाहरूको आफ्नो स्वामित्व भएको जग्गा छैन। १,९१६० जनाको आफ्नो घर जग्गा छैन। कञ्चनपुर जिल्लाको कूल जनसंख्या २,५७,९०६ को २७.४ प्रतिशत (७०,५४४) थारू जातिका मानिसहरू दोस्रो स्थानमा रहेका छन्। थारू जातिको कूल जनसंख्या मध्ये २०.७० प्रतिशत (१४,६०४) कमैयाहरूको परिवार संख्या रहेको छ। ४,३७६ जना कमैया छन्। जसमध्ये ३,७१२ जना कमैयाहरूको आफ्नो स्वामित्व भएको जग्गा छैन। २,६६६ जनाको आफ्नो बस्ने घर छैन। माथि उल्लेखित ५ जिल्लामा ७५.६४ प्रतिशत थारूहरू निरक्षर छन्।

सरकारी तथा गैर सरकारी तथ्यांक अनुसार कमैयाको संख्यामा एक रूपता पाइदैन।

प्रधानमन्त्रीलाई नो संस्थाको ज्ञापन-पत्र

नेपाल अधिराज्यको संविधान ०४७ को धारा २० को उपधारा (१) ले मानिसलाई बंचवित्तन गर्न, दास तुल्याउन, बाँधा बनाउन वा कुनै किसिमले निजको इच्छा विरुद्ध काम गराउने कार्य निषेध गरेको छ। त्यस्तो कार्यलाई कानूनद्वारा दण्डनीय समेत बनाइएको छ। त्यस्ते नेपाल पक्षबाट भएको अन्तर्राष्ट्रिय दासत्व, दास व्यापार र दासत्व समान संस्था र अभ्यासहरूको उन्मुलन सम्बन्धी पूरक महासन्धिमा २५ सेप्टेम्बर १९२६ मा नेपाल सरकारले हस्ताक्षर गरिसकेको छ जसको धारा १ मा गरिएको दासत्वको परिभाषाले तिनलाई समेटे वा नसमेटेको जे भए पनि ती संस्था र अभ्यासहरूलाई प्रगतिशील रूपमा तथा यथाशक्य चाँडो पूर्ण उन्मुलन वा समाप्त गर्नका लागि सबै व्यावहारिक र आवश्यक व्यवस्थापकीय तथा अन्य उपायहरू अपनाउने छन् भनी स्पष्ट रूपमा उल्लेख गरिएको छ। मुलुकी ऐन जिउ मास्ने बेच्ने महलको ३ र ४ नम्बर अनुसार यदि त्यस्तो काम गरेमा ३ वर्षदेखि १० वर्ष कैद सजाय गर्ने कानूनी व्यवस्था रहेको छ।

यी व्यवहारले कानूनी राज्यको अवधारणालाई बलात् कुठाराघात गरेको हामीले महसुस गरेका छौं। अतः हामी मानवअधिकारकर्मी, समाजसेवी, कानून व्यवसायी, बुद्धिजीवीहरू, कैलाली जिल्ला प्रशासन कार्यालयको गैर जिम्मेवार कामको विरोध गर्दै मिति ०५७ वैशाख ३० गते गेटा गाविसका १९ जना कमैयाहरूले उठाएको मागहरू अविलम्ब पूरा गरियोस्। साथै निज प्रमुख जिल्ला अधिकारीलाई समेत आवश्यक र उचित कारवाही गरियोस् भनी जोडदार माग गर्दछौं।

मोला महत, इन्सेक
हिमप्रसाद सेडाई, एक्सन एड नेपाल, नेपालगञ्ज
डा. नविन घिमिरे, सिभिक्स
गोविन्द बन्दी, मासम
श्यामलाल चौधरी, साहस
शालिकराम सापकोटा, पुनरावेदन वार एकाई नेपालगञ्ज
नमराज पुरी, जनअधिकार सरोकार अभियान केन्द्र
ठगीराम परियार, उत्पीडित समुदाय जागरण मंच, बाँके

श्री ५ को सरकार श्रम मन्त्रालयको १९९५ को तथ्यांक अनुसार दाङ, बाँके, बर्दिया, कैलाली, कंचनपुरमा १७,४३५ परिवारका ७८,१४९ मानिसमध्ये २५,७६२ जना कमैया छन्। ती कमैया मध्ये ५३ प्रतिशत सौंकी (ऋणी) बधुवा छन्। तीन चौथाई परिवारहरू वंशगत रूपले कमैया छन्। पाँचवटै जिल्लाको सरदर ऋण हेर्दा प्रति परिवार रू. ४,७८४ ऋण छ। प्रति परिवार ऋणको भार कंचनपुर जिल्लामा सबैभन्दा बढी ८,७६६ देखिन्छ भने सबैभन्दा कम बर्दिया जिल्लामा २,९१६ छ। कमैयाहरूको ऋण रकम धेरै नभए पनि खानै नपुग्ने न्यून ज्याला र अन्य आयस्रोत नहुनुका कारण उनीहरू ऋण तिर्न सक्दैनन्।

५. कमैया प्रथाबाट समाज र राष्ट्रलाई पर्ने असरहरु

५.१ कमैया प्रथा राष्ट्रिय कृषि उत्पादनको बाधक

जग्गावालाहरू जबसम्म निर्वाह मुखी कृषि प्रणालीलाई व्यावसायिक कृषि प्रणालीमा रूपान्तरण गर्दैनन् तबसम्म देशको कृषि उत्पादनमा वृद्धि हुँदैन। जग्गावाल आफूहरू खेतीमा प्रत्यक्ष संलग्न नहुने हुनाले व्यवसायिक कृषि प्रणाली व्यवसायिक हुन नसकेको हो। नवौं योजनाको दीर्घकालीन लक्ष्य प्राप्ति गर्नका लागि निर्वाह मुखी कृषिलाई व्यावसायिक कृषि प्रणालीमा रूपान्तरित गर्दै औद्योगिक विकासको अधार मजबुत गर्न नसकिने तथा रोजगार प्रवर्द्धन गरी गरीबि निवारण गर्न सकिने अवधारणालाई साकार पार्न पुरानो निर्वाहमुखी कृषि उत्पादनबाट व्यावसायिक कृषि उत्पादन गर्नका लागि कमैया प्रथाको अन्त्य गर्न जरूरी छ। निर्वाहमुखी कृषि प्रणाली सामन्ति कृषि प्रणाली हो। जग्गा धेरै हुनेलाई सामन्त भनने र कम हुनेलाई सामन्त नभन्ने भन्ने होइन, उसको व्यवहार र चरित्रले देखाउने कुरा हो। ५ विघा जग्गा भएको जग्गावालले काम गर्ने मानिसलाई रामो ज्याला दिई धेरै मान्छेहरू परिचालन गर्छन्। उन्नत तरिकाबाट खेती गरी वार्षिक १० लाखको आम्दानी गर्छ तर अर्को २५ विघा जमिन भएको जग्गावालले १० जना कमैया राख्छ। खानै नपुग्ने ज्याला दिन्छ र १ वर्षम १० लाख पनि आम्दानी गर्दैन। यसबाट २५ विघा जमिन भएको मानिसले राष्ट्रिय कृषि उत्पादनमा फाइदा पुऱ्याउन सकेन। अथवा थोरै जमिन भएको मानिसले आफ्नो निर्वाहका लागि मात्र कमैया राखेर खेती गर्छ। उसले श्रमको शोषण गर्छ भने ऊ सामन्त हुन सक्छ, तर धेरै जमिन भएको मानिसले कमैया राख्नुको साटो राम्रो ज्यालादारीमा धेरै कामदारहरू परिचलान गरेर व्यावसायिक कृषि उत्पादन गर्नुका साथै उद्योगीकरण तर्फ पनि उन्मुख हुन्छ भने ऊ राष्ट्रिय पूँजीपतिको रूपमा आफूलाई पहिचान गराउन सक्छ। अर्को कुरा कमैयाहरू थोरै ज्यालामा काम गर्न बाध्य हुन्छन्। त्यसकारण उनीहरूले राम्रोसंग काम पनि गर्दैनन्, गरी हाले पनि उनीहरूलाई खेती गर्ने नयाँ उन्नत प्रविधिबारे थाहा नहुने भएकोले कृषिमा राम्रो उत्पादन हुन सक्दैन। त्यसकारण राष्ट्रिय कृषि उत्पादनमा वृद्धि गराउनको लागि कमैया प्रथा अन्त्य गर्न जरूरी छ।

५.२ नेपाली बजारमा विदेशी श्रम शक्तिको उपस्थिति हुनु

कमैयाहरू ९८ प्रतिशत थारू जातिका छन्। थारू समुदायमा रहेको परम्परागत शिप कमैयाहरूमा पनि प्रशस्त छ। देशमा रहेको परम्परागत शिपलाई आधुनिकीकरण गरी विदेशी शक्तिसंग प्रतिस्पर्धा गर्ने वातावरण सिर्जना गर्न नसक्नु नेपाली बजारमा विदेशी श्रमशक्तिको उपस्थिति हुनु हो। कमैयाहरसंग प्रशस्त शिप हुँदाहुँदै पनि बाध्यतावस कृषि पेशामा मात्रै सीमित रहनु पर्ने भएकोले पेशागत विविधिकरण हुन सकेको छैन। यदी कमैयाहरू मौसमी कामदार वा दैनिक ज्यालादारी रूपमा काम गर्ने मजदूर भएको भए आफ्नो इच्छा अनुसारको काम गर्न पाउने थिए र थोरै सहयोगमा दक्ष जनशक्ति उत्पादन भै देशमा रहेको विदेशी श्रमशक्ति घट्न जानुका साथै देशमा रहेको बेरोजगारीको समस्यामा कमी आउने छ र देशको पूँजी विदेश जानबाट रोकिनुको साथै वैदेशिक मुद्रा आर्जन गर्नमा मद्दत पुग्नेछ।

५.३ सामाजिक विखण्डन हुन सक्ने सम्भावना

वर्तमान प्रजातान्त्रिक युगमा सबै देशका नागरिकहरू सचेत भइरहेको अवस्थामा कमैयाहरूलाई दास सरहको व्यवहार गर्नु नितान्त गलत कुरा हो। वर्तमान सन्दर्भमा कमैयाहरू सचेत भइरहेका छन्। त्यसकारण उनीहरूलाई सामान्य नागरिक सरह व्यवहार गरिएन भने समाजमा विखण्डन आउन सक्ने प्रवल सम्भावना देखिन्छ। यसले समाज र राष्ट्रलाई निश्चित रूपमा घाटा पुऱ्याउनेछ।

६. कमैयाहरुको ज्याला

कृषि कार्यका लागि कमैया राख्ने गरेको भए पनि किसानको खटन पटनमा अन्य कार्यहरू गर्न पनि कमैयाहरू बाध्य हुन्छन्। अन्य काम गरे बापत उनीहरूलाई छुट्टै ज्यालाको व्यवस्था हुँदैन। न त अन्य कुनै सुविधा नै दिइन्छ। कमैया प्रथा रहेको ५ वटा जिल्ला दाङ, बाँके, बर्दिया, कैलाली, कंचनपुरमा कमैयाहरूको ज्याला फरक फरक रहेको पाइन्छ। जसमध्ये दाङमा २५ देखि ३० मुरी (१३ देखि १६ क्विन्टल), बाँके बर्दियामा १० देखि १४ क्विन्टल, कैलालीमा १० देखि १२ क्विन्टल र कंचनपुरमा ८ देखि १० क्विन्टल रहेको पाइएको छ। दाङमा बाहेक बाँके, बर्दिया, कैलाली, कंचनपुरमा कमैया बसेपछि कमैयाकी श्रीमतीलाई कमैया कै ज्यालामा काम गर्नुपर्ने हुन्छ। जसलाई बुकरही नामबाट चिनिन्छ। बुकरहीहरूले एकजोर कपडा बाहेक केही पाउदैनन्। कमैया र बुकरहीले खानाको लागि कमैयालाई दिइएको मस्यौराबाटै खान्छन्।

कमैयाहरलाई विघा मस्यौरा र एकाध ठाउँमा बाहेक एकजोर कपडा पनि दिइदैन। चाड पर्व, भोज विवाहमा विदा दिने नदिने पनि किसान कै तजविजमा भर पर्ने हुन्छ। समाजका केही प्रतिष्ठित व्यक्तिहरूले बाहेक कमैयाहरूको औषधी उपचार पनि नगरेको पाइन्छ।

७. कमैया बन्नुका कारणहरु

७.१ अज्ञानता

कमैया बन्नुको प्रमुख कारण अज्ञानता हो। बाहिरी संसारबारे जानकारी नहुनु वा जानकारी

प्रमुख प्रतिपक्षी दलको नेता समक्ष आग्रह

श्री ५ को सरकारले ०५८ माघ १ गतेदेखि लागु हुने गरी कृषि मजदूरहरूको न्युनतम ज्याला निर्धारण गरेको महाँलाई विदितै छ। उक्त निर्धारित ज्याला बमोजिम हामीले पनि ज्याला पाउनु पर्छ। त्यसैले हाम्रा मालिक (जमिन्दार) शिवराज पन्तबाट न्युनतम ज्याला दिलाई पाउँ भनी कैलाली जिल्ला गेटा गाविसका १९ जना कमैयाले ०५७ वैशाखमा गाविसमा निवेदन गरेका थिए। गाविसले पर्याप्त कानूनी आधार र संयन्त्रको अभावमा कारवाही गर्न सकेन र सर्वदलीय बैठक गरी जिल्ला कार्यालय धनगढीमा निवेदन दिन सहयोग गर्ने निर्णय गऱ्यो। सोही अनुसार प्रमुख जिल्ला अधिकारीको कार्यालय धनगढीमा स्थानीय मानवअधिकार संस्था, गाविस र १९ जना कमैयाहरू निवेदन दिन जाँदा प्रमुख जिल्ला अधिकारी ताना गौतमले निवेदन नै नलिई दुर्व्यवहार गरी निवेदन लिन इन्कार गर्नुभयो। निवेदन लिन के कस्तो कानूनी अप्ठेरो पर्यो भनी जिज्ञासा राख्ने मानवअधिकारकर्मी र कानून व्यवसायीहरूलाई समेत रोष प्रकट गर्नुभयो।

यी व्यवहारहरूले कानूनी राज्यको अवधारणालाई बलात् कुठाराघात गरेको हामीले महसुस गरेका छौं। हामी नेकपा (एमाले) पार्टीले पीडित पक्षका लागि न्युनतम ज्याला उपलब्ध गराउन र पीडकहरूलाई आवश्यक कारवाहीको लागि उचित कदम चालोस् भनी अनुरोध गर्दछौं।

यस सन्दर्भमा हामीले प्रधानमन्त्रीज्यूलाई पठाएको पत्र समेत यसैसाथ पठाएका छौं। जनताको न्यायपूर्ण संघर्षमा तपाईको दलले सदनमा आवाज उठाई जनताको हक अधिकार प्राप्तिका लागि कार्य हुनेछ भन्ने विश्वास लिएका छौं।

सुशील प्याकुरेल
अध्यक्ष, इन्सेक

लिन नस्वोज्नु, आफ्नो हक अधिकार बारे जानकारी नहुनु वा जानकारी भएर पनि लिन नसक्नु, नाफा नोक्सान बारे लेखाजोखा गर्न नसक्नु, रूढीवादी परम्परामा विश्वास राख्नु, वा परम्परागत संस्कृति अनुसार फजुल खर्च गर्नु, नगरे समाजबाट अपहेलित वा तिरस्कृत हुनु पर्ने भएको।

७.२ दास मनोदशा/मनोवृत्ति

धेरै लामो समयदेखि जातीय उत्पीडनमा पिल्सिएका थारू जाति वा कमैयाहरू दास मनोदशाबाट ग्रसित छन्। समाजमा व्याप्त रहेको सामन्ती संस्कारका कारण कानूनद्वारा प्रदान गरिएका हकहरूलाई पनि उपयोग गर्न नसक्नु, आफूलाई कमजोर सम्झने, आत्मवलको कमी भएकोले ठूलावडाहरूको शोषणबाट मुक्त हुन नसक्नु वा शोषणको प्रतिरोध गर्न नसक्नु।

७.३ सांस्कृतिक कारण

थारूहरू आफ्नै संस्कृतिको कारणले पनि कमैया बन्न पुग्छन्। सामाजिक मर्यादा अनुसार समाजमा रहेको चलनचल्ति अनुसार खर्च गर्नुपर्ने बाध्यता थारूहरूमा हुन्छ। त्यसो गर्न नसकेको खण्डमा समाजबाट बहिस्कृत वा तिरस्कृत हुनुपर्ने भयले ऋण लिएर पनि खर्च गर्नुपर्ने हुन्छ। जस्तै चाडपर्व, भोज विवाहमा बढी खर्च गर्नु, आफूले उत्पादन गरेको वस्तु सित्तैमा अरूलाई दिनु आदि।

७.४ कानूनी विभेद

नेपाल अधिराज्यको संविधान ०४७ ले ज्यादै उच्च र विस्तृत आकांक्षा बोकेको छ। संविधानले प्रदान गरेको मौलिक हकमा समानताको हक, स्वतन्त्रताको हक, शोषण विरूद्धको हक लगायत जाति, धर्म, लिंग, धनी गरीबको आधारमा कसैलाई पनि भेदभाव नगरिने, कानून सबैका लागि समान हुने कुरा स्पष्ट गरेको छ। देशमा प्रजातन्त्र आइसक्दा पनि पंचायतकालिन गृह मन्त्रालयको ठाडो आदेशले मान्यता पाइराख्नु, अहिलेको समयमा सान्दर्भिक देखिदैन। पंचायती कालमा जातीय संरक्षणका लागि गरिएको असफल प्रयास, थारू जातिका मानिसहरूले सम्पूर्ण जग्गा बेच्न नपाउने र जग्गा बेच्नु परे जिल्ला प्रशासन कार्यालयको रोहवरमा थैली गनी गनाउ गर्नुपर्ने कुरा त्यस समयका लागि केही रूपमा सान्दर्भिक भए पनि अहिले उक्त कुराको औचित्य देखिदैन। यसबाट थारू जातिका मानिसलाई दोस्रो दर्जाको नागरिकको रूपमा व्यवहार गरेको छ। यसबाट परेका केही नकारात्मक प्रभावहरू :

- कृषि पेशामा मात्र निर्भर हुनु पर्ने वा कमैया बन्नु पर्ने, अन्य वैकल्पिक रोजगार वा व्यवसाय गर्न सक्षम भएता पनि जग्गा विक्री गर्न नपाउनाले बाध्यतावस उनीहरू अँधिया खेती गर्न वा कमैया बस्न बाध्य हुन्छन्। आजभोलि अँधीया खेती गर्नका लागि या त जिरायत जोत्नु पर्ने वा निःशुल्क काम गरिदिनु पर्ने वा एक दुई जना कमैया बसी दिनु पर्ने हुन्छ।

- सम्पत्तिमा वृद्धि हुने कम सम्भावना - एक ठाउँबाट वा एक जिल्लाबाट अर्को जिल्लामा गई बढी मूल्यमा जग्गा विक्री गरी कम मूल्यमा खरिद गर्दा हुने फाइदाबाट थारूहरू वञ्चित हुन सक्ने सम्भावना रहन्छ। आफ्नै सम्पत्ति पनि खरिद विक्री गर्न नपाउनुबाट मौलिक हकको सम्पत्ति सम्बन्धी हक खोसिएको देखिन्छ।

- राज्य संचालन गर्ने स्तरसम्म पुगिसकेका चेतनशील नागरिकहरूलाई पनि जातीयताको आधारमा दोस्रो दर्जाको नागरिक सम्झीने प्रशासनले पैसा गनी दिनु पर्ने बाध्यताले जातीयताको आधारमा समानताको हकलाई प्रभावित गरेको छ। त्यसकारण कमैया प्रथालाई उन्मुलन गर्ने नै हो अथवा थारू जातिको संरक्षण नै गर्ने हो भने राज्य स्तरबाट उनीहरूका लागि छुट्टै किसिमको कार्यक्रमको व्यवस्था गरिनु पर्छ। उनीहरूलाई निरीहको रूपमा हेरिनु हुन्न।

तालिका १ : कमैयाहरुको आम्दानी

	बाढ (मुरिमा)	बाँके (कुन्टलमा)	बर्दिया (कुन्टलमा)	कैलाली (कुन्टलमा)	कंचनपुर (कुन्टलमा)
कमैया	२७ (रू. १३२२०)	१२ (रू.१०,८००)	१२ (रू.१०,८००)	१२ (रू.१०,८००)	१० (रू.१०,९००)
कमैयाको श्रीमती	५ (रू.२४५०)	ज्याला पाउँदैनन्			

तालिका नं. २

सामान्य परिवारको खर्च (सरदर एक घरमा ४ जना)

१. चामल (१४६० के.जि.)	१ के.जि. को रू. १२ का दरले	२५,९२०.००
२. नून, तेल, बेसार, मसला	प्रतिव्यक्ति रू. ३ का दरले	४,३२०.००
३. तरकारी	प्रतिव्यक्ति रू. ४ का दरले	५,७६०.००
४. औषधि खर्च	प्रतिव्यक्ति रू. १ का दरले	१,४४०.००
५. कपडा	प्रतिव्यक्ति रू. ५७६ का दरले	२,३०४.००
६. ओढ्ने कपडा	प्रतिव्यक्ति रू. ३६० का दरले	१,४४०.००
७. चाडपर्व	प्रतिव्यक्ति रू. ६०४ का दरले	२,४१६.००
८. २ वटा बच्चाको पढाई खर्च	प्रतिव्यक्ति रू. ६८४ का दरले	१,३६८.००
	जम्मा	४४,९६८.००

८. कमैया बधुँवा हुनुका कारणहरु

८.१ हर्जाना

कमैयाहरूले दैनिक सरदर रू. २५ देखि ३६ सम्म ज्याला पाए पनि काम नगरेको दिनको ५० देखि ७० सम्म दैनिक हर्जाना काटेको पाइन्छ। यसरी काटिएको हर्जाना या त कमैयाको विधा (ज्याला) मा न्युनतम मूल्यमा कट्टा गरिन्छ। या त सौंकीमा जोडिन्छ। यसरी हर्जाना काटिनुको मतलव कमैयाहरूले विदा पाउदैनन्।

८.२ सौंकी

सौंकी नै कमैयाहरूलाई बँधुवा बनाउने मूल कारक तत्व बनेको छ। जसले गर्दा कमैयाहरूलाई उनीहरूको ईच्छा विरूद्ध काम गर्न बाध्य तुल्याएको हुन्छ। स्वान लाउन नपुग्ने न्यून ज्याला, ज्यालाको अनुपातमा दोब्बर तेब्बर काटिने हर्जानाको कारण सौंकी घट्ने सम्भावना नै रहदैन, बरू कमैयाहरूको सौंकी वर्षे पिच्छे थपिदै जान्छ। यहाँसम्मकि किसानको काम गर्दा हुने आकस्मिक दुर्घटना जस्तै लडीया गाडा भाँचिनु, गोरू राँगाको अंगभंग हुनु, यस्तो दुर्घटनाबाट भएको क्षति पनि कमैयाको सौंकीमा थप गरेको पाइएको छ। कमैयाहरूको आम्दानी र खर्चको स्थितिलाई निम्न बमोजिमको तालिकामा देखाइएको छ :

तालिका नं. ३

विदा

नव वर्ष	१ दिन
कृष्ण जन्माष्टमी	१ दिन
आइतवारी	२ दिन
दशै	७ दिन
देवारी (तिहार)	४ दिन
माघी	५ दिन
होली	४ दिन
चैते दशै	१ दिन
शनिवार	५२ दिन
जम्मा	७६ दिन

माथि दिएको तालिका अनुसार कमैयाहरको आम्दानी र खर्चको स्थितिलाई हेर्दा एउटा साधारण परिवारको खर्च रू. ४४,९६८ र एउटा कमैयाको वार्षिक आम्दानी रू. ९,००० देखि रू. १४,००० सम्म देखिन्छ। यतिमात्र आम्दानीले कुनै पनि व्यक्ति कमैया बस्नु भनेको, सौंकीमा बाँधिनु हो र सौंकीमा बाँधिनु भनेको कमैया बँधुवा हुनु हो।

एउटा ज्यालादारी अदक्ष मजदूर ७६ दिन विदा लिई घरमै बस्छ उसको दैनिक न्यूनतम ज्याला रू. ६० का दरले २९८ दिन काम गऱ्यो भने

उसले वर्षमा रू. १७,३४० कमाउँछ। कमैयाको श्रीमती र कमैयाको वार्षिक आम्दानी रू. ३४,६८० हुन जान्छ। जबकी कमैयाहरूले दैनिक १२ देखि १८ घण्टासम्म काम गरेर पनि त्यसको आधा पनि पाउदैनन्। त्यसकारण जो कोहीले पनि सजिलै अनुमान लगाउन सक्छ कि कमैया बस्नु बँधुवा हुनु हो।

९. कमैया प्रथा उन्मुलनका लागि चालिएका कदमहरु

९.१ सरकारी स्तरबाट चालिएका कदमहरु

- वि.सं. १९८१ मंसिरमा घोषणा गरिएको कार्यक्रम १९८२ वैशाख १ गते देखि लागु हुने गरी तत्कालिन प्रधानमन्त्री, श्री ३ चन्द्रशमशेर जबराबाट दासदासी प्रथा मोचन भएको घोषणा

- वि.सं. ०५१ सालमा गठित नेकपा (एमाले) को अल्पमतको सरकारले कमैयाहरूका आवासका लागि रू. १,००,००,०००।- (एक करोड) विनियोजन र तत्कालीन सुकुम्बासी समस्या समाधान आयोगबाट कमैयाहरूको औपचारिक रूपमा स्थलगत सर्वेक्षण र प्रतिवेदन सार्वजनिक गरिएको, जग्गा समेत वितरण गरिएको।

- वि.सं. ०५२ साल आश्विन महिनामा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको प्रधानमन्त्रीत्वमा गठित नेपाली कांग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टीको संयुक्त सरकार नीति र कार्यक्रममा कमैया वृत्ति विकास कार्यक्रमरू, भूमिसुधार मन्त्रालय मार्फत संचालन गरी कमैया प्रथा उन्मुलन गर्ने घोषणा।

- त्यसपछि गठन भएका प्रत्येक सरकारका नीति र कार्यक्रममा कमैया प्रथम उन्मुलनका लागि भएका घोषणाहरू।

- ०५२ सालको तथ्यांक अनुसार श्री ५ को सरकारले कमैया ऋणमोचन कार्यक्रम ल्याएको थियो। तर सो कार्यक्रमको विरोध विभिन्न सरकारी तथा गै.स.स. हरूबाट भएको कारण सो कार्यक्रम मौन रहेकोछ।

- कमैया कार्यक्रम संचालन भएका पाँच वटै जिल्लामा भूमि सुधार कार्यालयबाट कमैया समूह गठन गरी त्यस मार्फत् कमैया वृत्ति विकास कार्यक्रम संचालन गरिएको र जग्गा समेत वितरण गर्ने निर्णय भएको।

- वि.सं. ०५५ साल कार्तिक १६ गतेको श्री ५ को सरकारको निर्णय अनुसार पुष्पराज ओझाको अध्यक्षतामा गठित शाही शुक्लाफाँटा बन्यजन्तु आरक्ष विस्तार जग्गा समस्या समाधान समिति कंचनपुरले आरक्ष विस्तार क्षेत्र भित्र रहेका कमैयाहरूलाई पुर्नवास गर्ने व्यवस्था मिलाएको।

९.२ गैर सरकारी संघ, संस्था स्तरबाट चालिएका कदमहरु

- वि.सं. ०४८ सालमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बाट तीन जिल्ला कंचनपुर, कैलाली र बर्दियामा कमैयाहरूको अध्ययन र विश्लेषण गरी कमैयाहरूको विस्तृत तथ्यांक सहितको पुस्तिका तयार गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचार गरिएको। हाल पनि इन्सेक कमैया क्षेत्रमा कार्यरत छ।

- ०५१ सालमा व्याकवार्ड सोसाइटी एजुकेशन (बेस) दाङले पाँचै जिल्लामा कमैयाहरूको विस्तृत अध्ययन र विश्लेषण गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिवेदन सार्वजनिक गरेको थियो। हाल वेस संस्थाले व्यापक रूपमा कमैया कार्यक्रम संचालन गर्दै आइरहेको छ। वेसले ०५५ मा सौंकी मिनाहा अनुरोध अभियानबाट २२ जना कमैयाहरूलाई ऋण मुक्त गरायो।

- वि.सं. ०५२ सालमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा नेपालगंजमा कमैया भेला गरी कमैयाहरूको आफ्नै संगठन कमैया मुक्ति मंचको गठन गरिएको।

- दाङ, बाँके, बर्दिया, कंचनपुरमा कार्यरत कमैयासंग सरोकार राख्ने गैर सरकारी संस्थाहरूको समूह कमैया सरोकार समूहले विगत ३ वर्षदेखि कमैयाहरूको पक्षमा वकालत कार्यक्रम गर्दै आइरहेको छ।

१०. कमैया समस्या समाधानका लागि बहन गर्नुपर्ने केही भूमिकाहरु

१०.१ श्री ५ को सरकारको भूमिका

- स्थानीय निकायहरूद्वारा कमैया प्रथा विरूद्धमा निर्णय भएका ऐन, नियम र नियमावलीको कार्यान्वयनमा विशेष पहल गरिनु पर्ने,
- जग्गा र आवासको व्यवस्था हुनु पर्ने।
- सौंकी खारेजी भएको घोषणा गर्नुपर्ने।
- आयमुलक सिप विकास सम्बन्धी तालिम संचालन गर्नुपर्ने।
- तालिम प्राप्त कमैयाहरूलाई व्यवसाय संचालनका लागि विना धितो र अतिन्युन व्याजदरमा ऋण उपलब्ध गराइनु पर्ने।
- उत्पादित वस्तुको विक्रीका लागि व्यवस्था गर्नुपर्ने।
- कमैयाका बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गरी उच्च शिक्षासम्म निःशुल्क शिक्षा प्रदान गर्नुपर्ने।
- कमैया प्रथा विरूद्धको ऐन र नियमहरू बनिनु पर्ने।
- कमैयाहरूलाई कृषि मजदूरमा परिणत गरी न्युनतम ज्याला र अन्य सुविधाहरू तोकिनु पर्ने।

१०.२ गैर सरकारी संस्थाहरुको भूमिका

- मोलमोलाई गर्न सक्ने क्षमताको विकास गर्न सहयोग गर्ने।
- कमैयाहरू कै पहलबाट उनीहरूको आफ्नो संगठनको निर्णय गराउन प्रेरित एवं सहयोग गरी गैर सरकारी संस्थाहरूबाट संचालन गरिने कार्यक्रमहरू उनीहरू मार्फत् संचालन गरिनु पर्ने।
- कमैया प्रथा विरूद्ध निर्माण भएका नियम, कानुन र अन्य श्री ५ को सरकारका नीति र कार्यक्रमहरू बारेमा सचेतना अभिवृद्धि गराउने।
- मानवअधिकारको विषयमा सचेतनता अभिवृद्धि गराउने।
- उमेरको आधारमा औपचारिक र अनौपचारिक शिक्षाको लागि प्रेरित एवं आवश्यक व्यवस्था मिलाउने।

- आयमुलक शीप विकास तालिमको व्यवस्था मिलाउने।
- कमैयाहरूको आफ्नो संगठन र सरकार बीच समन्वय कायम गराउने, आवश्यक स्रोत र साधन जुटाउन प्रयास गर्ने।
- कमैयाहरूमा व्याप्त कुरीति, कुप्रथा आदि सम्बन्धी व्यापक सचेतना गराउने किसिमका कार्यक्रमहरू संचालन गर्ने।
- कमैया प्रथा सम्बन्धी समस्या विभिन्न कारणले उत्पन्न भएको हुनाले यसको मुख्य दोषी कमैया राख्ने किसानहरू मात्रै नहुने हुनाले कमैया र किसानहरूको बीचमा अनावश्यक विवादलाई न्युनिकरण गरी कमैया र किसानहरूको बीचमा समन्वय कायम गर्न सहयोग गर्ने।
- कृषि उत्पादनमा वृद्धि गराउने कार्यमा विशेष ध्यान दिने।

१०.३ कमैया राख्ने किसानहरुको भूमिका

- कमैयाहरूप्रति दास वा नोकरको भन्दा सहयोगीको रूपमा व्यवहार गर्ने।
- कैयाहरूको ज्याला परम्पराको आधारमा भन्दा उनीहरूको मेहनतको आधारमा उपयुक्त हुने किसिमले उपलब्ध गराउनु पर्ने।
- कमैयाहरूका बालबालिकाहरूलाई काममा नखटाई विद्यालय तर्फ जाने किसिमको वातावरणको सृजनामा सहयोग पुऱ्याउने।
- कमैयाको परिवार (बुकरही) लाई काममा लगाउँदा छुट्टै ज्यालाको व्यवस्था गरिनु पर्ने।
- कमैयाहरू काम गर्दाको अवस्थामा आकस्मिक दुर्घटनामा पर्दा उपचारको व्यवस्था गरिनु पर्ने र अवस्था हेरी सौंकी समेत मिनाहा गरिनु पर्ने।
- कमैया प्रथा उन्मुलनका लागि श्री ५ को सरकार र गैर सरकारी संघ संस्था माथि दबाब सृजना गर्ने।

१०.४ कमैया स्वयंको भूमिका

१. कुप्रथा र कुरितीहरू त्याग गरी शिक्षातर्फ अग्रसर हुनुपर्ने।
२. बचत गर्ने बानीको विकास गर्नुपर्ने।
३. आफ्नो संगठन निर्माणमा पहल गर्नुपर्ने।
४. सरकारी तथा गैर सरकारी संघ संस्थाद्वारा संचालित विभिन्न कार्यक्रमहरूमा सहभागी हुने।
५. राजनीतिक गतिविधिहरूमा पनि ध्यान दिनु पर्ने।
६. विभिन्न क्षेत्रहरूमा आवत जावत बढाउनु पर्ने।
७. मोलमोलाइ गर्ने क्षमताको विकास गर्ने।

११. निष्कर्ष

कुनै पनि मुलुकको प्रतिष्ठा एवं पहिचान त्यसभित्र भएका रीतिरिवाज, परम्परा, संस्कृति आदि नै हुन्छ। त्यसैमा सबैले गौरव गरिराखेका हुन्छन्। त्यसैगरी नेपाल विश्वमा वीरहरू, सगरमाथा, मठ-मन्दिर आदिहरूको शान्तीपृय राष्ट्र भनेर चिनिन्छ। विश्वमा आज पनि गोरखालीहरूको वीर गाथाहरू गुनगुनाइन्छ। यहाँका विभिन्न पुरातात्विक महत्व र कलाकृतिहरूको बारेमा चर्चाहरू हुने गर्दछन्। त्यसैले गर्दा नेपालीहरू विश्वको कुनै पनि कुनामा गए पनि हरेक क्षेत्रबाट सम्मान प्राप्त गरिरहेका छन्।

यद्यपि नेपालमा कमैया प्रथाको धेरै पुरानो परम्परा रहेको भएता पनि यसले बहुदलीय व्यवस्थाको पुर्नवहाली पश्चात् मात्रै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा चर्चा पाएको देखिन्छ। यो प्रणालीलाई कमैया प्रथा भनिएता पनि यो निश्चित रूपमा दास प्रथाको अवशेषको रूपमा रहेको अस्वीकार गर्न सकिदैन। १८ औं शताब्दीबाटै विश्वबाट प्रायः समाप्त भैसकेको प्रथा अध्यावधि नेपालमा कायमै रहनु निश्चय पनि समस्त नेपालीको गौरव र प्रतिष्ठामाथि आँच आउने विषय हो। त्यसैले यसको निराकरणका लागि नेपालका प्रत्येक क्षेत्रमा कार्यरत बुद्धिजीवी, समाजसेवी, व्यापारी किसान आदि जिम्मेवार एवं चेतनशील नागरिकको अहं दायित्व हुने कुरामा विवाद गर्नु अनुपयुक्त देखिन्छ।

(व्याकवर्ड सोसाइटी एजुकेशन वेसको कार्यपत्र)

"कमैया मुक्ति सम्वन्धि कञ्चनपुर घोषणा-पत्र २०५६"

०५६/९/३० महेन्द्रनगर, कञ्चनपुर

देश भित्र,खासै गरी कञ्चनपुर जिल्लामा सामन्ति भूदास प्रथाको अवशेषको रुपमा रहेको कमैया प्रथा बाट कमैया हरुको मुक्तिको लागी सम्वन्धि कमैया कृषि श्रमिकहरु, कमैया राख्ने जग्गा धनीहरु, गै.स.स.का प्रतिनिधिहरु, मालपोत र भुमिसुधार कार्यलयका अधिकृतहरु, प्रहरी, प्रशासन र राजनीतिक पार्टीहरु एवं गा.वि.स./ न.पा.तथा जि.वि.स.समेत स्थानीय निकायहरुको सहभागितामा मिति २०५६ पौष २९/३० गतेको सघन छलफल पछि नेपाल अधिराज्यको संविधान २०४७ भुमि सुधार ऐन, स्थानीय स्वायत्त शासन ऐन २०५५ समेतको व्यवस्था तथा २१औं शताब्दी प्रवेशको परिप्रेक्षमा मानव अधिकार र सामाजिक मर्यादा समेत कायम राख्न कमैयाहरुको मुक्तिको लागि विभिन्न तहको प्रतिवद्धता र दायित्व समेत निर्वाह गर्ने गरी "कमैया मुक्ति सम्वन्धि कञ्चनपुर घोषणा पत्र २०५६" को घोषणा तथा कार्योन्वय प्रति को प्रतिवद्धताहरु जाहेर गरेका छौं।

प्रतिवद्धताहरु :

क) कमैया कृपि मजदुरहरुको :

आफ्नो इच्छाले कमैया कृषि मजदुर बसेको अवस्थामा जग्गा धनीबाट प्राप्त गर्ने सेवा सुविधा र आफुले गर्ने कामको श्रम घण्टा, श्रम ज्याला र सेवा सुविधाको अभिलेख स्थानीय निकाय (गा.वि.स./न.पा.)मा दर्ता गराएर मात्र कमैया कृषि मजदुरको रुपमा कार्य गर्ने छौं।

ख) कमैया राख्ने जग्गा धनीको :

यथा संम्भव आफ्नो जग्गामा आफै श्रम गरी उन्नत खेती गर्ने कुरामा जोड दिने यदि संम्भव नभए मात्र कमैया कृषि मजदुर राख्ने र कमैया कृषि श्रमिक संग लिने दिने सेवा शर्त सुविधा र ज्याला तथा श्रम घण्टा बारे द्विपक्षीय लिखित सहमति अभिलेख बनाई गा. वि. स. न.पा. मा दर्ता प्रमाणित गराएर मात्र कमैया कृषि मजदुर राख्ने छौं।

ग) गैर सरकारी संध संस्था हरुको :

कमैया राख्ने किसान र कमैया श्रमिकहरुको सहमति अभिलेख बनाउने लगायत कृषि श्रमिकहरुको चेतना अभिवृद्धि, संगठन निर्माण, साना-तिना बचत तथा रोजगारीको अवसरको श्रृजना गरी कमैया कृषि मजदुरहरुलाई आत्मनिर्भर बनाउन अल्प-कालीन र दीर्घ कालीन योजना बनाई प्रयासहरु गर्ने एवं कमैया मुक्ति सम्वन्धमा स्थानीय निकायको निर्देशन अनुरुप सबै प्रकारको सहयोग गर्ने छौं।

घ) बन कार्यालयको :

कबुलियती बन, समुदायिक बन तथा कृषि वनको व्यवस्थापन गर्ने क्रममा कमैया कृषि मजदुरहरुलाई प्रथम प्राथमिकता दिई बनक्षेत्र हस्तान्तरण गर्ने तर्फ आवश्यक अविलम्ब कार्यवाही संचालन गर्ने छौं।

ङ) मालपोत र भुमिसुधार कार्यालयको :

प्रचलित ऐन कानुन बमोजिम स्थानिय निकाय बाट कार्यान्वयनका लागी प्राप्त भएका निर्णय एवं अनुरोध हरुलाई कार्यान्वयन गर्ने गराउने छौं।

च) प्रहरीको प्रशासनको :

नेपाल अधिराज्यको संविधान २०४७, स्थानीय स्वायत शासन ऐन २०५५ लगायत प्रचलित नियम कानूनहरुलाई कार्यान्वयन गराउन गरिएका कमैया कृषि श्रमिकहरुको मुक्ति सम्वन्धि नियम र निर्णयहरु लागू गराउने छौं।

छ) राजनैतिक पार्टीहरुको :

जि.वि.स.बाट निर्धारित गरिएको कृषि श्रमिकको दैनिक श्रम ज्याला (८ घण्टाको रु. ८०- का दर) ले दिलाउन सहयोग गर्न सबै पार्टीहरुले आफ्ना मातहतका सम्पूर्ण कमिटी (समिति) हरु निर्देशन जारी गर्ने छौं।

ज) स्थानीय निकायहरुको :

कमैया कृषि श्रमिक र कमैया राख्ने जग्गाधनि बिच जि.वि.स.ले तोकेको श्रम प्रकृति, श्रमघण्टा अनुसार दैनिक श्रमज्याला (८ घण्टाको रु. ८०-का दर) ले उपलब्ध हुने गरि द्विपक्षीय सहमति अभिलेख गा.वि.स./न.पा. मा दुरुस्त राख्ने पाए नपाएको अनुगमन गर्ने गराउने छौं। यदि सहमति पत्र अनुसार कार्यान्वयन नभएको भए वा पिडित पक्षबाट उजुरी पर्न आएको अवस्थामा कमैया कृषि श्रमिकलाई जि.वि.स.ले तोकेको ज्याला उपलब्ध गराउन आवश्यक कानुनी कार्यवाही गर्ने अन्य आवश्यक कार्यवाहीको लागी सम्वन्धित निकायमा लेखी पठाउने छौं।

कमैया मुक्ति अभियानमा इन्सेक

क. परिचय

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को स्थापना २०४५ सालमा भएको हो। आफ्नो स्थापनाकाल देखि नै मानवअधिकार तथा सामाजिक न्यायको निम्ति इन्सेक क्रियाशिल रहँदै आएको छ। प्रजातन्त्रको पुनर्स्थापनापछि इन्सेकले सामाजिक, आर्थिक र साँस्कृतिक अधिकारहरूलाई संरक्षण गर्ने अभियानलाई बढी महत्व दिदै आएको छ। यहि अभियान अन्तर्गत २०४८ सालमा वर्दिया, कैलाली र कञ्चनपुरमा विद्यमान रहेको कमैया प्रथाको बारेमा एक अध्ययन गरिएको थियो। यस अध्ययनबाट कमैया प्रथामित्र बाँधापन विद्यमान रहेको र कमैया प्रथा पनि बाँधापनको एक रूपमा रहेको तथ्य उजागर भयो।

ख. समस्याको पहिचान

नेपालका कृषि मजदूरहरूमा विद्यमान कमैया प्रथामित्र बाँधापन कायम छ। बाँधापनमा रहेका कमैयाहरू साहुको ऋणबाट बाँधिएका हुन्छन्। कुनै प्रयोजनको निम्ति लिइएको ऋणलाई सौँकी भनिन्छ। यही सौँकी बाँधा भएर बस्नुपर्ने वाध्यता बन्दछ। सौँकी खाने कमैया मात्र बाँधा नभई उसको परिवारका सदस्यहरू बुक्रही, कमलरी, गवार, छेकवार आदि भएर वस्न वाध्य छन्। उनीहरूको श्रमको मूल्य हुँदैन। बाँधापनमा कमैयाले स्वतन्त्र रूपमा रोजगारदाता र मजदूरबीच हुने करारिय सम्बन्ध राख्न सक्तैन र बाँधा बसीरहेको घर पनि छोडेर हिंड्न सक्तैन। हाल नेपालमा यस्ता बाँधाहरूको संख्या ४१ हजार (दाङ्, बाँके, वर्दिया, कैलाली र कञ्चनपुरमा) रहेको छ भने अन्य विभिन्न जिल्लाहरूमा कार्यरत, हलिया, गोठाला, हरूवा, चरूवा जनहरू पनि यो प्रथाबाट पीडित छन् र दासत्वपूर्ण जीवन बिताइरहेका छन् भन्ने तथ्य हालसालै गरिएका अध्ययनहरूबाट प्राप्त भएका छन्।

ग. बाँधाश्रम सम्बन्धमा आकर्षित विद्यमान कानूनहरु

संविधानको धारा २० मा बाँधा बनाउन नपाउने संवैधानिक प्रावधान राखिएको छ। यस्ता कार्यलाई कानून बनाएर नियन्त्रण र दण्डनीय बनाउन सकिने व्यवस्था संविधानमा गरिएको छ। मुलुकी ऐन, जीउ मास्ने, बेच्नेको महलको ३ नं. मा यस्तो कार्य गर्नेलाई ३ देखि १० वर्षसम्म सजाय हुने व्यवस्था छ। कोही थाहा पाउने व्यक्तिको सूचनाको आधारमा प्रहरीले सरकारी वकिलको सल्लाह बमोजिम मुद्दा चलाउन सकिने व्यवस्था सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ मा गरिएको छ। माथि उल्लेखित कानूनबाहेक अन्य कानूनहरू, जस्तै - मुलुकी ऐनको ज्याला मजदुरीको महल, नागरिक तथा राजनैतिक अधिकार ऐन २०१२, जीउ मास्ने बेच्ने

नियन्त्रण ऐन २०४३ लगायत्का ऐनहरू यस प्रयोजनको निम्ति प्रभावकारी छैनन्। कुनै पनि कानूनमा बाँधा के हो र बाँधा श्रमिक कस्तो लाई जनाउँछ भन्ने परिभाषा गरिएको छैन। यस्तो परिस्थितिमा बाँधा श्रमको अन्त्यको कानूनी उपाय विशेष कानून बनाउनु नै हो।

घ. इन्सेक के गरिरहेको छ

१. २०४८ मा सर्भे

नयाँ मुलुक भनेर चिनिने वर्दिया, कैलाली र कञ्चनपुर जिल्लाहरूमा कमैया प्रथा विद्यमान छ भन्ने तथ्यहरूलाइ पुष्टि गर्ने हिसाबले २०४८ सालमा इन्सेकले एउटा सर्भे गऱ्यो। यस सर्भेमा कमैयाप्रथामित्र मजदुरहरूको कस्ता अन्तरसम्बन्ध छन् र यसमित्र बाँधापन कसरी विद्यमान छ भन्ने बारेमा प्रश्नोत्तर, स्थलगत अध्ययन तथा अनुसन्धानबाट सूचना तथा तथ्यांकहरू संकलन गरी यस्ता तथ्य र सूचनाहरूको विश्लेषण पनि गरिएको थियो। यस अध्ययनको आधारबाट नेपालमा कमैया प्रथामित्र बाँधापन कायम छ भन्ने पुष्टि भएको थियो।

२. २०४९ मा प्रतिवेदन प्रकाशन

२०४८ सालमा गरिएको सर्भेको आधारमा २०४९ सालमा उक्त सर्भेलाई एउटा पुस्तकको रूपमा प्रकाशित गरियो। यस प्रतिवेदनमा निम्न तथ्यहरू उजागर भएका छन्। ९८.२ प्रतिशत कमैयाको आफ्नो जग्गा छैन। ७३ प्रतिशतको घर छैन। ९३.२ प्रतिशत कमैयाहरू थारू जातिका छन्। १५.५ प्रतिशत कमैयाहरू बीस वर्षमुनिका छन्। ७५.८७ प्रतिशत कमैयाहरू ४० वर्षमुनिका छन्। ३.३ प्रतिशत कमैयाहरू चार पुस्तादेखि कमैया छन्। २१.६३ प्रतिशत तीन पुस्तादेखि र २८ प्रतिशत दुई पुस्तादेखि कमैया छन्। कमैयाबाट मुक्त हुन चाहनेहरू ५५.५४ प्रतिशत छन्। ३०.६७ प्रतिशत कमैयाहरू सौँकीग्रस्त छन्। ९६.३ प्रतिशत कमैयाहरू निरक्षर छन्।

"नेपालमा कमैया प्रथा भित्र बाँधा मजदुर" विषयक प्रतिवेदन कमैया र बाँधा प्रथाको बारेमा कोशे ढुङ्गा नै सावित भएको छ। यसले थप अनुसन्धान र अन्य कार्यहरू गर्नको लागि धेरै गैह्र सरकारी तथा सरकारी निकायहरूको लागि पनि आधार पुस्तक बन्न पुग्यो।

३.२०५० मा कमैया साक्षरता तथा सचेतन कार्यक्रम

२०४८ सालमा गरिएको सर्वेक्षणको आधारमा कमैयाहरूलाई साक्षर बनाउनुपर्छ भन्ने निश्कर्षको आधारमा २०५० सालदेखि हालसम्म पनि दाङ्, बाँके, वर्दिया, कैलाली र कञ्चनपुर जिल्लाहरूमा कमैया साक्षरता तथा सचेतन कार्यक्रम संचालन भइरहेको छ। यस कार्यक्रम अन्तरगत कमैयाहरूलाई लेख्न-पढ्नका साथै उनीहरूको हक अधिकार बारे चेतना जगाउँदै संगठित हुन पनि अभिप्रेरित गरिएको छ। यसै कार्यक्रमको प्रभावबाट उनीहरू संगठित भई विभिन्न कार्यक्रमहरू संचालन गरिरहेका छन्।

४. २०५० मा सर्वोच्च अदालतमा मुद्दा दायर

इन्सेकका अध्यक्ष सुशील प्याकुरेलले इन्सेक आफैले गरेको अध्ययनको आधारमा नेपालका पश्चिम तराईका पाँचवटा जिल्लाहरूमा कमैया प्रथा र यस कमैया प्रथामित्र बाँधा श्रम विद्यमान भएको र यो एक प्रकारको दासत्व भएको तथा नेपालले दासत्व विरूद्धको महासन्धिलाई अनुमोदन पनि गरेको र संविधानको धारा २० मा शोषण विरूद्धको हकमा बाँधा बनाउन नपाइने अधिकारलाई मौलिक अधिकारमा कायम गरेको

परिप्रेक्षमा हाल नेपालमा प्रचलित कानूनहरू, मुलुकी ऐनको जीउ मास्ने बेच्नेको महल, कायान्वयन हुन नसकेको र अन्य कानूनी प्रावधानहरू यो प्रयोजनको लागि नभएका हुनाले वाँधा श्रम प्रणाली उन्मूलन गर्ने प्रयोजनको लागि कार्यपालिकालाई कानून बनाउन निर्देशन सहितको परमादेश जारी गरी पाउँ भनी सर्वोच्चमा रिट दायर गर्नु भएको थियो।

५. २०५० सालमा प्रस्तावित ऐनको निर्माण

२०५० सालको भाद्र महिनामा समस्याग्रस्त क्षेत्र भएका वर्दिया र कैलाली जिल्लामा स्थानीय निकाय, राजनीतिक पार्टी, प्रशासनिक निकाय, कानून व्यवसायी, पत्रकार र मानवअधिकारवादी कार्यकर्ता तथा समाजसेवीहरूको बीचमा गोष्ठी गरी वाँधा श्रम उन्मूलन गर्न कानूनको आवश्यकता छ, छैन भनी सुझाव संकलन गर्ने प्रयोजनका लागि एक अन्तरक्रिया कार्यक्रम गरियो। यसै अन्तरक्रियालाई आधार बनाएर प्रस्तावित वाँधा श्रम प्रणाली उन्मूलन ऐन, २०५० बनाई सांसदहरूलाई संसदमा कानून बनाउन लबिङ्ग गरिएको थियो। यही प्रक्रिया अन्तरगत माननीय श्री केशव वडालले संसदमा संकल्प प्रस्ताव पेश समेत गर्नु भएको थियो।

६. २०५१ मा कमैया मुक्ति अभियानको संचालन

यस अभियान अन्तरगत कमैयाहरूलाई जागरूक गराई उनीहरूको संगठन निर्माण गर्ने उद्देश्यका साथ कमैयाहरूलाई भेला गराउने, अभिप्रेरित र आन्दोलित गर्ने कार्यहरू सम्पन्न गरिए। यसको परिणाम स्वरूप २०५१ सालमा कमैया मुक्ति अभियानको कार्यसमिति निर्माण गरियो।

७. २०५२ मा कमैया मुक्ति मञ्चको गठन

कमैया मुक्ति अभियानको आयोजनामा २०५२ सालमा नेपालगञ्जमा कमैयाहरूको राष्ट्रिय भेला गरियो। यस राष्ट्रिय भेलामा समस्या ग्रसित पाँचवटा जिल्लाका ३०० कमैया प्रतिनिधिहरूले भाग लिएका थिए। यस भेलाले कमैया

इन्सेक सेवाका १० वर्ष insec

मानवअधिकार घोषणा पत्रको पचास वर्ष

मिति : ०५६/९/२३

संयुक्त प्रेस विज्ञप्ति

इन्सेकले विगत दश वर्षभन्दा लामो समयदेखि नेपालका कतिपय जिल्लाहरूमा कमैया प्रथा अन्तर्गत विद्यमान वाँधा श्रमको उन्मूलनका निम्ति गरी आएको प्रयास अब नयाँ चरणमा पुगेको छ। नेपालमा वाँधा श्रमको स्पष्ट कानूनी परिभाषा तय गरी त्यसको पूर्णतः निषेध गर्ने कानूनको आवश्यकताका सम्बन्धमा आम रूपमा मतैक्य कायम भएको देखिएको छ। सर्वप्रथम हामी यसका लागि सन्तोष व्यक्त गर्दछौं। साथै यस क्रममा हामीलाई सहयोग गर्नुहुने सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।

इन्सेक र एण्टी स्लेभरी इन्टरन्याशनलको संयुक्त पहलमा नेपालमा वाँधा श्रमको स्पष्ट परिभाषा र वाँधा श्रमको निषेध गर्ने कानूनको आवश्यकताका सम्बन्धमा संचालित विशेष अभियान अन्तरगत भहिलेसम्म आयोजित कार्यक्रमहरूले नेपाली समाजको ध्यान यस दिशामा अझ आकर्षित गरेको छ। गत पुस २१ गते सम्पन्न "नेपालमा वाँधा श्रम : राष्ट्रिय अन्तर्राष्ट्रिय कानूनी संयन्त्र" विषयक गोष्ठीका निष्कर्षहरू सहित प्रधानमन्त्री, प्रधानन्यायाधिश, सभामुख र राष्ट्रिय सभाका अध्यक्ष समक्ष गएको उच्चस्तरीय अन्तर्राष्ट्रिय प्रतिनिधि मण्डलले अत्यन्त सकारात्मक आश्वासन पाएको छ।

नेपाल लगायत भारत, पाकिस्तान, जापान र वेलायतका वरिष्ठ मानवअधिकार व्यक्तित्वहरूको सहभागितामा भएको उक्त गोष्ठीले इन्सेक र एण्टी स्लेभरीद्वारा नेपालमा वाँधा श्रमको स्पष्ट परिभाषा गरी त्यसलाई निषेध गर्ने कानूनको आवश्यकताका सम्बन्धमा उठाईदै आएको कुरामा पुनः जोड दिएको थियो।

गएको पुस २१ गते अपरान्ह प्रधानमन्त्रीसंग उहाँके निवास बालुवाटारमा भेटी अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र वेलायत स्थित विश्वको सबभन्दा पुरानो मानवअधिकार संस्था एण्टी स्लेभरी इन्टरनेशनलको संयुक्त प्रतिनिधि मण्डलले नेपालमा वाँधा श्रमको उन्मूलनका लागि प्रभावकारी कानूनी व्यवस्था हुनुपर्ने कुरामा जोड दिएको थियो। कुराकानीका क्रममा प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले इन्सेकद्वारा मसौदा गरिएको त्यस सम्बन्धी कानूनको प्रारूप आफूले अध्ययन चाहेको बताउनु भएको थियो। उहाँले आउँदो साढे दुई महिना भित्रमा त्यस सम्बन्धी कानूनको तर्जुमा गर्ने प्रयोजनका निम्ति एक उच्च स्तरीय आयोग बनाउने र त्यसमा मानवअधिकार क्षेत्रका प्रतिनिधि र प्रतिपक्षी सांसदहरूलाई पनि समावेश गर्नुपर्ने पक्षमा आफू रहेको कुरा पनि बताउनु भएको थियो।

संयुक्त राष्ट्र संघीय वाँधा श्रम सम्बन्धी विश्वकोषका अध्यक्ष स्वामी अग्नीवेश, वेलायतको माथिल्लो सदनका सदस्य अर्ल अफ स्याण्डवीच जोन माण्टागू, समकालीन विश्वको वाँधा श्रम स्थितिका विशेषज्ञ डा. केविन वेल्स, इन्सेकका अध्यक्ष सुशील प्याकुरेल, बुराकु लिबरेशन फ्रण्ट जापानका प्राध्यापक अकियो किरीमुरा र पाकिस्तानको मानवअधिकार आयोगका कानून विशेषज्ञ महबूब खान सम्मिलित रहनु भएको उक्त प्रतिनिधि मण्डललाई प्रधानमन्त्री भट्टराईले आउँदो संसदीय अधिवेशनमा वाँधा श्रम उन्मूलन सम्बन्धी विधेयक पेश गरिने कुरामा विश्वस्त रहन भन्नु भएको थियो।

प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले प्रतिनिधि मण्डलसंग व्यक्त गर्नुभएको वाँधा श्रमको उन्मूलनका निम्ति कानून बनाउने प्रतिवद्धतालाई अघि बढाउनु पर्ने राय सभामुख र राष्ट्रिय सभाका अध्यक्षले व्यक्त गर्नुभयो। सभामुख तारानाथ रानाभाटले प्रतिनिधि मण्डलसंग इन्सेकद्वारा तयार पारिएको विधेयकको प्रारूप समाज कल्याण मन्त्रालयमा प्रस्तुत गर्न सुझाव दिंदै उक्त प्रारूपलाई कानूनको रूप दिन आफूले यथाशक्य सहयोग गर्ने कुरा बताउनु भयो। त्यसरी समाज कल्याण मन्त्रालयमा पठाइने मस्यौदालाई कानून मन्त्रालय हुँदै सरकार मार्फत सदनमा पेश गर्न सकिने कुरा उहाँले बताउनु भयो। राष्ट्रिय सभाका अध्यक्ष मोहम्मद मोहसिनले कानून तर्जुमा गर्ने सवालमा आफूले पूर्ण पहल गर्ने कुरामा जोड दिनु भयो। प्रधानन्यायाधीश केशवप्रसाद उपाध्यायले वाँधा श्रमको स्पष्ट परिभाषा प्रस्तुत गर्ने र त्यस्तो श्रमलाई निषेध गर्ने कानूनको तर्जुमा गर्ने प्रक्रियालाई अघि बढाउने कुरामा इन्सेक जस्ता संस्थाहरू अग्रसर हुनुपर्ने राय व्यक्त गर्नुभयो।

इन्सेक र एण्टी स्लेभरीको संयुक्त प्रतिनिधि मण्डलले अन्तर्राष्ट्रिय श्रम संगठनका कतिपय अभिसन्धिहरूमा नेपालले हस्ताक्षर गर्न वाँकी रहेको कुरा पनि अवगत गराएको थियो।

वाँधा श्रमको स्पष्ट परिभाषा तय गरी वाँधा श्रमको पूर्णतः निषेध गर्ने कानून बनाउन इन्सेक र एण्टी स्लेभरीद्वारा संचालित अभियानले श्री ५ को सरकार, संसद लगायत विविध क्षेत्रका वौद्धिक व्यक्तित्वहरूको राम्रो सहयोग पाएकोमा हामी ज्यादै उत्साहित भएका छौं। प्रधानमन्त्री भट्टराई, प्रधान न्यायाधिश केशव प्रसाद उपाध्याय, सभामुख तारानाथ रानाभाट र राष्ट्रिय सभाका अध्यक्ष मोहम्मद मोहसिनले यस विषयमा दर्शाउनु भएको चासो र तदारूकतापूर्ति हामी विशेष रूपमा आभारी छौं। यस क्रममा हरक्षण हामी संगयंगै रहनु भएका पत्रकार मित्रहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं।

सदा ऐक्यबद्धताको अपेक्षा सहित,

डा. केविन वेल्स
एण्टी स्लेभरी इन्टरनेशनल

सुशील प्याकुरेल
अध्यक्ष
इन्सेक

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
स्युचाटार-४ कलंकी (नीलो घर), काठमाडौं नेपाल, पोष्ट बक्स : २७२६
टेलिफोन : २७०७७० / २७८७७० • फ्याक्स : २७०५५१
e-mail: insec@mos.com.np

मुक्तिका विभिन्न प्रस्तावहरू पारित गर्नुका साथै एक कमैया आन्दोलनको कार्यदिशा पनि तय गरेको थियो। यसै भेलाले कमैया मुक्ति अभियानलाई कमैया मुक्ति मञ्च नामाकरण गरी नयाँ नेतृत्व चयन गरेको थियो। हालसम्म पनि यो मञ्च कमैयाको हक हितको लागि क्रियाशील छ र नेपाल ट्रेड यूनियन महासंघ (जिफण्ट) संग आवद्धता ग्रहण गरेको छ।

८. कमैया बालबालिका तथा व्यावसायिक शिक्षा २०५२

बालमजदुर निवारणको प्रयोजनको लागि २०५२ सालमा इन्सेकले अन्तर्राष्ट्रिय श्रम संगठनको सहयोगमा वर्दिया, कैलाली र कञ्चनपुर जिल्लाका ४२० कमैया बालबालिकालाई विभिन्न ठाउँहरूमा भेला गरी अनौपचारिक शिक्षा प्रदान गरियो। नौ महिनासम्म अनौपचारिक शिक्षा पाएका वा साथ कमैया बालबालिकालाई सरकारी विद्यालयमा भर्ना गर्ने काम गरियो। यो कार्यक्रम हालसम्म पनि निरन्तररूपमा सञ्चालित छ। अनौपचारिक शिक्षामा सहभागी भएका १२ वर्ष माथिका बालबालिकाहरूलाई स्कूल भर्ना नगरी २० जनालाई कपाल काट्ने र साइकिल मर्मत गर्ने तालिम प्रदान गरी उनीहरूलाई व्यावसायिक कार्यमा सरिक गराइएको छ। हाल उनीहरू आत्मनिर्भर भई व्यवसाय संचालन गरिरहेका छन्। अहिले पनि प्रत्येक वर्ष यो कार्यक्रम संचालन भइरहेको छ।

९. २०५३ मा कमैया सरोकार समूहको गठन

२०५३ साल भाद्रमा इन्सेक र युनिसेफको संयुक्त आयोजनामा कमैया क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह सरकारी संस्थाहरू, श्री ५ को सरकारको सम्बन्धित निकाय, कमैया, जमिन्दार, कानून व्यवसायी, पत्रकार लगायत कमैया समस्यामा सरोकार राख्ने व्यक्ति अथवा संस्थाहरूको सहभागितामा नेपालगञ्जमा एक कार्यशाला गोष्ठी सम्पन्न गरियो। उक्त गोष्ठीले कमैयाहरूको समस्याको पहिचान गर्नुका साथै सामुहिक रूपमा कमैया मुक्तिको लागि "कार्ययोजना" तयार गऱ्यो। यसै गोष्ठीले उक्त कार्ययोजना कार्यान्वयन गर्नको लागि एक कमैया कार्यदलको गठन गऱ्यो। उक्त कार्यदललाई केही समयपछि बैठकबाट कमैया सरोकार समूहको नामाकरण गरी उद्देश्य र लक्ष्यहरू पनि निर्धारण गरियो। हालसम्म यो समूह क्रियाशील रहेको छ। यसले राष्ट्रिय नीति निर्माण र क्षेत्रीय कार्यक्रम संचालनमा प्रभावकारी भूमिका निर्वाह गरी रहेको छ। यस समूहको संयोजनकारी भूमिका इन्सेकले गरिरहेको छ र सचिवालय इन्सेकमा नै रहेको छ। यसले गरेका कार्यहरू -

(क) अनुरोध कार्यक्रम

कमैया सरोकार समूहको बैठकबाट निर्णय गरी कमैया राख्ने मालिकहरूलाई कमैयाहरूलाई मुक्त गरिदिन अनुरोध कार्यक्रम तय गरियो। यस कार्यक्रमलाई सरोकार समूहका सबै संस्थाहरूले लागु गरे र १३ जना कमैयाहरू मुक्त भए। यस अभियानको नेतृत्व नेपाल ट्रेड यूनियन महासंघ (जिफण्ट) ले गरेको थियो।

(ख) न्यूनतम ज्यालादर निर्धारण अभियान

अनुरोध कार्यक्रमबाट मुक्त भएका कमैयाहरूलाई आत्मनिर्भर बनाउनु पर्दछ भन्ने मान्यता अन्तरगत कमैया क्षेत्रमा कृषि र घरेलु प्रयोजनका लागि काम गर्ने कामदारहरूलाई न्यूनतम ज्याला दिइनु पर्दछ भन्ने मान्यतालाई अघि बढाउन न्यूनतम ज्यालादर निर्धारण अभियान संचालन गरियो। जिफण्ट र इन्सेकले यसलाई प्रभावकारी रूपमा उठाएको र हालसालै सरकारले तुरून्तै न्यूनतम ज्यालादर निर्धारण गर्ने पनि वचनवद्धता जाहेर गरेको छ। हालसम्म पनि यो अभियान प्रभावकारी रूपमा संचालन भइरहेको छ। विशेषतः जिफण्टको यस अभियानमा प्रभावकारी भूमिका गरेको छ।

प्रेस वक्तव्य

प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले बाँधा श्रमको परिभाषा प्रस्तुत गर्ने र बाँधा श्रमलाई पूर्णतः निषेध गर्ने कानूनको निर्माणका लागि सरकार कटिबद्ध रहेको बताउनु भएको छ। त्यसरी कानूनको तर्जुमा गर्ने प्रयोजनका निम्ति आउँदो संसदीय अधिवेशनसम्ममा एउटा उच्चस्तरीय आयोगको गठन गरिने कुरा पनि उहाँले बताउनु भएको छ।

तत्कालीन प्रधानमन्त्री भट्टराईले त्यस अपराह्न आफ्ने निवास बालुवाटारमा बाँधा श्रमका विरूद्धमा कार्यरत व्यक्तित्वहरूको उच्चस्तरीय अन्तर्राष्ट्रिय प्रतिनिधि मण्डलसँगको कुराकानीका क्रममा बताउनु भएको हो। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र बेलायत स्थित विश्वको सबभन्दा पुराना मानवअधिकार संस्था एण्टी स्लेभरीको पहलमा आजदेखि नेपाल भ्रमणमा रहेको प्रतिनिधि मण्डलले प्रधानमन्त्रीसग नेपालमा बाँधा श्रमको उन्मूलनका लागि प्रभावकारी व्यवस्था हुनुपर्ने कुरामा जोड दिएको थियो।

कुराकानीका क्रममा प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले इन्सेकद्वारा मसौदा गरिएको त्यस सम्बन्धी कानूनको प्रारूप आफूले हेर्न चाहेको बताउनु भयो। उहाँले आउँदो साढे दुई महिना भित्रमा त्यस सम्बन्धी कानूनको तर्जुमा गर्ने प्रयोजनका निम्ति एक उच्च स्तरीय आयोग बनाउने र त्यसमा मानवअधिकार क्षेत्रका प्रतिनिधि र प्रतिपक्षी सांसदहरूलाई पनि समावेश गर्नुपर्ने पक्षमा आफू रहेको कुरा पनि उहाँले बताउनु भयो।

संयुक्त राष्ट्र संघीय बाँधा श्रम सम्बन्धी विशेषकोषका अध्यक्ष स्वामी अग्नीवेश, बेलायतका माथिल्लो सदनका सदस्य अर्ल अफ स्याण्डविच जोन मोण्टागु, समकालीन विश्वको बाँधा श्रम स्थितिका विशेषज्ञ डा. केवीन बल्स, इन्सेकका अध्यक्ष सुशील प्याकुरेल, बुराकु लिबरेशन जापानका किरीमुरा र पाकिस्तानको मानवअधिकार आयोगका कानून विशेषज्ञ महबुब खान सम्मिलित रहनु भएको उक्त प्रतिनिधि मण्डललाई प्रधानमन्त्री भट्टराईले आउँदो संसदीय अधिवेशनमा बाँधा श्रम उन्मूलन सम्बन्धी विधेयक पेश गर्नु पर्ने कुरामा विश्वस्त रहन भन्नु भयो।

आज बिहान पुल्चोक स्थित हिमालय होटलमा आयोजित "बाँधा श्रम उन्मुलनका लागि कानूनी संयन्त्र: राष्ट्रिय-अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू" विषयक गोष्ठीमा उल्लेखित विशेषज्ञहरूले बाँधा श्रमको उन्मूलनका निम्ति कानूनी आवश्यकताका सम्बन्धमा प्रकाश पार्नु भएको थियो। अन्तर्राष्ट्रिय प्रतिनिधि मण्डल ०५६ पुस २२ गतिसम्म नेपालमा रहेको थियो।

१०. २०५५ मा सर्वोच्च अदालतबाट मुद्दाको फैसला

२०५५ सालमा कमैयाहरूको मुक्तिको लागि कानून बनाउन कार्यकारीलाई निर्देश गरिपाउँ भनी इन्सेकका अध्यक्ष सुशील प्याकुरेलले सर्वोच्च अदालतमा दायर गर्नु भएको मुद्दाको अन्तरिम आदेश भयो। यस आदेशमा हाल श्री ५ को सरकार कमैया प्रथा र बाँधा श्रम नियन्त्रण गर्न कार्यरत रहेको र यसको निम्ति विभिन्न प्रयासहरू समेत गरिरहेको देखिएकोले हाललाई यस्तो आदेश जारी गर्नु नपर्ने भन्ने आदेश भएको छ। उल्लेखित आदेश भएपछि पनि श्री ५ को सरकारले गरेका कार्यहरूले कमैया प्रथा र बाँधा श्रम प्रणाली अन्त्य भएको मने पाइएको छैन।

११. फोर्स टु प्लो नामक पुस्तकको प्रकाशन

एण्टी स्लेभरी इन्टरनेशनल र इन्सेकको संयुक्त तत्वावधानमा नेपालमा कमैया प्रथाको अर्को अध्ययन गरियो। स्थलगत भ्रमण सहित तयार पारिएको यो पुस्तक नेपाली र अंग्रेजी दुबै भाषामा प्रकाशित भएको छ। यो पुस्तक लण्डन र काठमाडौंमा छुट्टाछुट्टै समारोहमा विमोचन गरिएको थियो। फोर्स टु प्लो नामको यो पुस्तक यस प्रथा सम्बन्धमा थप नयाँ तथ्यहरू सहित उपस्थित भएको छ।

१२. २०५६ सालमा थप अर्को अध्ययन

नेपालका अन्य जिल्लाहरूमा पनि कमैया प्रथा विद्यमान छ भन्ने तथ्यलाई पुष्टी गर्न एक थप अध्ययन गरियो। यस अध्ययनमा तराईका जिल्लाहरू, नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङ र बाँके सहित अन्य थप ३ वटा जिल्लाहरू वर्दिया, कैलाली र कञ्चनपुरमा अध्ययन अनुसन्धान गरियो। यस अध्ययनबाट तराईका अन्य जिल्लाहरूमा पनि बाँधा श्रम प्रणाली विद्यमान भएको र कमैया प्रथा भएका जिल्लाहरूमा कार्यक्रमहरू संचालन भएपछिको प्रभावकारिताको बारेमा र आएका परिवर्तनहरूको बारेमा पनि मूल्यांकन गरिएको थियो। यसै अनुसार इन्सेकले आर्थिक वर्ष ०५५/५६ देखि कपिलवस्तुमा पनि कमैया साक्षरता तथा सचेतन कार्यक्रम संचालन गर्न थालेको

छ। यस अध्ययनबाट "रिभिजिट अफ कमैया" भन्ने पुस्तक प्रकाशन गरिएको छ।

१३. हालसालै भइरहेका गतिविधिहरु

हालसम्म इन्सेक र अन्य राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ संस्थाहरूले गरेको अध्ययन , अनुसन्धान र विभिन्न कार्यहरूको समेत मूल्याङ्कन गरी कानूनबाट मात्र बाँधाश्रम प्रणालीको अन्त्य गर्न संभव छ भन्ने मान्यताको आधारमा बाँधाश्रम प्रणालीको परिभाषा र ऐनको खाका तयार पार्ने काममा इन्सेक संलग्न भएको छ।

विगतमा बनाइएको प्रस्तावित ऐनलाई पुनर्विचार गरी हालको परिस्थिति र थप नयाँ तथ्यहरूलाई सहित संलग्न गरी नयाँ प्रस्तावित ऐन बनाउने सोच रहेको छ। यस अभियान अन्तर्गत डा. शिव शर्माले बँधुवा श्रमिकहरूको परिस्थिति मूल्याङ्कन कार्यपत्र र अधिवक्ता पवन कुमार ओझाले वर्तमान कानूनी व्यवस्था र कानूनको आवश्यकता विषयमा कार्यपत्र तयार पार्नु भएको थियो। उक्त कार्यपत्रहरूमा क्षेत्रीय रूपमा नेपालगंज र विराटनगरबाट सुझावहरू संकलन गरी पुर्नलेखनका साथ २०५६ मंसिर २९ गते काठमाण्डौमा राष्ट्रिय गोष्ठीमा छलफल गरिएको थियो। यस गोष्ठीले मूलतः कमैयाहरूको वर्तमान स्थितिको पहिचान गरी अन्तर्राष्ट्रिय मान्यता र राष्ट्रिय तथ्य एवं आवश्यकताको आधारमा बाँधा श्रमको परिभाषा गर्ने र यस सम्बन्धमा नयाँ प्रस्तावित ऐन निर्माण गर्न सुझावहरू संकलन गर्ने उद्देश्य राख्नेको थियो। यस गोष्ठीबाट निसृत सुझावहरूलाई एकिकृत गरी विदेशबाट नेपाल आउने प्रतिनिधि मण्डललाई सुझावस्वरूप प्रस्तुत गरिएको थियो। उल्लेखित प्रतिनिधि मण्डलले प्रधानमन्त्री, मन्त्रीहरू, सभामुख र सांसदहरूसँग समेत भेटघाट गऱ्यो। बाँधा श्रम प्रणालीको अन्त्य गर्ने उपायका सम्बन्धमा छलफल गऱ्यो। यस अवसरमा एक सम्मेलनको आयोजना समेत सम्पन्न भयो। यस सम्मेलनमा बँधुवा मजदूर सम्बन्धी भारतीय र पाकिस्तानी अनुभवहरूलाई नेपालको बँधुवा मजदूरको अवस्थाका सम्बन्धमा तुलनात्मक अध्ययन र अनुभवहरूको साटासाट समेत गरियो।

ङ. आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारमा हाम्रो सरोकार

आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरू राज्यले नीति बनाउँदा ध्यान दिनु पर्ने विषयहरू मात्र नभइ कानूनद्वारा लागु हुनु पर्दछ भन्ने मान्यता इन्सेकको रहेको छ। विपन्न वर्गका लागि अधिकारहरूको वकालत र कार्य गर्ने अभियान अन्तरगत हाल इन्सेकले बढी आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारमा जोड दिएको छ। कानूनी राज्यको सिद्धान्तभित्रबाट बँधुवा श्रमिकहरूको समस्यालाई हेर्दा यसको प्रभावकारी उपाय भनेको नै विशेष कानूनको निर्माण गर्न अभियान चलाउनु आजको हाम्रो सरोकार र दायित्व बनेको छ। ●



न्युनतम ज्याला माग सम्बन्धमा प्रधानमन्त्रीलाई पत्र

श्री ५ को सरकार श्रम मन्त्रालयले ०५६ माघ महिनादेखि लागु हुनेगरी ०५६ पौष २९ मा कृषि श्रमिकको लागि दैनिक रू. ६०।- र प्रतिघण्टा रू. ७।५० का दरले न्युनतम ज्याला निर्धारण गरेको र कुनै ठाउँ विशेषमा श्री ५ को सरकारले तोकेको न्युनतम ज्याला भन्दा बढी ज्याला दिने प्रचलन भएमा खाईपाई आइरहेको प्रचलित ज्यालामा घटाउन नपाउने व्यवस्था समेत गरेको कुरा यहाँलाई विदितै छ।

सोही बमोजिम विभिन्न जिल्ला विकास समिति र गाउँ विकास समितिका कार्यालयहरूले पनि आफ्नो जिल्ला तथा गाविस भित्र रहेका कृषि मजदूरको न्युनतम ज्याला निर्धारण र कार्यान्वयन गर्दै गराउदै आएको समेत विदितै छ। श्री ५ को सरकार श्रम मन्त्रालयले गरेको उक्त निर्णय बमोजिम कैलाली जिल्ला गेटा गाविस-३ का जमिन्दार शिवराज पन्तको घरमा पुस्तौ-पुस्तादेखि बँधुवा मजदुरको रूपमा रहेका १९ जना कमैयाहरूले हाम्रो श्रम शोषण भएकोले न्याय पाउँ भनि गेटा गाविसको कार्यालयमा मिति ०५७ वैशाखमा निवेदन दिए। सो निवेदन उपर कुनै कारवाही हुन नसकेपछि जिल्ला प्रशासन कार्यालय, कैलालीमा निवेदन दर्ता गर्न जाँदा पीडित लगायत सहयोगीको रूपमा गएका मानवअधिकार कर्मीहरूमाथि ०५७ वैशाख ३० गते प्रमुख जिल्ला अधिकारी स्वयंबाट निवेदन दर्ता गर्न इन्कार गरी दुर्व्यवहार समेत भएको थियो।

यसरी श्री ५ को सरकारले गरेको निर्णयलाई कार्यान्वयन गराउने पक्ष प्रमुख जिल्ला अधिकारी स्वयं नै पीडितहरूको विपक्षमा रहेर जमिन्दार शिवराज पन्तको कुकार्यको पक्षपोषण गर्नुले वर्तमान सरकारको सुशासन र शान्ति सुरक्षाको कटिबद्धतालाई चोट पुऱ्याएको छ। श्री ५ को सरकार र राज्यपक्षबाट जनताको पक्षमा गरिएको निर्णयको अपहेलना र पीडित पक्षमाथि भएको दुर्व्यवहारको भण्डाफोर गर्दै निज कमैयाहरूको मुद्दा दर्ता गरी सामन्त शिवराज पन्त उपर कानूनी कारवाही गरी पाउँ भन्दै ०५७ जेठ १ गते दाङ्ग बाँके, बर्दिया, कैलाली र कञ्चनपुरका हजारौं कमैयाहरूले धनगडी बजारमा जुलुस प्रदर्शन गरी बिहान ११:०० बजेदेखि अपरान्ह ५:३० बजेसम्म जिल्ला प्रशासन कार्यालयमा नारा सहित धर्ना दिएको जानकारीमा आएको छ। यसरी कमैया (कृषिमजदुर) हरू न्याय प्राप्तिका लागि अगाडि बढेको आन्दोलनमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), व्याकवार्ड एजुकेशन सोसाईटी (वेश), कानून अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलार्ड), सृजनशील समाजको सृजना -सिसिएस), अन्तर्राष्ट्रिय ऐक्यबद्धता समूह (ग्रिन्सो), गै.स.स. महासंघ, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ (एनएनडिएसडब्लुओ), तराई सामुदायिक वन कार्यालय समूह (टेकोफ्याट), मानवअधिकार सचेतन तथा सामाजिक विकास केन्द्र (हुराड्स), मुक्ति परिषद्, मानवअधिकार संरक्षण संयुक्त मंच, मानवअधिकार तथा वातावरण संरक्षण केन्द्र समेतको ऐक्यबद्धता रहेको जानकारी गराउन चाहन्छौं। साथै कृषि मजदूरको उक्त आन्दोलनमा विभिन्न राजनैतिक पार्टीहरूले समेत आफ्नो ऐक्यबद्धता जाहेर गरी कमैयाहरूको न्यायोचित मागमा समर्थन गरेको जानकारी प्राप्त भएको छ।

देशमा प्रजातन्त्रको बहाली भएको दश वर्ष बितिसक्दा पनि उत्पीडनमा परेका जनताले न्याय नपाउनु प्रजातन्त्र र मानवअधिकारप्रति नै तिस्रो व्यंग्य भएको महसुस गरेका छौं। यसरी जनताले श्री ५ को सरकारसंग न्याय माग्दा स्वयं प्रशासनबाटै दमन गर्दै न्यायको बदला शक्ति प्रदर्शन गर्नुले शान्ति र सुशासनको अवधारणालाई कसरी पूर्ण गर्न सक्छ भन्ने प्रश्न उब्जिएको छ। तसर्थ श्री ५ को सरकारबाट उक्त अवधारणालाई मध्यनजर राख्दै सामन्त शिवराज पन्त र प्रमुख जिल्ला अधिकारी ताना गौतमलाई आवश्यक कारवाही होस् भन्ने माग राख्दै प्रजातन्त्र र मानवअधिकारको रक्षाको लागि प्रधानमन्त्रीज्यूबाट हुने सबै प्रयास र निर्णयमा इन्सेक सदैव साथ रहने छ भन्ने विश्वास दिलाउन चाहन्छौं।

- सुशील प्याकुरेल
अध्यक्ष, इन्सेक

बाँधाश्रम उन्मुलन

परिभाषा र कानूनको आवश्यकता

पवनकुमार ओझा



प्रजातन्त्रको पुनर्स्थापना संगसंगै नेपालमा जागरणको एक नयाँ युगको उदय भएको छ। समाजका हरेक वर्ग, समूह आफ्ना हक हितको स्थापना, सुरक्षा, सम्बर्द्धन र प्रबर्द्धनमा जुटेका छन्। यो क्रम समाजका कमजोर वर्गमा पनि देख्वा परेको छ।

मानवअधिकार आन्दोलन एक सशक्त आन्दोलनको रूपमा अघि बढेको छ। मानवअधिकार संस्था तथा कर्मीहरू समाजका सबै कमजोर पक्षहरूका लागि मानवअधिकारको बहाली एवं प्रत्याभूतिका लागि अथक संघर्षरत रहेका छन्।

प्रजातन्त्र पुनर्स्थापनापछिको एक दशकमा मानवअधिकार आन्दोलन एक सशक्त आर्थिक तथा सामाजिक अधिकारको आन्दोलनमा परिणत भएको छ। यस आन्दोलनले मुलुकको अनेकौं सवाललाई राष्ट्रिय समस्याको स्थानमा पुऱ्याएर सारा राष्ट्र एवं सरकारको ध्यान केन्द्रित गरेको छ। यस्ता केही सवाल मध्ये "बाँधा" श्रम प्रणाली उन्मुलनका लागि गरिएको आन्दोलन एक प्रमुख राष्ट्रिय मुद्दाको रूपमा स्थापित भएको छ।

बाँधाश्रम प्रणाली : मूल प्रश्न

कमैया प्रथाबाट शुरू भएका अध्ययनहरूले बाँधा श्रमको प्रचलन कमैया प्रथाभित्र सिमित नरही मुलुकका अन्य क्षेत्रहरूमा समेत रहेको कुरालाई उजागर गरेका छन् र यी अध्ययनले बाँधा श्रमको प्रचलन सामान्यतः कृषि क्षेत्रभित्र सीमित रहेको देखाएका छन्। कृषि श्रम प्रणालीभित्र कमैया, हलिया, हरूवा-चरूवाहरू बाँधाश्रम प्रणालीभित्र आबद्ध देखिएका छन्। अध्ययनहरूको यस निचोडले कमैया प्रथाको उन्मूलनका लागि गरिने र गर्दै आएका प्रयासको आन्दोलन बाँधाश्रम प्रणी उन्मुलन र कृषि क्षेत्र अन्तरगत शोषणयुक्त श्रम सम्बन्धको समाप्ति गरेर दुई भागमा स्पष्ट विभाजित हुन पुगेको छ।

बाँधा भन्नु वस्तुतः दास वा कमारा सरहको स्थिति हो। यो मानव सम्बन्धमा ज्यादै हीन अवस्था अर्थात् पशुवत अवस्थाको द्योतक मानिन्छ। बाँधापनमा रहने मानिसका कुनै अधिकार हुन सक्दैनन्। उनीहरू कर्तव्यबाट मात्र लादिएका हुन्छन्। अर्कोतर्फ मालिकसंग अधिकार मात्र हुन्छ र उसले बाँधाप्रति कुनै कर्तव्यको निर्वाह गर्नुपर्दैन।

अतः बाँधाको हैसियतमा रहेका, पहिचान भएका र सो हैसियतमा पुग्ने जोसुकैलाई पनि बन्धनबाट मुक्त गरी सामान्य मानिस सरहका अवस्थामा पुऱ्याउन विशेष प्रयत्न गरिनुपर्ने हुन्छ। यस्तो कार्य राज्यशक्तिबाट मात्र सम्भव हुन्छ। राज्यशक्तिको प्रयोग कानूनी राज भएको मुलुकमा कानूनको निर्माणबाट र कानूनी प्रक्रियाबाट मात्र हुन सक्छ।

"बाँधा" का बन्धनहरू कानूनी प्रक्रियाबाट समाप्त गरी उसलाई मोचन गरिसकेपछि मात्र उसको हैसियत आम काम गर्ने श्रमिक सरह हुन पुग्दछ र त्यो हैसियतमा उसलाई पुनः कानूनद्वारा शोषणयुक्त श्रम सम्बन्धबाट रक्षा गरिनुपर्ने हुन्छ। बाँधाश्रम प्रणाली समाप्त गर्न कानून एक अनिवार्य यन्त्र मानिन्छ। एक उपयुक्त र सशक्त कानूनको अभावमा बाँधा श्रम प्रणालीको अन्त्य हुन सक्ने देखिंदैन।

यसै कुरालाई महसुस गरेर नै यस क्षेत्रमा कार्यरत व्यक्ति/संस्थाहरूले बाँधाश्रम उन्मुलन गर्न कानूनको निर्माणलाई प्राथमिकता दिएका छन्।

नेपालमा प्रचलित बाँधाश्रमका विशेषताहरू

नेपालमा विद्यमान बाँधाश्रम प्रणालीभित्र निम्न चरित्र देखिएका छन् -

(१) **ऋण (सौंकी)** : श्रमिकलाई बाँधोको अवस्थामा पुऱ्याउने प्रमुख कारकको रूपमा ऋणलाई लिइन्छ। अन्तर्राष्ट्रिय अभिसन्धिहरूले पनि यसलाई मुल तत्व मानेका छन्। कमैया प्रथाभित्र ऋण "सौंकी" भएका कमैयाहरू सो ऋण "सौंकी" को कारण पुस्तौंदेखि बाँधाको अवस्थामा रहेका पाइन्छन्। यस्तो ऋण "सौंकी" बाबु बाजेबाट सर्दै आएको हुन सक्छ र कतिपय अवस्थामा आफैले लिएको ऋण तिर्न नसकेर बाँधाको हैसियतमा पुगेको हुन्छ। इन्सेकको अध्ययन प्रतिवेदन ०४९ र श्री ५ को सरकारको ०५१ सालको प्रतिवेदनले यस्ता कमैयाहरूलाई "बाँधा" को रूपमा स्थापित गरेका छन्।

(२) **सौंकी तिरेर कमैया लैजाने प्रचलन** : सौंकी भएको कमैया सौंकी चुक्ता नहुन्जेलसम्म कमैया भएर बस्न बाध्य हुन्छ। उसको माधीमा मालिक परिवर्तन गर्ने, छान्ने अधिकार वा स्वतन्त्रतामा सो सौंकीले गम्भीर असर पार्दछ। जबसम्म अर्को कुनै मालिकले उसको सौंकी तिरेर लैजादैन, तबसम्म उसले पूर्व मालिक परिवर्तन गर्न सक्तैन। सौंकी तिरिदिने मालिकले कर्जा तिर्ने क्रममा उसको काम गर्ने शारीरिक क्षमता, सौंकीमो मात्रा, कमैयाको काम गर्ने परिवारको संख्या समेतको मूल्यांकन गर्दा कर्जा (सौंकी) तिरिदिन मन गरेमा मात्र सौंकी तिर्ने काम

हुन्छ। यसलाई प्रत्यक्ष रूपमा कर्जा तिरिदिने भनिए पनि अप्रत्यक्ष रूपमा कमैयाको किनबेचको रूपमा लिन सकिन्छ।

(३) कमैयाको पारिश्रमिकमा नै उसको श्रीमती (बुकहरी) वा छोराछोरीले काम गर्नुपर्ने कुरा नेपाली "बाँधा" पनको अर्को प्रत्यक्ष र विशेष चरित्र हो। कमैयाले जे जस्तो जति पारिश्रमिक पाउँछ, वस्तुतः त्यसैमा नै उसको स्वास्नीले काम गर्नुपर्दछ। बुकहरीलाई पूरा पारिश्रमिक प्राप्त हुँदैन।

(४) **सम्झौता गर्ने क्षमतामा ह्रास :** कमैया बन्ने सम्झौता गर्दा कमैयाको आफ्नो कुनै शर्त राख्ने क्षमता हुँदैन। कमैया प्रणाली अन्तरगत कमैयाको कमैया बस्ने बारेमा गरिने सम्झौता (मौखिक) मा कुनै मनाई सत्य हुँदैन। अर्थात् आफ्नो शर्त मनाउने सन्दर्भमा कमैयाको सौदावाजी गर्ने क्षमता हुँदैन। यस्ता शर्तहरू या त मालिकहरूद्वारा निर्धारित हुन्छन् या त प्रणाली स्वयंले निर्धारित गरेको हुन्छ। शर्त मनाउने कुरामा कमैया विल्कुल अशक्त रहेको पाइन्छ।

(५) **अत्यधिक काम र कामको समय :** कमैयाका लागि कामको समयको कुनै निर्धारण छैन, न त यो काम गर्ने भन्ने कुनै निश्चित हुन्छ। श्री ५ को सरकारले गरेको प्रतिवेदनमा १२ घण्टा काम गर्नेको संख्या २० प्रतिशत र बाँकी २४ सै घण्टा काम गर्ने कमैया रहेका भन्ने उल्लेख पाइन्छ। इन्सेक प्रतिवेदनले कमैयाको कामको समय १८ घण्टासम्म उल्लेख गरेको छ।

(६) ज्यादै नै न्युनतम ज्याला अध्ययनहरूले कमैयाले पाउने विघा मसौरा (पारिश्रमिक) ज्यादै नै न्युन रहेको देखाएका छन्। कमैयाले आफ्नो परिवारको भरणपोषण गर्नका लागि मालिकबाट कर्जा (सौंकी) लिनुपर्दछ। इन्सेक प्रतिवेदनमा भनिएको छ- "कमैयाले मसौरा र विघाको रूपमा पाउन सक्ने सबै धानको प्रचलित बजार माउले हिसाब गर्दा सरकारले तोकेको न्युनतम वेतन र उनीहरूको लागि स्वर्गीय सुखको साधन हुन सक्तछ।"

(७) नियन्त्रणको मात्रा र बल प्रयोगको स्थिति कमैया उपर मालिकको सीमाहीन नियन्त्रण हुन्छ। मालिकले कमैया एक जनालाई मात्र नियन्त्रण गर्दैन। उसकी बुकहरी लगायत ग्वाला ग्वाल्नी सबैमाथि आदेश गर्दछ, निर्देशन दिन्छ, सन्तुलित सम्बन्ध स्थापना हुँदैन। कमैयाले आवश्यकता अनुसार आफूले चाहेको ठाउँमा काम छाडी जान/आउन सक्तैन। कतिपय स्थितिमा मालिकले बलपूर्वक कमैयामाथि नियन्त्रण गर्ने गरेको पाइन्छ। सो उपर कमैयाको कुनै उपचारको व्यवस्था हुँदैन।

बाँधा श्रमसम्बन्धी नेपालका कानूनको स्थिति

नेपालम हाल प्रचलनमा रहेका बाँधा श्रमसम्बन्धी कानूनहरूको स्थिति निम्न बमोजिम रहेको छ।

(क) नेपाल अधिराज्यको संविधान ०४७, धारा २० ले मानिसलाई बेचविखन गर्न, दास तुल्याउन, बाँधा बनाउन वा कुनै किसिमले निजको इच्छा विरूद्ध काम गराउन निषेध गरेको छ।त्यस्ता कार्यहरू कानूनद्वारा दण्डनीय हुने व्यवस्था गरेको छ।

(ख) नागरिक अधिकार ऐन ०१२ ले हरेक नागरिकलाई समानताको अधिकार, भेदभाव विरूद्धको अधिकार, स्वतन्त्रताको अधिकार, जीवनको अधिकार, इच्छाविरूद्ध काम गर्न नपर्ने जस्ता अधिकारहरू प्रदान गरेको छ।

(ग) मुलुकी ऐन ज्यु मास्ने/बेच्नेको महलको ३ नं. ले कसैले कसैलाई कमारा कमारी बनाउन, दास तुल्याउन वा बाँधा बनाउन निषेध गरेको छ। त्यसरी कमारी बनाउने, दासतुल्याउने बाँधा बनाउनेलाई ३ वर्षदेखि १० वर्षसम्म कैद हुन्छ। अदालतको बाँधालाई कसुरदाताबाट मनासिव क्षतिपूर्ति समेत भराई दिनसक्ने व्यवस्था उक्त ऐनबाट गरिएको छ। सो महलको ५ नं. ले मानिस किन्ने बेच्नेको थैली मुस हुने व्यवस्था गरेको छ।

(घ) मुलुकी ऐन ज्याला मजुरीको महलले काम गराउँदा खुसीराजीसंग गराउनुपर्ने, उचित ज्याला दिनुपर्ने व्यवस्था गरेको छ। कसैले ज्याला नदिएमा ज्याला दिलाउने/भराउने व्यवस्था गरेको छ।

(ङ) जिउ मास्ने बेच्ने नियन्त्रण ऐन, ०४३ ले मानिसको बेचबिखन कार्यलाई निषेध गर्दै सो अपराध गर्नेलाई गम्भीर सजायको व्यवस्था गरेको छ।

(च) श्रम ऐन, ०४८ ले असंगठित क्षेत्रको कामदारहरूको पारिश्रमिक दिलाइदिने निकायको निर्धारण गरेको छ।

(छ) ट्रेड युनियन ऐन, ०४९ ले कृषि क्षेत्रका मजदुरलाई ट्रेड युनियन बनाउन पाउने अधिकार प्रदान गरेको छ।

(ज) सरकारी मुद्दासम्बन्धी ऐन, ०४९ ले मुलुकी ऐन जिउ मास्ने बेच्नेको महलको ३ नं. को कसुरलाई सरकारवादी अपराधको श्रेणीमा राख्ने अपराधको छानवीन अनुसन्धान गरी जिल्ला अदालतमा मुद्दा चलाउने प्रक्रियाको व्यवस्था गरेको छ। यस्तो मुद्दा सामान्य कार्यविधि अपनाएर हेर्ने व्यवस्था रहेको छ।

(झ) सन्धि ऐन, ०४७ ले श्री ५ को सरकारद्वारा अनुमोदित सन्धिका व्यवस्थाहरू लागु गर्ने आवश्यक कानून निर्माण गर्नुपर्ने उत्तरदायित्व श्री ५ को सरकारमाथि निर्धारण गरेको छ।

वर्तमान कानून बाँधाश्रमलाई उन्मुलन गर्न वा रोक्न किन असक्षम छ ?

प्रचलित कानूनी व्यवस्थाहरूको विश्लेषण गर्दा बाँधाश्रम निषेध गर्दै बाँधा राख्ने कार्य गम्भीर

सेवाका १० वर्ष
इन्सेक insec

मानवअधिकार घोषणा पत्रको पचास वर्ष

मिति: २०५६ फागुन ३

माननीय सभापतिज्यू
प्रतिनिधिसभा सार्वजनिक लेखासमिति
प्रतिनिधिसभा ,सिंहदरवार ,काठमाडौं ।

विषय: धन्यवाद ज्ञापन

महोदय,

देशमा विद्यमान कमैया प्रथामित्र शोषित तथा उत्पीडित अवस्थामा बाच्न विवश रहेका बाँधा मजदुरको मुक्ति र उनीहरूको मालिकलाई सौकीकोरूपमा तिर्नुपर्ने ऋण स्वतः मोचनकालागि घोषणा गर्न श्री ५ को सरकारलाई त्यस समितिले निर्देशन गरेकोमा अनौपचारिक क्षेत्रसेवा केन्द्र (इन्सेक) कृतज्ञता सहित हार्दिक धन्यवाद ज्ञापन गर्दछ । कमैया मुक्तिकालागि इन्सेकले विगत दशवर्ष देखि विभिन्न कार्यक्रम संचालन गर्नुका साथै कमैया मुक्तिकालागि कानूनको अवश्यकता ठानी सोको मस्यौदा समेत तयार पारी विभिन्न तहमा छलफल चलाएको थियो । मानवअधिकार र सामाजिक न्यायकालागि कमैया मुक्ति संबन्धी कानूनको निर्माण गर्न यस संस्थाले गरेको प्रयासमा माननीय सभापतिज्यू लगायत त्यस समितिका सबै माननीय सदस्यज्यूहरूबाट छिटो भन्दा छिटो पहल गर्नु हुनेछ भन्ने विश्वास राख्नेका छौं । मानवअधिकारको बहालीकालागि ऐक्यबद्धता सहित , धन्यवाद ।

FAXED
Date: 0X6/19/9
Time: 2:50 बजे
Signature

सुशील प्याकुरेल
अध्यक्ष

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
भक्तपुर-४ बलकोट (पीली बाट), काठमाडौं नेपाल, पोष्ट बक्स : २७२६
टेलिफोन : २७०४७० / २७८७७० • फ्याक्स : २७०५५१
e-mail: insec@mos.com.np
Web site: http://www.south-asia.com/insec

कुण्डलिनाको गिरिए गरी, आज गरिबको रक्षा गरौं !

अपराधको श्रेणीमा राखी दण्डको प्रावधान गरेको देखिन आउँछ। कानून एवं बाँधाश्रमको यो स्थिति हुँदाहुँदै पनि यी कानूनको प्रयोग गरी आजसम्म मुद्दा चलाई कसैलाई पनि सजाय भए गरिएको कुनै तथ्यांक आजसम्म छैन। बाँधा श्रमबारे यतिको हलचल हुँदै रहेको यस दशकमा समेत कुनै मुद्दा चल्ने चलाउने काम हुन सकेको छैन। जबकि सरकारी अध्ययनबाटै बाँधा श्रमको स्थिति विद्यमान भएको पुष्टि भइरहेको छ।

वर्तमान कानून असक्षम हुनका केही कारण तल उल्लेख गरिएका छन् –

(१) बाँधाश्रमको बारेमा कानूनहरू छरपष्ट अवस्थामा रहेका र प्रत्येक कानून अपूर्ण र अल्प (असक्षम) अवस्थामा रहेका छन्।

(२) बाँधाश्रम एक विशिष्ठ र पूर्ण प्रणाली भएकोले यस्तो प्रणालीको रूपमा विकसित भएको समस्याको सबै पक्षलाई निराकरण गर्नका लागि उपयुक्त, पूर्ण प्रभावी कानूनको आवश्यकता हुन्छ। यस्तो कानूनको अभाव रहेको स्पष्ट देखिएको छ।

(३) वर्तमान कानूनको सबभन्दा ठूलो कमी भनेको "बाँधा श्रम" को परिभाषाको अभाव हो। लिडर्सको प्रतिवेदनमा यस कुरालाई ज्यादै उपयुक्त ढंगबाट व्यक्त गरिएको छ। उक्त प्रतिवेदनको सम्बन्धित अंश यसप्रकार छ– "नेपालमा मानिसको क्रय-विक्रय रोक्ने तथा मानिसले मानिसको शोषण गर्न नदिनका लागि कतिपय कानूनहरू बनाइएका छन् तर कमैया समस्या एउटा विशेष जाति र क्षेत्रमा विशेष समस्या हो र त्यसको समाधानका लागि विशेष कानूनको अभाव रहेको पाइन्छ। ...नेपाल कृषि प्रधान देश भएतापनि यहाँ कृषि क्षेत्रमा काम गर्ने कामदारहरूको सेवा, शर्त, सुरक्षा, सुविधा, कल्याणकारी व्यवस्था, विवाद समाधानका उपाय आदि सम्बन्धमा कानूनको अभाव देखिएको छ। त्यसमा पनि कमैयासम्बन्धी विशेष समस्याको समाधानका लागि विशेष कानूनको अभाव प्रष्ट खड्किन्छ। त्यस्तै कमैयालाई बाँधा बनाएको सुनिन्छ, जुन कानूनतः अपराध हो तर कानूनमा "बाँधा ?" भन्ने शब्दको परिभाषा पाइदैन। बाँधा र मानिसको खरिद विक्रीको परिभाषा गरिनुपर्छ।"

(४) वर्तमान कानूनले बाँधा राख्न निषेध गरेको र दण्डनीय बनाएको छ। यसले कुनै मानिस बाँधाको अवस्थामा रहेको भए मुद्दा चल्ने र दण्डनीयसम्म हुनसक्ने भयो तर हजारौंको संख्यामा बाँधा रहेकालाई मोचन गर्ने काम यसबाटै हुन सक्तैन।

(५) कानून प्रतिकुल लगाइएको वा लिइएको "सौंकी" को हैसियत के रहने भन्ने कुरामा वर्तमान कानूनले कुनै मार्ग निर्देशन गर्दैन। यस्तो सौंकी (ऋण) लेनदेन व्यवहारको रकम सरह मान्न पनि मिल्दैन। अतः यस्तो सौंकी (ऋण) उन्मुलनको लागि छुट्टै कानूनको आवश्यकता रहेको स्पष्ट हुन्छ।

बाँधाश्रम प्रणालीसंग आबद्ध अन्य पक्षहरू– जस्तो पुनर्स्थापना, रोजगारी, बाँधाको स्थितिमा प्राप्त गरिएका रकम तथा सम्पत्तिहरूका अतिरिक्त बाँधाबाट असुल गरिएको रकम लगायतका पक्षहरू, अधिकार, दण्ड, सजाय जस्ता विविध पक्षका निमित्त कानून नै छैन।

बाँधा श्रम उन्मुलन कानूनको स्वरुप

बाँधाश्रम उन्मुलनका लागि उपयुक्त र प्रभावी कानूनको आवश्यकता बारेमा दुईमत हुनु पर्ने कुरा छैन। कानून निर्माणको औचित्यबारे केही अध्ययन प्रतिवेदनका सुझावहरू यहाँ उल्लेख गर्नु उपयुक्त ठहर्ने ठानिएको छ।

लिडर्सको प्रतिवेदनमा भनिएको छ– कमैयाहरूका विरूद्धमा भइरहेको शोषण रोक्न एउटा विशेष कानून बनाउनु पर्दछ। यस सन्दर्भमा पिछडिएका जनजातिको संरक्षणका लागि विशेष कानून बनाउन सकिने संवैधानिक आधार रहेको कुरा सर्वविदितै छ।

श्री ५ को सरकारको ०५१ सालको अध्ययन प्रतिवेदनले पनि उचित कानून निर्माण गर्नुपर्ने सुझाव प्रस्तुत गरेको छ। उक्त प्रतिवेदनको पृष्ठ ७१ मा भनिएको– "कमैया प्रथामित्र सौंकी प्रणाली सबैभन्दा जटिल समस्याको रूपमा रहेको छ। सर्वप्रथम कमैया प्रथामा रहेको सौंकीको स्वरूप र प्रकृति पहिचान गरी सौंकीको भारले बाँधिएका बँधुवा मजदूरहरूको वास्तविक तथ्यांक पत्ता लगाउनु टड्कारो आवश्यकता देखिन आउँछ। त्यसपछि व्यवहारिक पक्ष र कानूनी पक्षबीच आवश्यक सन्तुलन र समन्वय हुने गरी सौंकी उन्मुलनको लागि आवश्यक नीति तय गरी उचित कानूनी व्यवस्था गर्नु नै कमैया उन्मुलनको ठोस उपाय हुन सक्ने देखिन्छ। काम गर्ने र काममा लगाउने दुवै पक्ष स्पष्ट हुनसक्ने कानूनी व्यवस्था गरिनुपर्छ। यस्ता कानूनको निर्माणदेखि कार्यान्वयनको तहमा सम्बन्धित पक्षलाई संलग्न गराउन सकेमा कानूनको प्रभावकारितामा वृद्धि हुनसक्छ।

बाँधाश्रम प्रणालीका लागि बन्ने कानूनमा निम्न कुराहरू पर्नु आवश्यक देखिन्छ।

१. बाँधाको एक उपयुक्त, उचित र मुलुकको अवस्था सुहाउँदो परिभाषा।

२. बाँधा श्रम प्रणाली एवं बाँधाले खाएको वा बाँधा उपर लर्दै आएको सौंकी (ऋण) को उन्मुलन गर्ने व्यवस्था।

३. बाँधाश्रम लिन/दिन निषेध गर्दै दण्डनीय गम्भीर अपराध मान्ने र बाँधाश्रम गराउनेलाई उन्मुलन गर्ने व्यवस्था।

४. बाँधा राखिएका व्यक्तिको कुनै सम्पत्ति (चल, अचल) मालिकले बाँधाको रूपमा राखेको अवधिमा लिएको भए फिर्ता गर्ने/गराउने व्यवस्था।

५. बाँधा राख्न उक्साउने, सरिक हुने, त्यसबाट लाभ प्राप्त गर्ने, रकम कलम दिने, संयोग पारिदिने जस्ता कार्य पनि उत्तिकै गम्भीर मानिने र गम्भीर सजायको व्यवस्था हुनुपर्ने।

६. कानून बमोजिम निर्धारित अनुचित रूपमा बढी काम लगाउने, निर्धारित न्युनतम पारिश्रमिक भन्दा कम पारिश्रमिक (ज्याला) दिने वा ज्याला नदिई काम गराउने, दलाल वा ठेकेदारमार्फत काममा लिने र निजलाई पारिश्रमिक भुक्तानी गर्ने, डर, त्रास, धम्की वा प्रलोभन दिई इच्छा विरूद्ध काम गराउने, काम गर्नका निमित्त उपयुक्त र आवश्यक पर्ने न्युनतम सुविधा नदिई वा शर्त पूरा नगरिएको कार्यस्थलमा काममा लगाउनेलाई बाँधा श्रम गराएको मान्ने व्यवस्था हुनुपर्ने।

७. स्वतन्त्र भएको तर आफ्नो घर नभएको

बाँधालाई सरकारले उपयुक्त व्यवस्था नगरेसम्म बुझाबाट निकाल्न नपाउने र आवतजावत गर्ने लगायतका सुविधा दिनुपर्ने व्यवस्था हुनुपर्दछ।

८. बाँधाको हैसियतले खेती उठाउने जग्गामा मोहियानी हक प्राप्त हुने व्यवस्था हुनुपर्दछ।

९. मुक्त भएका बाँधा वा निजको परिवार र आश्रित नातेदारको शिक्षा दिक्षा, भरण पोषण, रोजगार लगायत पुनर्स्थापना गर्ने जवाफदेही श्री ५ को सरकारमा रहने गरी कानूनी व्यवस्था हुनुपर्ने।

१०. बाँधा श्रम प्रणाली उन्मुलन गर्ने नयाँ ऐनको प्रभावी कार्यान्वयनका लागि उचित र प्रभावी अधिकारीको व्यवस्था गरिदिनुपर्दछ।

११. बाँधाहरूलाई मोचन गरेपश्चात् उनीहरू सामान्य कृषि मजदूरको हैसियतमा आउन सक्ने हुँदा उनीहरूका लागि विभिन्न शर्तहरू जस्तै कामको समय, ज्याला निर्धारण गर्ने निश्चित र उपयुक्त संयन्त्र आदि विकसित गरी प्रभावी ढंगबाट प्रचलन गर्न/गराउन सकिने उपयुक्त प्रावधान हुनुपर्छ।

बाँधाको परिभाषा

विद्यमान कानूनमा बाँधाको परिभाषा नभएको कारण यसको प्रचलन कार्यमा व्यवधान उत्पन्न भएको कुरामा सो क्षेत्रमा कार्यरत सबैको सहमति रहेको पाइएको छ। विभिन्न गोष्ठीहरूमा समेत परिभाषाको अभावबारे कुरा उठ्दै आएका हुनाले एउटा कार्यमूलक/व्यवहारिक परिभाषाको विकास गरी छलफलको निमित्त प्रस्तुत गरिएको छ।

बाँधा परिभाषा गर्दा अन्तर्राष्ट्रिय स्तरमा नगरी मुलुकमा विद्यमान सामाजिक, आर्थिक लगायतका विभिन्न अवस्थाहरू, मुलुकमा प्रचलित बाँधा श्रमको विशिष्ठपनलाई समेत हेर्नुपर्ने हुन्छ।

अन्तर्राष्ट्रिय परिभाषा

दासत्व, दास व्यापार र दासत्व जस्तै संस्था र अभ्यासको निर्मूलनसम्बन्धी पुरक महासन्धिको धारा १ मा बाँधा प्रणालीको परिभाषा निम्न बमोजिम गरिएको छ-

क. ऋण बाँधा भन्नाले आफ्नो नियन्त्रणमा रहेका व्यक्तिको श्रम सेवा धितो बन्धक राखेर लिएको ऋण कति समयसम्म श्रम सेवा प्रदान गर्दा चुक्ता हुन्छ भन्ने कुरा निश्चित गरिएको हुँदैन भने त्यस्तो हैसियत वा अवस्थालाई ऋण बाँधा भनिन्छ।

ख. बाँधा कानून, परम्परा वा सहमतिद्वारा अर्काको जग्गामा केही वेतन लिई वा नलिई काम गर्न र बस्न कुनै व्यक्ति बाध्य हुन्छ र आफ्नो सो अवस्था परिवर्तन गर्न ऊ स्वतन्त्र हुँदैन भने त्यस्तो व्यक्तिलाई बाँधा भनिन्छ।

ग. कुनै व्यक्ति संस्था जस्ले-

अ. कुनै महिलालाई निजका अभिभावक, संरक्षक, परिवार वा अरू व्यक्ति वा समूहद्वारा नगद वा जिन्सीको रूपमा पारितोषिक लिएर निजको स्वीकृति विना नै कसैसंग विवाह गरिदिने प्रतिज्ञा

गरिन्छ वा विवाह गरिन्छ भने वा

आ. लोग्ने, परिवार वा वंशका सदस्यहरूले कसैबाट लिएको रकम वा त्यस्तै अन्य आधारमा महिलालाई अर्को व्यक्तिसमक्ष हस्तान्तरण गर्ने कार्य गरिन्छ भने वा

इ. लोग्नेको मृत्युपश्चात् महिलालाई अरूद्वारा सकार गरिन्छ भने

घ. बालक वा युवकको श्रम शोषण गर्ने विचारले त्यस्ता बालक वा युवकलाई उसका मातापिता वा संरक्षकद्वारा पैसा लिएर होस् वा नलिई होस् अरू व्यक्तिकहाँ राख्ने काम गरिन्छ भने त्यस्तो व्यवहार वा प्रणाली।

प्रस्तावित परिभाषा

१. "बाँधा" भन्नाले बाँधाश्रम प्रणाली अन्तरगतका सबै वा कुनै शर्त वा कुनै शर्त बन्देज भित्र रही श्रम वा सेवा प्रदान गर्ने व्यक्ति सम्झनु पर्दछ।

२. "बाँधाश्रम" भन्नाले कुनै बाँधाले कसैका निमित्त गर्ने श्रम वा सेवालाई सम्झनु पर्दछ।

३. "सम्झौता" भन्नाले कसैसंग स्वयं वा निजको आश्रित परिवार र निजकहाँ बसेका आश्रित व्यक्तिले लिखित वा मौखिक वा आशिक लिखित शर्त गरी बाँधा हुन मन्जुर भएको सम्झौतालाई सम्झनु पर्छ। सो शब्दले परम्परागत रूपमा सामाजिक प्रचलन अनुसार बाँधा हुनुपर्ने प्रचलनलाई समेत जनाउँछ।

४. "बाँधा श्रम प्रणाली" भन्नाले त्यस्तो काम लगाउने प्रणाली हो, जस अन्तरगत बाँधाले कसैसंग निम्न कारणले सम्झौता गर्दछ वा सम्झौता गरेको मानिन्छ।

(क) आफैले वा आफ्नो परिवारका सदस्यले वा आफ्ना बाबुबाजेले लिएको लिखत वा मौखिक ऋण वा त्यस्तो ऋण व्याज भए सो समेत भुक्तानी गर्न, वा

(ख) कुनै सामाजिक वा परम्परागत दायित्वको अधिन हुनका कारण, वा

(ग) बाबुबाजेको पालादेखिको कुनै आर्थिक दायित्व सर्दै निजमाथि आएको कारण, वा

(घ) कुनै खास जात वा समुदाय वा परिवारमा जान भएको वा अन्य कुनै कारण बाँधाले निम्न काम गर्नु पर्दछ वा निजबाट गराइन्छ-

१. निज स्वयंले निजको परिवारको कुनै सदस्य वा उसमाथि आश्रित कुनै व्यक्तिले कसैकहाँ वा कुनै तेस्रो व्यक्तिको फाइदाको निमित्र निश्चित वा अनिश्चित समयसम्म विना ज्याला वा नाम मात्रको ज्यालामा कामको समय र कुनै अवधि नराखी वा कामको कुनै निश्चितता वा निश्चित शर्त बेगरै काम वा सेवा गर्दछ वा बाध्य पारेर गराइन्छ, वा

२. त्यस्तो बाँधाको रोजगार छान्ने वा खोज्ने स्वतन्त्रता समाप्त गरिन्छ वा उसका अन्य जीविकाका साधन समाप्त गरिन्छ र उसको स्वतन्त्रतापूर्वक काम गर्ने इच्छा विरूद्ध काम गर्ने वा सेवा गर्न रोक लगाइन्छ। वा

३. नेपाल अधिराज्यभित्र स्वतन्त्रतापूर्वक आवत जावत वा घुमफिर गर्ने स्वतन्त्रताको अधिकार समाप्त गरिन्छ।

बाँधाश्रम प्रणाली कानूनको निर्माण राज्यको दायित्व

कल्याणकारी राज्यको प्रमुख दायित्व लिने सरकारले यो समस्याको निराकरणका लागि स्वयं पहल गर्नुपर्ने हुन्छ। श्री ५ को सरकार उपर नेपाल अधिराज्यको संविधान ०४७ को प्रस्तावनामा व्यक्त भावना र राज्यको निर्देशक सिद्धान्त एवं नीतिलाई कानून बनाएर लागू गर्ने प्रमुख जिम्मेवारी एकातर्फ रहेको छ भने अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी दस्तावेजको अनुमोदन गरेपश्चात सन्धी ऐन ०४७ ले कानून बनाउनु पर्ने उत्तरदायित्व समेत रहन गएको छ।

यसका अतिरिक्त उदार प्रजातन्त्रको लाभको उपभोग गर्न सक्ने कामको व्यवस्थाका लागि उत्पीडित जातिका सम्बन्धमा कानून निर्माण सरकारको अन्तर्निहित जिम्मेवारी हुने कुरामा दुई मत हुन सक्तैन। *(एक्काइसौं शताब्दी मासिकबाट)*

जीवनको अनुभूति नभएका उनीहरू

कमला पराजुली

मानिसले मानिस भएर बाँच्न पाउनु पर्छ, मानवीय जीवनको अनुभूति गर्न पाउनु पर्छ, आफ्ना हक र अधिकारको उपयोग गर्दै कर्तव्यको पालना गर्न पाउनु पर्छ, अनि यी सम्पूर्ण सवालहरूको रक्षा र सम्बर्द्धन राज्यबाट हुनुपर्छ र त्यही हुनु नै मानवअधिकारको रक्षा र सम्बर्द्धन हो। हामीले यही बुझेका छौं। तर हाम्रो देशमा कति प्रतिशत जनताले मानिस भएर जीवनको अनुभूति गर्न र आत्मसम्मानको बोध गर्न पाएका छन् ? यो सोचनीय सवाल हो। ग्रामीण विकास, गरीबि निवारण, जातीय उत्थान र आदिवासीका नाममा अनेकौं राष्ट्रिय अन्तर्राष्ट्रिय गोष्ठी, सेमिनार र कार्यक्रमहरू हुने गर्छन्, कार्यपत्रहरू समावेश हुन्छन्, प्रतिवेदनहरू तयार हुन्छन् तर यथार्थहरू जहाँको तही रहन्छन्। हाम्रो देशमा जल्दोबल्दो समस्याको रूपमा आएको त्यस्तै समस्या हो- कमैया प्रथा भित्रको बाँधाश्रम प्रणाली।

राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा चर्चित विषय बनेर पनि त्यसको अन्त्यको लागि खासै ऐन कानूनहरू बनेका छैनन् भने भएका ऐनहरू समेत पनि प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेका छैनन्। तर अत्याचारको पनि सीमा हुन्छ भनेझैं सहनुको पनि सीमा नै हुँदो रहेछ। आफ्नो जीवनलाई एउटा पशु सरह मालिकको हातमा सुम्पेका सयौं बाँधा कमैयाहरू अहिले आफूमाथिको शोषण र उत्पीडनको विरूद्धमा एकै पटक उत्रेका छन् कैलाली जिल्लाबाट। "बिहान भालेको डाँक सँगै २-३ बजे उठेर खेतमा काम गर्ने देखि राती १० बजेसम्म मालिकको घरको कामसम्म भ्याउनु पर्छ हामीले, सुत्केरी हुँदा जम्मा ८ दिनमात्र छुट्टी दिन्छन्। अरू दिन सँधै काममा जान्छौं तर सुत्केरी खर्च भनेर एक मानो चामल र एक भुटुन तेलसम्म पनि हामी पाउँदैनौं। एक महिनाको बच्चालाई खेतको कुनामा सुताएर हामी गहुँ काटिरहन्छौं, नानी रोएर छाती चर्किन्छ, दुधको धारा बगेर चोलो भिज्छ तर बच्चा समाएर दुध खुवाउन पाउँदैनौं, मालिकले हामीलाई गाली गर्छन्।" कमैया आन्दोलनमा सहभागी भएकी हिरादेवी चौधरीको अभिव्यक्ति यस्तो छ।

राती नै उठेर खेतमा काम गर्न नगएको आरोपमा कति बुकरहीहरूलाई मालिकले लाठी-लाठीले हिर्काएका छन्। बिमारी हुँदा उपचार खर्च त पाउँदैनन्, उपचारको लागि ऋण समेत पनि भनेको समयमा पाउँदैनन्। हामीलाई दुःख भयो, त्यति थोरै धानले वर्षभरि पुगेन। हामी अन्यत्र काम गर्छौं भन्दा पनि बारम्बार तिमीहरूको सौंकी कसले तिर्छ? यहाँभन्दा राम्रो कहीं छ भने गैहाल भन्दै हप्काउने र अझ दुःख दिने काम मात्र मालिकबाट भयो तर हामीप्रति माया-दया कहिल्यै आएन। शिवराज पन्तकै घरकी बुकरही सधनी चौधरीको अभिव्यक्ति पनि यस्तै छ।

आखिर बाँधा कमैया को हुन्? प्रश्न उब्जन सक्छ हामी धेरैमा। कमैया काम गर्नु अथवा कमाउनु भन्ने कुरा नै हो। तर त्यहाँका कमैयाहरू काम गर्ने र कमाउने त गर्छन्, आफ्नो लागि हैन मात्र जमिन्दार र सामन्तहरूको लागि। त्यसैले उनीहरू कमैया मात्र हैन बधुँवा कमैया बनेका छन्। उनीहरूले आफ्नो श्रमको उचित मूल्य पाएका छैनन्, मालिकको इच्छामा निर्भर हुन्छ। एउटा कमैयालाई निश्चित जिन्सी तथा नगद दिए बापत उनका सम्पूर्ण परिवार त्यही मालिकको घरमा बँधुवा बन्छ। कमैयाले जोत-खन गर्छ, बुकरहीले रोप्ने, काट्ने, गोड्ने, घरभित्र बाहिरको काम गर्छे, कमैयाको छोरो पनि उमेर अनुसार हली-गोठालो बन्छ, छोरी कमलरी बन्छे। एउटा कमैयाका सबै परिवारले त्यो मालिकको घरमा विनाशर्त विना पारिश्रमिक काम गर्छन् र कामको मूल्य मात्र एउटा कमैयाले पाउँछ, त्यो पनि न्याय संगत हुँदैन र वर्षभरि खान समेत पुग्दैन। विभिन्न ठाउँमा फरक-फरक किसिमले एउटा परिवार सहितको कमैयालाई जम्मा वार्षिक दशदेखि १५ क्विन्टलसम्म धान दिइएको हुन्छ तर नगद रूपैया अथवा दाल-तेल-तरकारी केही पनि उनीहरूले पाउँदैनन्। त्यो १० देखि १५ क्विन्टलसम्म धान पनि सबैभन्दा नराम्रो, भुसैभुस, बिग्रेको र पूरा तौल समेत नभएको हुन्छ। त्यही धान बेचेर दाल, चामल, तेल, नुन, तरकारी, लुगा, कपडा र चाडबाड धान्नु पर्छ त्यो कमैयाको परिवारले। कल्पना गरौं हामी, त्यसरी काम गर्ने ती परिवारले अब कति खालान्? कति लगाउलान्? बिमार पर्दा उपचार के गर्लान्? शिक्षा, स्वास्थ्य र मनोरञ्जन त उनीहरूको जीवनमा कल्पना र सपनामै सीमित छ।

यिनै दैनिक आवश्यकताका लागि बाध्यताले २-४ पाथी धान ऋण लिंदै, त्यसैगरी ऋण थपिंदै व्याज र स्याज भएर कमैयाका टाउकोमा हजारौं सौंकी लेखिन्छ र त्यही सौंकीले बाँधिएर सम्पूर्ण परिवार आजिवन बधुँवा बन्छ। ऊ आफूमाथिको अन्याय र अत्याचारको विरोध गर्न सक्दैन। आफूले अठार घण्टा काम गरेको उचित पारिश्रमिक पाउन सक्दैन। आफ्ना परिवारहरूलाई अन्यत्र काम गराउन पाउदैन। यदि उसले अर्को जमिन्दारको कमैया बस्ने इच्छा गऱ्यो भने माघी (माघे संक्रान्ती) मा अर्को जमिन्दारले कमैयाको पुरानो मालिकलाई सौंकी (ऋण) फर्स्यौंट गरिदिनु पर्छ र त्यो कमैया परिवार किनेर लैजानु पर्छ। यसै क्रमले पुनः त्यो कमैयाको सौंकी बढ्दै जान्छ र उसको जीवन नै बँधुवा बन्छ। ऊ मात्र हैन उसको परिवार पनि बँधुवा बन्छ। तर पुस्तौंपुस्ता श्रम गरेर अर्कालाई सम्पत्ती कमाईदिने ती कमैयाहरूको आफ्नो घर हुँदैन। मालिकको खेत बारीमा बनाएको एउटा सानो बुकुरो (झुप्रो) नै उसको संसार हुन्छ। जुन दिन मालिक साटिन्छ त्यो दिन बुकुराबाट आफ्ना बालबच्चा लिएर निस्कनु पर्छ। जमिनप्रति उसको कुनै अधिकार हुँदैन, गोठभरिका वस्तुमा उसको कुनै हक लाग्दैन। ऊ सँधै रित्तो र खाली हुन्छ। पेटभरि खाने, आङभरि लगाउने, हप्तामा एक दिन विदा पाउने, उनीहरूका श्रीमतीले सुत्केरी विदा र सुविधा पाउने अन्तर्राष्ट्रिय श्रम संगठनको ऐनले उनीहरूलाई भेट्टाउदैन।

आजभन्दा २-३ वर्ष अगाडिदेखि हामी यो अन्याय र अत्याचार बारे कुरा गर्न थाल्यौं। विभिन्न सामाजिक संघ संस्थाले कमैया मुक्ति र कमैया आन्दोलनका बारेमा गाउँ-गाउँमा गरेका कुराहरूले हामीलाई सचेत गरायो। भालेको डाँकसँगै खेतमा काम गर्न ननिस्किदा मालिकले डण्डाले बुकरहीलाई पिट्न गर्थे, वस्तुले बाली खाँदा हामीलाई नै हर्जाना तिराउँथे, बिमारी परेर काममा जान नसक्दा दिनको सय रूपैया हर्जाना तिराएर सौंकीमा जोड्थे। यसरी हरेक दिन भएको अत्याचारले हामीलाई उमाल्न थाल्यो। हामी उन्नाईस परिवार कमैयाहरू एकजुट भयौं र वैशाख १९ गते अन्तर्राष्ट्रिय मजदूर दिवसको दिन गेटा गाविस कार्यालयमा उजुरी गर्न गयौं। मालिक खुशी हुँदा पनि हामीले केही पाएका छैनौं भने मालिक रिसाउदा पनि हामीले केही गुमाउनु पर्दैन भनेर हामी आन्दोलनमा ओर्लियौं, यो कैलाली जिल्ला गेटा गाविस स्थित जमिन्दार शिवराज पन्तको घरका कमैया डोठेराम चौधरीको अभिव्यक्ति हो।

यी कमैया र बुकरहीहरूले विहानको २ बजे देखि रातको १० बजेसम्म खेतमा काम गरेको देखेर मलाई साह्रै चित्त दुख्यो र म भूमिगत रूपमा यी कमैयाहरूलाई आफ्नो अधिकारको सचेत गराउन थालें, वेसका केन्द्रीय सदस्य यज्ञराज चौधरी भन्नुहुन्छ। मैले देखेको छु अठार घण्टा शिवराजजीको घरमा काम गरेर पनि यी कमैयाहरू १५ दिनसम्म भोकै बसेका छन्, तर मालिकको उनीहरूप्रति कहिल्यै दया पलाएन, मालिकले त उनीहरूलाई गोरू जति पनि ठानेनन्। यी कमैयाहरूका व्यथा र कथाहरू उन्नाईस परिवारका मात्र हैनन्। धेरै कमैयाहरू यसैगरी आफ्नो जीवनको अनुभूति नगरी पशु सरह बाँचिरहेका छन्। आफ्नो र परिवारको लागि केही कमाउन नसकी ऋणै ऋणमा पुस्तौंपुस्ता गुमाएका छन्। सन्तानको शिक्षा, स्वास्थ्य, रहर र खुशी बारे उनीहरूले कहिल्यै सोच्न पनि पाएका छैनन्। यो कथा हैन, अनि कल्पना पनि हैन। हाम्रा देशका जनताहरूको जीवनको यथार्थ र वास्तविकता हो। त्यसैले हामी देशका सामाजिक कार्यकर्ता, मानवअधिकारवादी र न्यायप्रेमी समक्ष आह्वान गर्छौं यो समस्या हामी सबैको हो। अनि माग गर्छौं सरकार समक्ष- उनीहरूको जीवन सुरक्षा, पुनर्स्थापना, रोजगारको अवसर र उचित पारिश्रमिक दिलाउनु पर्छ। उनीहरूले आफ्नो जीवनको क्षतिपूर्ति पाउनु पर्छ।

के गर्ला मानवअधिकार आयोगले ?

टीकाराम भट्टराई

०५३ पुस २४ दांख प्रारम्भ भएका मानवअधिकार आयोग ऐन बमोजिमको वहुप्रतिक्षित र वहु चर्चित मानवअधिकार आयोग ०५७ जेठको दोस्रो सातामात्र बनेको छ। आयोगको निर्माणको लागि भएका दशौं आन्दोलन र आमरण अनशन जस्ता दबाब मुलक कार्यक्रम र सर्वोच्च अदालतको परमादेश समेतले आयोगको बारेमा जनस्तरमा व्यापक चासो, सरोकार, समर्थन र वहस तथा अन्तरक्रियाहरू उत्पन्न गराएका थिए। यो व्यापक प्रचार प्रसारले आयोगको गरिमा र महत्वमा अभिवृद्धि अवश्यै भएको छ तर साथसाथै आयोगले गर्न सक्ने कार्य र दिन सक्ने परिणामको बारेमा जनतालाई पूर्व सूचित नगराउने हो मने जनताको अपेक्षा अधिक हुनेछ र त्यो अपेक्षित कार्य आयोगबाट हुन नसक्दा यसप्रति चाँडै निराशा र हतोत्साह उत्पन्न हुनेछ। जसरी पंचायती व्यवस्थाको पतनसँगै बहुदलीय व्यवस्थाप्रति जनताले अधिक अपेक्षा गरेका थिए वा दलहरूद्वारा अपेक्षा जगाइएको थियो त्यो पूरा नहुनु स्वभाविक थियो। परिणाम स्वरूप जनता अहिले यो व्यवस्थाप्रति निरासा र आक्रोश व्यक्त गरिरहेका छन्। अर्थात् यथार्थ भन्दा बाहिर गएर गरिएको अपेक्षाले परिणामतः नकारात्मक सन्देश प्रवाह गर्दछ। तसर्थ यो वहु प्रतिक्षित मानवअधिकार आयोगबाट पनि त्यति मात्र अपेक्षा गर्नुपर्दछ जति यसले गर्न सक्दछ । यस बारेमा आयोगका अध्यक्ष वा सदस्यहरू बेलैमा सचेत र सर्तक हुनु जरूरी छ।

यो आयोगको जन्म एउटा भ्रुणको हत्या पछि भएको हो अर्थात् ०५४ सालमा नै तत्कालीन सरकारले आयोग गठनका लागि प्रक्रिया आरम्भ गरेको थियो र यो बीचमै तुहिन पुगेको थियो। त्यसबेला चलेको अनौपचारिक हल्ला अनुसार श्री ५ बाट आयोगको अध्यक्षमा भएको पूर्व प्रधानन्यायाधिश विश्वनाथ उपाध्यायको सिफारिस प्रति असन्तुष्टी जाहेर गरिबक्सेर नियुक्ति प्रक्रिया अवरूद्ध भएको थियो। त्यस विषयमा मैले ०५५मा यसै पत्रिकाको पूर्णाङ्क २४ मा विस्तृत चर्चा गरेको थिएँ। जुन चर्चाको पुष्टि दुई वर्षपछि अहिले स्वयं विश्वनाथ उपाध्यायले हालै विभिन्न पत्रपत्रिका मार्फत गरिसक्नु भएको छ। अर्थात् उहाँको नियुक्तिप्रति श्री ५ बाट भएको असन्तुष्टिलाई निरपेक्षतामा होइन सापेक्षतामा हेरिनुपर्छ अर्थात् ०५२ मदौ १२ को फैसला पछि उहाँको निवासमा (विश्वनाथ) सदिग्ध गतिविधि बढेको भनी रक्षा मन्त्रालयले सुरक्षा व्यवस्था कडा गरेको आधिकारिक वक्तव्य सार्वजनिक गरेको थियो। त्यो वक्तव्यभित्रको रहस्य थाहा नपाइकन उहाँको नियुक्ति रोकिएको विषयमा थप केही भन्न सकिदैन। तर यदि सरकारलाई साँच्चै त्यो नियुक्ति अवरूद्ध भएकोमा चिन्ता लागेको थियो भने सरकारले तत्काल यो विषय जनसमक्ष ल्याउनु पर्दथ्यो र विश्वनाथ उपाध्यायले पनि मौकैमा यस बारेमा मुख खोल्नु पर्दथ्यो। अहिले अर्को व्यक्तिको नियुक्ति पछि यस बारेमा खोलिएको मुख सदाशयतापूर्वक नै खोलिएको भनेर विश्वासन गर्न सकिंदैन। जहाँसम्म अहिलेको अध्यक्षको नियुक्तिको प्रसंग छ यस बारेमा उठेका कतिपय चिन्ता र चासोहरू सही नै भएता पनि यस बारेमा पनि ऐनको बनौट नै मूल रूपमा दोषी देखिन्छ।

०५२ मदौ १२ को फैसला पश्चात् त्यो फैसलाबाट सत्ताशीन हुन पुगेको दलका प्रभावशाली सदस्य मा. महेश आचार्यद्वारा प्रस्तुत गैह सरकारी विधेयकको रूपमा आएको यो ऐनको दफा ३ ले सेवा निवृत्त प्रधानन्यायाधीशलाई प्राथमिकता तोकेर आयोगको अध्यक्षको योग्यता निर्धारण गरेको छ। स्मरणीय छ, यो ऐन सदनमा प्रस्तुत हुँदा पूर्व प्रधानन्यायाधीश विश्वनाथ उपाध्याय आफ्नो सेवाबाट निवृत्त हुन लाग्नु भएको थियो र ऐन पारित भएको लगत्तै ०५२/६/१० मा उहाँ सेवा निवृत्त हुनु भएका हो। यसरी करांब करांब उहाँ नै अध्यक्ष हुन सक्ने गरी बनाइएको ऐनको बनौट नै अहिलेको विवादको केन्द्रविन्दु हो र उहाँको नियुक्ति हुन नसक्दा विवाद आउनु विल्कुल स्वभाविक हो। यदि अहिले उठेको विवादबाट नवनियुक्त अध्यक्ष खत्रिको मानवअधिकारप्रतिको प्रतिबद्धतामा प्रश्नचिन्ह उठाउन सकिन्छ भने यो प्रश्नले विश्वनाथ उपाध्यायजीलाई पनि छाड्ने छैन। किनकि शहीद यज्ञबहादुर क्याप्टेनको मृत्युदण्ड सम्बन्धी फैसला हुँदा खत्रि र उपाध्याय दुवै सर्वोच्च अदालतको न्यायाधीश पदमा आशिन रहनु भएको थियो र दुवै जना उक्त फैसलामा सामेल हुनु हुन्न। उक्त फैसलामा तत्कालीन न्यायाधीशहरू झपट रावल र वासुदेव शर्मा संलग्न हुनुहुन्छ। ऐनको वनोटले नै पंचायतकालमा न्यायाधीश नभएको व्यक्ति अहिले आयोगको अध्यक्ष बन्नै सक्दैन र पंचायतकालको न्यायाधीश तत्कालीन संविधानप्रति प्रतिबद्ध रहन्थ्यों भन्ने विषय विवादको विषय नै होइन तर नयाँ संविधान आएपछि पनि तत्कालीन संविधानप्रति प्रतिबद्ध रहेका व्यक्ति चाहिं यो संविधान अन्तरगतको जिम्मेवारीमा रहनु आपत्तीजनक हुन्छ। शहीद यज्ञबहादुर कै दलले तत्कालीन पंचायती प्रहरी महानिरीक्षक डि.वि. लामालाई गरिमामय संसदमा ल्याइसकेको र सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाइसकेको परिप्रेक्षमा अहिले देखिएको मानवअधिकार प्रतिको चिन्ता सदाशयतापूर्वक नै हो भन्नलाई कठिन पर्दछ तर एक स्वतन्त्र नागरिकको हैसियतले यसो भन्न सकिन्छ- "खत्रिजीको नियुक्तिप्रति विरोध जनाउनेहरूले विश्वनाथजीको

समर्थन गरेको हो भने त्यो गलत हुनेछ र उहाँहरू दुवै जना भन्दा अर्को निर्विवाद व्यक्तिको नियुक्ति भएको भए राम्रो हुने थियो।"

अबं जहाँसम्म मानवअधिकार आयोगले के गर्ला? भन्ने प्रश्न छ त्यसतर्फ विश्लेषण गर्दा मानवअधिकार आयोग ऐन ०५३ को दफा ९ ले यसको अधिकारको र कार्यहरूको सिमांकन गरेको छ। यदि यो ऐनको उदारतापूर्वक व्याख्या र विश्लेषण आयोगले गर्न सक्यो भने आयोगले धेरै गहन महत्वका कामहरू गर्न सक्नेछ। जस्तोकि दफा ९ (१) ले मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्नु आयोगको प्रमुख कर्तव्य हो भनेको छ र नेपाल अधिराज्यको संविधान ०४७ को प्रस्तावनाले नै प्रत्येक नेपालीको आधारभूत मानवअधिकारको संरक्षण गर्ने लक्ष्य किटान गरेको छ। मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्ने आयोगको मूल कर्तव्यभित्र शायदै पर्न नसक्ने कुनै पनि विषय छैनन्। यस अर्थमा आयोगले अत्याधिक गहन कार्य गर्न सक्षम हुनुपर्दछ। आयोगका प्रमुख कार्यहरूलाई यसरी सूत्रबद्ध गर्न सकिन्छ।

१. मानवअधिकारको उल्लंघनका घटनाका सम्बन्धमा परेको उजुरी उपर छानवीन र अनुसन्धान गर्ने वा पत्रपत्रिकामा प्रकाशित समाचार वा अन्य कुनै स्रोतबाट आयोगलाई प्राप्त उजुरीका सम्बन्धमा आवश्यक अनुसन्धान गर्ने।

२. सरकारी निकाय, कारागार वा कुनै संस्थाको भ्रमण, निरीक्षण वा अवलोकन गरी ती संस्थाहरूलाई मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्न आवश्यक निर्देशन दिने।

३. संविधान तथा प्रचलित कानूनमा भएका मानवअधिकार सम्बन्धी प्रावधानहरूको पुनरावलोकन गरी श्री ५को सरकारलाई आवश्यक सिफारिस गर्ने।

४. मानवअधिकारसंग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा दस्तावेजहरूको अध्ययन गरी तिनको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक सुझाव दिने।

५. मुलुकको विद्यमान मानवअधिकारको स्थितिको बारेमा समीक्षा गर्ने।

६. आयोगले आफू समक्ष परेको उजुरीको सम्बन्धमा निम्न बमोजिमको कार्य गर्न सक्दछ।

क. सम्बन्धित व्यक्ति वा संस्थालाई उपस्थित गराई बयान गराउने।

ख. साक्षी बुझ्ने तथा वकपत्र गराउने।

ग. स्थलगत निरीक्षण गर्ने।

घ. कुनै संस्था वा व्यक्तिको जिज्ञासाको तलासी लिने वा शंकास्पद सामाग्री वा कागजात कब्जा गर्ने।

ङ. कुनै घटनाको जाँचबुझको सिलसिलामा सार्वजनिक सुनुवाई गर्ने।

आयोगलाई प्राप्त उपरोक्त अधिकारहरूको विश्लेषण गर्दा आयोगले फ्याक्ट फाइन्डिङ्ग गर्ने सम्बन्धमा अदालत सरह सबै काम गर्न सक्ने देखिन्छ। अहिले नेपालमा घटेका अधिकांश मानवअधिकार उल्लंघनका घटनाहरूमा फ्याक्ट फाइन्डिङ्ग नै प्रमुख समस्या बनेको छ र यस निम्ति बनेका आयोग वा समितिहरूका प्रतिवेदन पनि राजनैतिक मान्यताका आधारमा आउने गरेका छन्। तथ्यको निरूपण सही रूपमा हुन सकेको खण्डमा पनि त्यो आफैमा एउटा दण्डनीय कारवाही हुनेछ। किनकि त्यस्तो विषय सार्वजनिक हुनासाथ सम्बन्धित दोषी व्यक्ति समाजमा ठाडो शिर गरेर हिड्नै सक्दैन। तसर्थ निर्विवाद तथ्यको निरूपण आयोगले गर्न सकेको खण्डमा पनि मानवअधिकार उल्लंघनकारीलाई यो एउटा ठूलो चोट महसुस हुनेछ।

ऐनको दफा १३ अनुसार आयोगले गरेको अनुसन्धान वा जाँचबुझको आधारमा दोषी देखिएका व्यक्ति वा संस्थालाई आवश्यक कारवाही गर्न सम्बन्धित निकायमा पठाउनु पर्नेछ र आयोगले क्षतिपूर्ति निर्धारण गरी पीडित व्यक्तिलाई क्षतिपूर्ति दिन निर्देशन जारी गर्न सक्दछ।

त्यसरी कसैलाई कारवाही गर्न वा क्षतिपूर्ति दिन लेखी पठाएकोमा सम्बन्धित निकायले त्यसको कार्यान्वयन तीन महिना भित्र गरी सक्नु पर्नेछ। ऐनको दफा २४ मा आयोगले गरेको काम कारवाहीको सम्बन्धमा अन्यत्र कतै प्रश्न उठाउन वा मुद्दा गर्न नपाइने व्यवस्था भएकोले आयोगका कर्मचारी वा पदाधिकारीहरू आफ्नो कार्यमा निर्भिक र स्वतन्त्र रहन सक्ने प्रावधान विधायिकाले राखेको देखिन्छ। अर्कोतर्फ आयोगका अध्यक्ष वा

मानवअधिकार आयोग हुनुको अर्थ

- कुन्दन अर्याल
इन्सेक, कार्य समिति सदस्य

केही वर्षयता बहुचर्चित मानवअधिकार आयोगको सम्बन्धमा धेरैले अनुमान गर्दै आएका थियौं। अब लोकसेवा आयोग, निर्वाचन आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोगकै लहरमा अर्को एउटा आयोगका पदाधिकारीहरूको घोषणा भएको छ। यतिका समय मानवअधिकार आयोग आयोग नभएर पनि चलेकै थियो। मानवअधिकारकर्मीहरूले लगातार माग गर्दागरेकोले भए सरकारले अर्को बनाउने थिएन। तर मानवअधिकार आयोग बनेपछिको अवस्थामा भने मानवअधिकार आयोग हुनु र नहुनुको अर्थ प्रष्ट देखिनुपर्छ।

बितेको साढे तीन वर्ष सम्म मानवअधिकारकर्मीहरूले मानवअधिकार आयोगको गठनका निम्ति धर्ना दिए, अनशन गरे, गिरफ्तारी दिए। र सरकारले चौतर्फी त्यसरी मानवअधिकार आयोगको निम्ति नारा-जुलुस गर्नेहरूको पक्षबाट दुई जनालाई छनक्क दिएर मानवअधिकार आयोगमा पुऱ्याएको छ। पाँचजनाको आयोगमा दुई जना त्यसैका निम्ति आन्दोलन गर्ने मानवअधिकार पक्षकारहरूलाई नै समावेश गरिएको छ। अब मानवअधिकार आयोग गठन हुनुको अर्थ कसरी स्थापित गर्ने भन्ने चुनौति पनि आयोगभित्रका चालीस प्रतिशत ती मानवअधिकार पक्षकारहरूका माथि आएको छ।

यतिबेर मानवअधिकारकर्मीहरूको मानवअधिकार आयोगको सम्बन्धित संघर्षमा स्वल्पविराम मात्र लागेको देखिएको छ। आयोगका बहुमत सदस्यहरू बहुदलीय व्यवस्थाका पक्षपातिका रूपमा स्थापित हुन सकी नै रहेका छन्। अहिले नियुक्त पदाधिकारीहरूको सिफारिसमा आयोगमा नौ ५ वाट सरकारको सचिव सरहका सचिवको नियुक्ति हुन बाँकी नै छ। यो राष्ट्रिय मानवअधिकार आयोग मौलि मानवअधिकार संस्थाहरूकै गति बमोजिम क्रियाशील सक्रिय हुन सकला। प्रतिक्षाको विषय रहेको छ।

मौलि मानवअधिकार आयोग सक्रिय पर्दाको खण्डमा सरकारको एउटी अवश्य दुख्न थालेछ। पहिले मानवअधिकार आयोग बन बनाउन मानवअधिकार कार्यकर्ताहरूले निकै संघर्ष गर्नुपर्‍यो। त्यसपछि पेर्स समाजिमको आयोगको गठनका निम्ति लामो संघर्ष गर्नुपर्‍यो। नेपालका मानवअधिकार कार्यकर्ताहरूले मौलि आयोगलाई प्रभावकारी र सक्रिय तुल्याउन थप संघर्ष गर्नुपर्ने सम्भावनालाई नकार्न सकिंदैन।

मानवअधिकार समुदायको यति लामो संघर्षपश्चात् बनेको आयोगले मानवअधिकारका संरक्षण र सम्बर्द्धनका निम्ति गर्नुपर्ने कामहरूको सूची लामो हुने कुरा निश्चित छ। मानवअधिकार आयोग र अदालतको भिन्नताबारे आम जनतालाई बुझाउनेदेखि सरकारलाई मानवअधिकारका सम्मान गर्ने सिकाउनेसम्मका कामको जगनी यो आयोगले गर्नुपर्छ। सरकारले गठन गरेको आयोग, बजेटको व्यवस्था पनि सरकारले नै गरेको छ। तर मानवअधिकारहरूको उल्लंघन भइरहेको नेपालको वर्तमान सन्दर्भमा आयोगले सरकारमा नहुँको काम गर्न सक्ने पर्छ। त्यस्तो नभएको अवस्थामा मानवअधिकार आयोग हुनुको अर्थ स्थापित हुन सक्दैन।

सदस्यहरूले कार्यकारिणी प्रति निहित स्वार्थ राखेर कार्य नगरून् वा सरकारी आश्वासनमा कार्य नगरून् भन्ने मनशायले ऐनको दफा ३ (३) मा सेवा निवृत्त आयोगका पदाधिकारीहरू कुनै सरकारी सेवामा नियुक्तिको लागि योग्य नहुने प्रावधान राखिएको छ। ऐनको दफा ७ ले आयोगका पदाधिकारीहरूलाई सर्वोच्च अदालतका न्यायाधीश वा सो सरहको मर्यादाक्रम निर्धारण गरेर उनीहरूको सेवा, सर्त र सुविधा सर्वोच्च अदालतका न्यायाधीश सरह रहने व्यवस्था गरेको छ।

आयोगले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्ने विधायकी अधिकार प्राप्त गरेकोले सम्बनिधत निकायबाट सूचना प्राप्त गर्न वा सहयोग लिने सम्बन्धमा आयोगले कठोर प्रकृतिको वा बाध्यात्मक प्रकृतिको कानूनी प्रावधान राख्न सक्ने अवसर विधायिकाले आयोगलाई प्रदान गरेको देखिन्छ। आयोग निश्क्रिय रहन सक्ने सम्भावनालाई दृष्टिगत गरी ऐनको दफा ८ ले सामान्यतया आयोगको बैठक हरेक १५ दिनमा वस्तु पर्ने निर्देशन गरेको छ। आयोगका काम कारवाहीहरू जनमतको लागि खुल्ला गरिनु पर्दछ र पारदर्शी हुनु पर्दछ भन्ने मान्यतालाई दृष्टिगत गरी प्रत्येक वर्ष आयोगले आफ्ना काम कारवाहीहरू सार्वजनिक गर्नै पर्ने बाध्यात्मक प्रावधान ऐनको दफा १४ (२) ले गरेको छ भने आयोगको वार्षिक प्रतिवेदन श्री ५ मार्फत संसदमा प्रस्तुत हुने भएकोले संसदप्रति अप्रत्यक्ष रूपले आयोग उत्तरदायी रहनु पर्ने देखिन्छ।

उपरोक्त समग्र प्रावधानहरूलाई वस्तुनिष्ठ आधारमा मूल्यांकन गर्दा आयोगले केही गर्न सक्दैन भन्ने नकारात्मक टिप्पणी यथार्थको नजिक छैन र आयोगबाट धेरै अपेक्षा गर्नु पनि तर्क संगत हुँदैन। विगत चार वर्षदेखि व्यापक बहस वादविवाद र अनेकौं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयासका बाबजुद पनि समाधान हुन नसकेको माओवादी समस्या मानवअधिकार आयोग मार्फत समाधान हुनेछ भन्ने सार्वजनिक अपेक्षा र चासो याथर्थसंगत देखिदैन। तर यो समस्याबाट आयोग बिल्कुल अलग रहनु पर्दछ वा यो समस्यालाई आयोगले आफ्नो कार्यक्षेत्र भित्र समावेश गर्नु हुँदैन भन्ने मान्यता पनि संविधान र ऐनको मनशाय विपरित हुनेछ।

मानवअधिकार उल्लंघनको विषयले अमुक राजनैतिक दलको आन्दोलन वा सरकारी नीतिलाई प्रतिकूल असर पर्न सक्ने भएकोले त्यस्ता विषयमा आयोग मौन रहनु पर्दछ भन्ने निष्कर्ष आयोगले निकाल्नु हुँदैन। आयोगले आफ्नो अधिकारको प्रयोग गर्दा केवल संवैधानिक वा ऐनले तोकेको सिमांकनसम्म मात्र सीमित रहनु पर्दछ अन्यथा आफ्नो काम कारवाहीमा अन्य इतर कारणबाट प्रभावित हुनु पर्ने अवस्था देखिदैन र त्यसरी प्रभावित हुनु पनि हुँदैन। लामो समयको प्रतिक्षा पछि गठन भएको यो आयोगको कार्यकाल प्रथम कार्यकाल भएकोले यसले अहिले गर्न सक्ने काम कारवाही र अभ्यासहरू भावी दिनका लागि मार्गदर्शक हुने भएकोले आयोगका अहिलेका काम कारवाहीहरू संविधान र कानून तथा जनअपेक्षा अनुरूप हुनु पर्दछ। ऐन निर्माण गर्दा भएका कमी कमजोरी वा त्रुटीहरूलाई आयोगकै अनुभूतिबाट आगामी दिनमा संशोधन वा परिमार्जन गर्नुपर्ने देखिन्छ। किनकि अमूक व्यक्तिहरूलाई आयोगमा ल्याइने पूर्वानुमान गरेर बनेको ऐनमा आयोगको संरचना र अधिकार क्षेत्रको बारेमा प्रशस्त त्रुटीहरू रहेका देखिन्छन्।

लामो समयपछि व्यापक जनदबाबको परिणाम स्वरूप निर्माण भएको आयोगको मूल्यांकन आयोगका भावी कार्यहरूबाट निर्देशित हुनेछ र आयोगमा मानवअधिकारवादीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने व्यक्तिहरू आन्दोलनको बीचबाटै आयोगमा पुग्नु भएको र उहाँहरूले जनताको ठूलो हिस्साको प्रतिनिधित्व समेत गर्नु भएकोले आयोगको सक्रियता वा निश्क्रियता वा प्रभावकारिता उहाँहरूकै क्षमतामा निर्भर रहने देखिन्छ। आफ्ना पूर्व आग्रह वा पूर्वाग्रहलाई परित्याग गरी विशुद्ध मानवअधिकारको पक्षमा आफूलाई ढाल्न सकेको खण्डमा मात्र उहाँहरूबाट अपेक्षित कार्य सफल हुन सक्नेछ। तसर्थ यो दिशामा उहाँहरूलाई सफलता मिलोस् भन्ने कामना मात्र होइन रखवारी समेत गर्नु सबै मानवअधिकारवादीहरूको आजको दायित्व समेत हो।

सबैका लागि सबै मानवअधिकार : भियना घोषणापत्र

४५ साल जेठ ३२ देखि असार १२ गतेसम्म अष्ट्रियाको राजधानी भियनामा बसेर दुई हजार पश्चात् भएको विश्व मानवअधिकार सम्मेलनद्वारा जारी गरिएको घोषणा पत्रमा मानवअधिकार सम्बन्धी राष्ट्रिय संयन्त्र वा मानवअधिकार आयोगको आवश्यकता विषयमा विस्तारपूर्वक उल्लेख गरिएको छ।

अनुच्छेद ७५

हरेक राष्ट्रले मानवअधिकार सम्बन्धी गुनासो अथवा उल्लंघनहरूको निवारण गर्ने उपायहरूको प्रभावकारी व्यवस्था गर्नु आवश्यक छ। कानूनलाई लागू गराउने तथा मुद्दा चलाउने निकायहरू लगायत त्यस गरेर अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी लेखपत्रहरूमा वर्णित लागू गर्ने सकिने मापदण्डहरू अनुरूप स्वतन्त्र न्यायिक पद्धति तथा कानूनी पेशा, मानवअधिकारको पूर्ण तथा सदभावपूर्वक समाहित गर्न पनि आवश्यक छ साथै प्रजातन्त्र तथा स्थायी विकासका प्रक्रियाको लागि पनि आवश्यक छ। यस सम्बन्धमा न्यायिक प्रशासनसंग सम्बन्धित संस्थाहरूको लागि उपयुक्त मात्रामा अर्थको प्रबन्ध मिलाउनु पर्दछ, अन्तर्राष्ट्रिय समुदायबाट प्राविधिक तथा आर्थिक सहायता दुवै बढ्दो मात्रामा प्रदान गरिनु पर्दछ। संयुक्त राष्ट्र संघको निम्ति यो आवश्यकता छ कि सल्लाहकार सम्बन्धी सेवाहरूको प्राथमिकताको आधारमा, सुदृढ तथा स्वतन्त्र न्यायिक प्रशासन प्राप्त गर्नका लागि विशेष कार्यक्रमहरूलाई उपयोगमा ल्याइयोस्।

सुपरिवेक्षण विधिहरूको कार्यान्वयन

१. यो विश्व सम्मेलन सरकारहरूलाई अनुरोध गर्दछ कि आफ्नो आन्तरिक कानूनी व्यवस्थामा अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी लेखपत्रहरूमा समाविष्ट मापदण्डहरूलाई, लगायत परिषोस् र समाजको राष्ट्रिय ढाँचा, संस्था तथा अगाडि, जसले मानवअधिकारलाई एकबुँद गर्न र सुरक्षा प्रदान गर्नमा भूमिका निभाउँछ, लाभदायक बनाउन गरियोस्।

२. यो विश्व सम्मेलन संयुक्त राष्ट्रसंघका गतिविधि तथा कार्यक्रमहरूलाई राष्ट्रहरूको सहायताको लागि गरिने अनुरोधहरूलाई पूरा गर्नका लागि सुदृढ पार्न सिफारिस गर्दछ, जो मानवअधिकारको प्रवर्द्धन र संरक्षणको लागि आफ्ने राष्ट्रिय संस्थानहरूको स्थापना गर्न अथवा सुदृढ गर्न चाहन्छ।

यो विश्व सम्मेलन, मानवअधिकारको प्रवर्द्धन र संरक्षणको लागि राष्ट्रिय संस्थाहरूका बीच, खासगरेर सूचना तथा अनुभवहरूको आदान प्रदानबाट र साथै क्षेत्रीय संगठनहरूमा तथा संयुक्त राष्ट्र संघको सहयोगबाट, सहयोगलाई सुदृढ गर्न पनि प्रोत्साहित गर्दछ।

यो विश्व सम्मेलन यस सम्बन्धमा दृढतापूर्वक सिफारिस गर्दछ कि मानवअधिकारको प्रवर्द्धन तथा संरक्षणको लागि राष्ट्रिय संस्थाहरूका प्रतिनिधिहरूले मानवअधिकार सम्बन्धी केन्द्रको तत्वावधानमा समय समयमा सभाहरूको आयोजना गरोस्, जसले गर्दा विगतहरूका व्यवस्थाको सुधार गर्ने तथा अनुभवहरूलाई अद्यावधि गर्ने तरिका तथा साधनहरूको जाँचबुझ गर्न सकियोस्।

३. यो विश्व सम्मेलन मानवअधिकारसंग सम्बन्धित सन्धिका निकायहरू, सन्धिका निकायहरूका अध्यक्षहरूका सभाहरू तथा राष्ट्रिय पार्टीहरूका सभाहरूलाई सिफारिस गर्दछ कि उनीहरूले आफ्नो कारवाही जारी राखुन, जसको उद्देश्य सापेक्षित मानवअधिकार सम्बन्धी सम्मेलनहरू अन्तरगत विभिन्न किसिमको प्रतिवेदन दिने आवश्यकता तथा मार्गदर्शनहरूलाई समन्वित गर्ने तथा यो सुझावलाई अध्ययन गर्ने हास कि प्रत्येक राष्ट्रले जिम्मा लिएको सन्धिका दायित्वहरू सम्बन्धित एउटा पूर्ण रूपमा प्रतिवेदनको प्रस्तुतिबाट यो गतिविधिहरूलाई बढी प्रभावकारी पार्न सकियोस् तथा त्यसको प्रभावलाई बढाउन सकियोस्।

आयोगका अध्यक्ष र सदस्यहरूको संक्षिप्त परिचय

नयनबहादुर खत्री, अध्यक्ष

राष्ट्रिय मानवअधिकार आयोगमा मनोनित गरिनु भएका नयनबहादुर खत्री वि.सं. १९७९ सालमा जन्मनु भएको हो। लखनउ, विश्वविद्यालयबाट एम.ए. र एल. एल. बी. सम्मको अध्ययन पूरा गर्नु भएका उहाँ ०३३ साल साउन २४ गते देखि ०४२ साल मंसिर २७ गतेसम्म सर्वोच्च अदालतको प्रधानन्यायाधीस हुनुहुन्थ्यो। प्रधानन्यायाधीश पदबाट अवकास प्राप्त भएपछि उहाँले चीन र उत्तर कोरियाको शाही नेपाली राजदूत भएर पनि काम गर्नुभयो। वि.सं. २००४ सालमा मुलुकी अड्डा ऐन सवाल फाँटको सुब्बा पदबाट प्रशासनिक क्षेत्रमा प्रवेश गर्नु भएका नयनबहादुर खत्रीले ल्हासामा वकिल भएर पनि काम गर्नुभयो। उहाँ कानून मन्त्रालयको उपसचिव र सचिव समेत हुनु भयो। ०१६ सालमा स्थायी न्यायाधीश नियुक्त हुन भएका खत्री कानून आयोगको दुई पटक अध्यक्ष र न्यायिक परिषद्को पनि अध्यक्ष रहनु भएको थियो।

सुशील प्याकुरेल, सदस्य

राष्ट्रिय मानवअधिकार आयोगका अर्का सदस्य सुशील प्याकुरेलले आयोगमा मानवअधिकारकर्मीहरूको तर्फबाट प्रतिनिधित्व गर्नु भएको छ। ००८ सालमा जन्मनु भएका प्याकुरेलले ०२९ सालमा समाज दैनिक र प्राची साहित्यिक प्रकाशनबाट पत्रकारिता क्षेत्रमा प्रवेश गर्दै करीब तीन दशक अघिदेखि सामाजिक जीवनको शुरूवात गर्नु भएको थियो। ०३६ सालमा नेपाल राष्ट्रिय शिक्षक संगठनको स्थापनाका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने उहाँ संस्थापकहरू मध्ये एक हुन पुग्नु भयो। ०४० सालमा स्थापना भएको मानवअधिकार संरक्षण मंचको स्थापना कालदेखि ०५२ सालसम्म लगातार केन्द्रीय संस्थापक महासचिव भएर काम गर्नु भएका प्याकुरेल ०४५ सालमा स्थापना भएको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का संस्थापक अध्यक्ष रहँदै आउनु भएको थियो। प्याकुरेल ०४६ सालको जनआन्दोलनमा संयुक्त वाम मोर्चाको केन्द्रीय सदस्य समेत हुनु भएको थियो। ०५६ चैतमा सम्पन्न इन्सेकको साधारण सभाबाट उहाँ पछिल्लो पटक पुनः पाँच वर्षका लागि अध्यक्ष पदमा निर्वाचित हुनु भएको थियो। दक्षिण एशियाली मानवअधिकार मंचको संस्थापक महासचिव समेत हुनु भएका प्याकुरेल हाल बैंकक स्थित एशिया प्रशान्त क्षेत्रीय मानवअधिकार संस्था फोरम एशियाको बोर्ड सदस्य समेत रहनु भएको छ। चुनाव पर्यवेक्षण सम्बन्धी संस्था एशिया नेटवर्क फर फ्रि इलेक्शन (एन्फली) को उपाध्यक्ष समेत रहँदै आउनु भएका सुशील प्याकुरेलले पाँचै महादेशका ४६ वटा देशहरूको भ्रमण गर्नु भएको छ। राष्ट्रिय मानवअधिकार आयोगमा नियुक्त भएको कारण देखाई हालै उहाँले इन्सेकको अध्यक्ष पदबाट राजिनामा गर्नु भएको छ।

राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष नयनबहादुर खत्री (बीचमा) का साथ दायाँबाट सदस्य सुशील प्याकुरेल, गौरीशंकरलाल दास, र बायाँबाट कपिल श्रेष्ठ र सुश्री इन्दिरा राणा

प्रा. कपिल श्रेष्ठ, सदस्य

राष्ट्रिय मानवअधिकार आयोगका अर्का सदस्य कपिल श्रेष्ठको जन्म ४६ वर्ष अगाडि सिन्धुपाल्चोक जिल्लामा भएको थियो। त्रिभुवन विश्व विद्यालयबाट राजनीतिशास्त्रमा एम.ए. सम्मको अध्ययन पूरा गर्नु भएका श्रेष्ठले अन्तर्राष्ट्रिय सम्बन्ध, मानवअधिकार लगायतका विषयमा अमेरिका, फिलिपिन्स, नेदरल्याण्ड र भारतका प्रसिद्ध विश्वविद्यालयमा पनि अध्ययन गर्नु भएको छ। नेपाल मानवअधिकार संगठनका अध्यक्ष रहनु भएका उहाँ गणेशमान सिंह फाउण्डेशन र गणेशमान अध्ययन प्रतिष्ठानका सदस्य पनि हुनुहुन्छ। नेपाल प्राध्यापक संघका महासचिव रही सक्नु भएका श्रेष्ठ प्रसिद्ध

राजनैतिक विश्लेषकहरू मध्ये एक मानिनु हुन्छ। उहाँले मानवअधिकारसंग सम्बन्धित विभिन्न राष्ट्रिय तथा क्षेत्रीय संस्थाहरू लगायत स्वदेश र विदेशमा भएका चुनावहरूको पर्यवेक्षण गर्नु भएको छ।

डा. गौरीशंकरलाल दास, सदस्य

करीब ७५ वर्ष अगाडि सिराह जिल्लामा जन्मिनु भएका मानवअधिकार आयोगका अर्का सदस्य डा. गौरीशंकरलाल दासले आयोगमा सामाजिक क्षेत्रको प्रतिनिधित्व गर्नु भएको छ। विगत लामो समयदेखि स्वास्थ्य क्षेत्रमा विशेष योगदान पुऱ्याउँदै आउनु भएका डा. दास अर्बुद रोग विशेषज्ञ हुनुहुन्छ। उहाँले नेपाल परिवार नियोजन संघ, रेडक्रस लगायत विभिन्न सामाजिक संघ संस्थाको नेतृत्व तहमा बसेर लामो समयसम्म काम गरिसक्नु भएको छ। केन्द्रीय क्षयरोग केन्द्रका सुपरिटेन्डेन्ट, वी.पी. स्मृति नेत्र प्रतिष्ठानका संस्थापक सदस्य, राज परिषद्का सदस्य, नेपाल मेडिकल एशोसिएशनको उपसभापति समेत भैसक्नु भएका डा. दासले विश्व स्वास्थ्य संगठनको क्षेत्रीय समितिमा रहेर काम गर्नु भएको छ।

सुश्री इन्दिरा राणा, सदस्य

राष्ट्रिय मानवअधिकार आयोगमा मनोनित हुनु भएकी सुश्री इन्दिरा राणाले आयोगमा महिलाका साथै न्यायिक क्षेत्रको समेत प्रतिनिधित्व गर्नु भएको छ। वि.सं. २००२ सालमा जन्मिनु भएकी सुश्री राणाले अमेरिकाको हवाई विश्वविद्यालयबाट जनसंख्या र कानूनमा उच्च शिक्षा हासिल गर्नु भएको छ। उहाँले २७ वर्षको कलिलो उमेरमै न्यायाधीश जस्तो जिम्मेवारी निर्वाह गरिसक्नु भएको छ। सबै भन्दा उच्च सरकारी सेवामा पुग्ने पहिलो नेपाली महिला इन्दिरा राणाले न्याय परिषद्को सचिवको जिम्मेवारी कौशलताप्रूर्वक निर्वाह गरिसक्नु भएको छ। महिला माथि हुने अन्याय, शोषण, असमान व्यवहार विरूद्ध क्रियाशील अविवाहित इन्दिरा राणाको सामाजिक कार्यहरूमा विशेष संलग्नता रहँदै आएको छ।

आयोगको सफलताको लागि सिन्कोसम्म भए पनि भाचौ

सुबोधराज प्याकुरेल, महासचिव (इन्सेक)

फाँसीमा झुन्ड्याइएका शहीदलाई भुईंमा पछारेर लात्ती चलाउने र कैयन गोली दागेर हत्या गर्ने जनरल नरशमशेर २००७ पछिको पहिलो प्रजातान्त्रिक भनिने सरकारमा प्रहरी प्रमुख नियुक्त गरिए। जुन राणाशासन विरूद्ध त्यत्रो बलिदानीपूर्ण आन्दोलन भयो त्यही शासनका अगुवा श्री ३ मोहन शमशेरको नेतृत्वमा आन्दोलनका नायक वी. पी. कोइराला गृहमन्त्री बन्नु भयो र उहाँले नै नरशमसेरलाई वाइज्जत नियुक्ती गर्नुभयो।

आफ्नो जिम्मेवारी पूरा गर्ने सिलसिलामा धैरैजसोले सन्तुलित व्यवहार गर्छन् तर कोही कोहीलाई भने अमत्याईं चढेको हुन्छ। अति उग्र भएर विद्रोहका विरूद्ध जाइलाग्ने र दमनका नाममा कानूनले अपराधको दमन खोजेको बेलामा अपराधी ठहऱ्याइएको उपर मानवीय सम्वेदना सुन्य भएर जाइलाग्नेलाई "अमत्याईं चढेको" भन्न खोजिएको हो। २०४६ को जनआन्दोलनलाई दमन गर्ने सिलसिलामा जनहत्याको लागि प्रहरी बललाई उक्साउने र आदेश दिने तत्कालीन वरिष्ठ प्रहरी अधिकृतलाई प्रमुख नबनाई नेपाली कांग्रेसलाई हुँदै भएन।

ओखलढुंगा हान्न बनारसदेखि हिंडेका ३१ भैया मध्ये कति भगोडा नेपाली कांग्रेसको वरिष्ठ पदमा अहिले आशिन छन्। कति योद्धा कंगाल उपनाम सहित ठेलामा खानेकुरा बेचेर राजधानीको व्यस्त वानेश्वर कुनामा गुज्रान गर्दैछन्। त्यसको पनि हेक्का सत्ताधारी महानुभावहरूलाई हुनुपर्ने हो। जनआन्दोलनको बेलामा युरोपतिरै बस्ने गरी उतै लागेका, पुलिसको डरले घरमै लुकेका, जानाजान पक्राउ पर्ने अनि प्रतिकार समितिको वैठकमा आन्दोलन विरूद्ध डुक्रने मध्ये कति जना अपहेलित भएँ भनेर प्रलाप गर्दैछन्, कतिजना वरिष्ठ मन्त्री, सांसद भएका छन् त्यसको तथ्यांक पनि नेपाली कांग्रेसमै होला। तत्कालको विषयलाई भजाएर तात्तातो प्यांजी चपाउने लालची प्रवृत्ति नेपाली राजनीतिको अनेकन कुइनेटाहरूमा देखा परेको छ। बिडम्बना के छ भने माननीय, सम्माननीय नेताहरूले पनि जनतालाई पटमूर्ख ठहऱ्याएका छन्। आफ्नो विगतसंग डराएका छन्। अस्थिरताको हाउगुजीसंग तर्सिएका छन्। म केटाकेटी हुँदा मेरो मावल झम्सीखेलको फेदी कुपण्डोलमा एउटा लाटो थियो। बलियो जिउडाल र घाँटीमाथि लत्रिएको टाउको भएको त्यो बरा होगाने-होगाने भनेर बडबडाउने गर्थ्यो। मेरो हजुरआमा र ठूली आमाले होगाने आयो भन्नासाथ भागाभाग गरेर कोठामा लुक्न म जान्थें। आजका नेता, उपनेताका कति होगाने छन् कुन्नि। सन्दर्भ उपप्रधानमन्त्रीको गैर जिम्मेवार अभिव्यक्तिको हो। त्यसो त साना कुरामा ठूलो चित्त दुखाउने उहाँको पुरानो बानी छ। मानवअधिकार आयोगको सिफारिस समितिमा उहाँको पार्टीको बहुमत नपुगेकोमा उहाँको चित्त दुखेछ। उहाँले यो बिर्सिनु भएको होइनकि कानून बमोजिम सिफारिस समितिमा प्रधानमन्त्री, प्रमुख प्रतिपक्षका नेता र प्रधानन्यायाधीश रहनु हुन्छ। त्यस्तो समितिमा कसैको पनि बहुमत रहँदैन। विपक्षी रहित संसद अथवा नांगो ढंगले राजनीतिक आस्थामा निर्लिप्त प्रधान न्यायाधिश भएनन् भन्ने दुखेसो बाहेक यसलाई के भन्ने? अन्तर्राष्ट्रिय मान्यता, प्रतिबद्धता, मानवअधिकार प्रतिको उच्चतम नैतिकताको सर्वमान्य अपेक्षाको ठाउँमा समेत पार्टी बहुमतको विक्षिप्त क्रन्दन अथवा सर्वसत्तावादी सोंचको पराकाष्ठा नभने यसलाई के भन्ने? सभामुखको कुर्सीमा विराजमान भएका बखतमा सार्वजनिक रूपमा उहाँको पार्टीगत प्रस्तुति, अभिव्यक्ति अन्तर्राष्ट्रिय स्तरमा पनि आलोच्य भएकै विषय हो। बेलायतको संसदीय प्रमण्डलको भ्रमणकालका अभिव्यक्ति सम्बन्धित सबैलाई सम्झना होला नै।

प्रमुख प्रतिपक्षका नेता पनि यो मामिलामा प्रतिरक्षात्मक भएर देखा पर्नुभयो। सिफारिस समितिले सिफारिस गरिसकेपछि मैले गरिनँ, फलानोले गऱ्यो भन्नुको कुनै अर्थ छैन। हाम्रा नेतालाई जनताको विश्वासको स्थायित्वप्रति शंका छ। कहिले दरबारको, कहिले कुनै आतंकवादको, कहिले कुनै बलियो देशको होगाने त्रासले ग्रस्त हुनुहन्छ उहाँहरू। प्रकारान्तरले इतिहास पुरूषमा दरिईसक्नु

भएका माननीय कृष्णप्रसाद भट्टराई मानवअधिकार आयोगका अध्यक्षका विरूद्ध माननीय रामशरण महत कुर्लंदा धैर्य थाम्न नसकेर टेबुल थपथपाउन थाल्नु भयो। भट्टराईजीले मल्लिक आयोगको प्रतिवेदन उपर कारवाही नगर्ने फैसला आफूले गर्दाको बस्वतको सारा कुरा, सम्पूर्ण आधार र नैतिक जिम्मेवारी बिर्सनु भयो। उहाँलाई लाग्यो मेच ठोक्ने बेला यही हो।

बल्ल बल्ल मानवअधिकार आयोग बनेको छ। दण्डहीनताको विरूद्ध आफ्नो किशोर र तरूणावस्थालाई गुमाइसक्नु भएका दुईजना विवेकशील व्यक्तिहरू पनि त्यहाँ हुनुहुन्छ। सरकारको मनपरी बलप्रयोग र राजनीतिक आवरणमा आम जनता उपर आतंकको आक्रमण, यी दुई खतरा, मानवअधिकारको क्षेत्रमा स्पष्ट रूपमा विद्यमान छ। जनताको आधारभूत अधिकारका रूपमा सम्मानित जीवन निर्वाह गर्न आवश्यक पर्ने गाँस, बास, कपास, स्वास्थ्य र शिक्षाको अतिरिक्त विभेदबाट मुक्तिको अधिकारलाई परिभाषित गर्न आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको विश्वव्यापी घोषणाको मातहत प्रलेख तयार गर्ने काम जारी छ। यो बेलामा मुक्त बजारको नाममा धनको बलले गरीब राष्ट्रहरूको सम्पूर्ण क्षमतामा आधिपत्य जमाउन खोज्नेहरू र सत्ताको लालसामा सम्पूर्ण संवेदना बिर्सनेहरूबाट दुईतर्फी आक्रमण जारी छ। च्याँखे थापेर बसेकाहरू "लड्डु लडे झिल्ली झडे" भनेर रूँघी रहेका छन्। घोर दक्षिणपन्थी र उग्रवामपन्थीहरूको आक्रमणको साझा निसाना यतिबेला मानवअधिकार आयोग बनेको छ।

डि.बी. लामालाई सांसद बनाउँदा दण्डहीनताको कुरा उठ्दैछ। नारायण सिंह पुनको दादागिरीबाट बच्नका लागि भन्ने नाममा भिम-जगत गौचनलाई पार्टी प्रवेश गराउँदा हुन्छ। तर अमत्याईंको, उग्रताको वा अस्तियारीको भावनालाई नाघेर गरेको करतुतको एउटा पनि प्रमाण नखोजिकनै पंचायतकालको फलानो भन्दै कुर्लनुको कुनै स्थायी तुक छैन। तुकबन्दी चाहिं छ। राजनीतिलाई मूर्ख जनता र असहिष्णु राजनेताहरूको डबली प्रमाणित गर्ने तुकबन्दी बनाउन खोजेको हो भने कुरा अर्कै हो।

कोही भन्छन् मानवअधिकार आयोग दाह्रा नभएको बाघ हो। कोही भन्छन् आयोग सिफारिसकर्ता निकाय मात्रै हो। हो, प्रजातान्त्रिक राज्यव्यवस्थामा न्यायिक फैसला गर्ने अधिकार न्यायालयमा नै केन्द्रित हुन्छ। मानवअधिकार आयोग न्यायालयको जस्तो कदमपिच्छेको औपचारिक र कानूनी बन्देजबाट चल्दैन। न त सडकको नारा, जुलुसको तरिकाले नै चल्छ। कतिपय मामिलामा असफल होइन्छ, सरकारले टेर्दैन, न्यायालयले जिताउँदैन भन्ने थाहा हुँदाहुँदै पनि मानवअधिकार आयोगले हात हाल्छ। किनभने हारेर पनि हारको पक्षमा जनमत निर्माण गर्नु, सरकारले नटेरेमा वा न्यायालयले कानूनको अभावमा मुद्दामा हराएता पनि मानवअधिकारको साश्वत चेतनालाई स्थापित गर्नु उसको परम् कर्तव्य हो। यसैले आयोगको काम पारदर्शी, नागरिक समाजसंग नङमासुको र आधारभूत तहका जनतासंग भरोसामन्द साथीको हुन्छ। कहिले आयोग सरकारको अन्तर्राष्ट्रिय प्रतिबद्धता पालना गऱ्यो गरेन अनुसन्धान गरिरहेको हुन्छ भने कहिले तात्तातै गैरकानूनी थुनामा रहेका मान्छे खोज्न प्रहरी हिरासतको खानतलासी गर्दै हुन्छ। विद्यालय, महाविद्यालयका विद्यार्थी, ग्रामीण महिला, अछुत वस्तीका जनतासंग, कहिले बाढी पैरो, जलविद्युतका बाँध, वृक्षारोपण, खानी र कहिले प्रशासनिक अकर्मण्यताबारे छलफल गरिरहेको हुन्छ। आयोगको प्रतिवेदन संसारभरका व्यक्ति र निकायहरूका लागि विश्वसनीय दस्तावेज बन्ने गर्छ। आफूले देखेको भोगेको अबरोध चाहे त्यो आफ्नो जन्म दिने कानूनका बारेमा होस् अथवा मूल कानूनका बारेमा होस् आयोगले आफ्नो राय जाहेर गर्छ। अष्ट्रेलीयामा मानवअधिकार तथा समान अवसर आयोग भनिन्छ। त्यसले नाम अनुसारको कार्यक्षेत्र ओगटेको छ। त्यहाँका आदिवासी एवोरिजिनल जातिका बारेमा आयोगले गरेको कामको अध्ययन नेपालको आयोगले पनि गर्ला। काश्मिरी पृथकतावादीहरूको आन्दोलन र पंजावमा गरिएको प्रहरी दमन र त्यसको दीर्घकालीन प्रभावका बारेमा भारतीय मानवअधिकार आयोगको प्रतिवेदन पनि विश्लेषण गरिएला नै। एउटा राम्रो पक्ष के छ भने आयोग आलोचनाको घेरा बाहिर छैन। आयोगको आलोचना गरेबापत न्यायालयको आलोचना गर्नासाथ मानहानी ठान्न पाइने हैकम मानवअधिकार आयोगको छैन। त्यसकारण रचनात्मक सुझाव, आलोचना र सहयोग गरेर जेजस्तो रूपमा फेला परेको आयोग छ, जेजस्ता पुरातन, कठमुल्लावादी, अनजान वा गतिशील, प्रगतिशील र जानकार मान्छेहरू छन् तिनलाई परिचालन गर्ने यो एउटा शुभअवसर हात लागेको छ।

संसद लम्ब्याउन तीन सदस्यीय तथाकथित मानवअधिकार आयोगको प्रस्ताव माथिल्लो सदनमा राख्नेहरूको षडयन्त्रबाट जोगाएर थुप्रै सांसदहरूले राजनीतिक मतभिन्नता भन्दा माथि उठेर र थुप्रै न्याय र मानवअधिकार कर्मीहरूले पसिना चुहाएर यत्तिको मानवअधिकार आयोगको स्थापना हुने गोरेटो कोरेका छन्। अहिले यसको सफलताका लागि सिन्कोसम्म भए पनि माँचौं। नसक्ने, नगर्ने आयोग ठहरिएछ भने वेस्कन आलोचना गरौंला। ●

डि.बी. लामालाई सांसद बनाउँदा दण्डहीनताको कुरा उठ्दैछ। नारायण सिंह पुनको दादागिरीबाट बच्नका लागि भन्ने नाममा भिम-जगत गौचनलाई पार्टी प्रवेश गराउँदा हुन्छ। तर अमत्याईंको, उग्रताको वा अस्तियारीको भावनालाई नाघेर गरेको करतुतको एउटा पनि प्रमाण नखोजिकनै पंचायतकालको फलानो भन्दै कुर्लनुको कुनै स्थायी तुक छैन। तुकबन्दी चाहिं छ। राजनीतिलाई मूर्ख जनता र असहिष्णु राजनेताहरूको डबली प्रमाणित गर्ने तुकबन्दी बनाउन खोजेको हो भने कुरा अर्कै हो।

उत्पीडितहरूको पक्षमा सशक्त आन्दोलन

उत्पीडित चमार जाति वहिष्कार समितिका विरूद्ध नेपाल उत्पीडित जातीय मुक्ति समाज संयुक्त संघर्ष समितिको आयोजनामा तेस्रो चरणको संघर्षको कार्यक्रम अन्तरगत लाहान मा.वि.को प्रांगणमा वैशाखमा विशाल विरोध सभा सम्पन्न भएको थियो। उक्त विरोध सभामा नेपाल उत्पीडित जातीय मुक्ति समाजका केन्द्रीय अध्यक्ष छविलाल विश्वकर्मा र विशेष अतिथि राष्ट्रिय सभासद् लालबहादुर विश्वकर्माले उत्पीडित चमार जातिहरूमाथि अत्याचार, दमन गर्ने समाज विरोधी तत्वहरूलाई कानूनी कार्वाही चलाउन माग गर्नुभयो।

संयुक्त संघर्ष समितिका संयोजक तथा मुक्ति समाज नेपालका केन्द्रीय सदस्य विश्वेन्द्र पासवानको सभापतित्वमा भएको विरोध सभामा समाजका केन्द्रीय सचिव रामअवतार पासवान, संयुक्त जनमोर्चा नेपालका केन्द्रीय सचिव घनश्याम शर्मा पौडेल, नेकपा (एमाले) सिराहा जिल्ला सचिवालयका सदस्य रामप्रित पासवान, मिजार समाज नेपालका अध्यक्ष टिकाबहादुर नेपाली, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य रामरिझन यादव, संयुक्त संघर्ष समितिका सदस्य श्रीमती जानकीदेवी राय, डिल्ली मिजार, नेपाल दलित संघका केन्द्रीय सदस्य हिरामान मोते समेतले सम्बोधन गर्नुभएको विरोध सभामा मुक्ति समाज नेपाल लाहान नगर कमिटीका अध्यक्ष ईश्वरी परियारले स्वागत मन्तव्य दिनु भएको थियो। सभाको संचालन मुक्ति समाजका केन्द्रीय सदस्य सुन्दर विश्वकर्माले गर्नुभएको थियो।

चमार जाति वहिष्कार समितिलाई कडा कानूनी कार्वाही गर्न गराउन नेपाल उत्पीडित जातीय मुक्ति समाज, संयुक्त संघर्ष समितिद्वारा पटक पटकका आन्दोलन र दबाबका कारणबाट स्थानीय जिल्ला प्रशासनले बाध्य भई दोषीमाथि कार्वाही चलाउन मन्जुर भई सार्वजनिक मुद्दा दर्ता गर्न तयार भएको थियो। हजारौं उत्पीडित जनताको जुलुसले लाहान नगर परिक्रमा गरी इलाका प्रहरी कार्यालयमा सार्वजनिक मुद्दा दर्ता गर्न संगठनका अध्यक्ष छविलाल विश्वकर्मा, महासचिव जितु गौतम, राष्ट्रिय सभाषद् लालबहादुर विश्वकर्मा, संयुक्त संघर्ष समितिका संयोजक विश्वेन्द्र पासवान लगायत विभिन्न राजनीतिक पार्टीका नेताहरूको प्रतिनिधि मण्डल गएको थियो र दोषीमाथि कार्वाही चलाउन माग गरेको थियो। तर समस्याप्रति गम्भीर नभई मुद्दा दर्ता गर्न नखोजिएकोले च्यालीमा सहभागी हजारौं जनताको एकत्रित जनसमुदायहरूलाई मुक्ति समाज नेपालका महासचिव जितु गौतमले सम्बोधन गर्दै स्थानीय प्रशासनले दोषीमाथि कार्वाही चलाउन सार्वजनिक मुद्दा दर्ता गर्न अस्वीकार गरेको जानकारी गराउँदै स्थानीय प्रशासनले माग पूरा नगरेसम्म लाहान स्थित महेन्द्र राजमार्ग अनिश्चित कालसम्म चक्काजाम गर्न आह्वान गर्नुभयो।

संयुक्त संघर्ष समितिको आह्वानमा आन्दोलनकारीहरूले २ घण्टासम्म सडक जाम गरे पश्चात् स्थानीय प्रशासन सार्वजनिक मुद्दा दर्ता गरी दोषीमाथि कार्वाही चलाउन बाध्य भएको थियो।

नेपाल उत्पीडित जातीय मुक्ति समाजले उत्पीडित जातिका जनताको आफू र आफ्नो जाति, समुदाय अपमानित हुने संस्कार, काम, पेशा त्याग्न आह्वान गरिएकै अवस्थामा गत वर्ष चैत ७ गते लाहानस्थित पूर्व राज्यमन्त्री पदमनारायण चौधरीको घरमा पाडो मरी सिनोमा परिणत भएपछि स्थानीय चमार जातिलाई बोलाई सिनो स्वान र फाल्न आदेश दिंदा उत्पीडित चमार जातिहरूको संगठनले आह्वान गरे अनुरूप अब उप्रान्त सिनो नस्वाने र नफाल्ने मत जाहेर गरेका थिए। पूर्व मन्त्री पद्मनारायण चौधरी, जनकपुर चुरोट कारखना शाखा कार्यालय लाहानका ना.सु. पूर्णध्वज खड्काको संयोजकत्वमा चमार जाति वहिष्कार समिति गठन गरी ०५६ चैत ११ गते लाहान बजार बन्दको आह्वान गरिएको थियो। त्यस क्रममा सार्वजनिक रूपमा माईकिंग गर्दै चमार जातिहरूलाई बजार प्रवेश गर्न प्रतिबन्ध लगाउने, दैनिक उपभोग्य वस्तु खरिद विक्री गर्न नदिने, सार्वजनिक शौचालयमा दिशा पिसाब गर्न नदिने, विद्यालयमा चमार जातिका विद्यार्थीहरूलाई प्रवेश गर्न नदिने, रिक्सा, ठेला तथा बस यातायात क्षेत्रमा कार्यरत मजदूरहरूलाई जबरजस्ती हटाउने, घर-बास तोडफोड गर्ने जस्ता क्रुर पासविक यातना, दमन उत्पीडन गरी चरम सामाजिक आतंक फैलाइएको थियो। उक्त पासविक घटनाको विरूद्ध मुक्ति समाज नेपाल सिराहाले जोडदार रूपमा विरोध जनाउँदै दोषीमाथि कार्वाहीको माग गरेको थियो।

त्यसैगरी घटनाको यथार्थ जानकारी लिन र संगठनद्वारा आवश्यक कार्वाही चलाउन केन्द्रीय कमिटीबाट संगठनका महासचिव जितु गौतमको नेतृत्वमा चैत्र १६ गते गएको टोलीले स्थानीय घटनाको पूर्ण जानकारी लिई तत्काल उपस्थित २ सय ५० जनाको भेलाबीच नेपाल उत्पीडित जातीय मुक्ति समाजका केन्द्रीय सदस्य विश्वेन्द्र पासवानको नेतृत्वमा १ सय ५१ सदस्यीय संयुक्त संघर्ष समिति गठन गरिएको थियो।

लाहानको आन्दोलनले गुणात्मक परिवर्तन ल्याउँछ

डी. प्रेमपति

(लाहानमा घटेको अमानवीय चमाट बहिष्कार अभियान विरोधी विरोध सभामा भाग लिन भारतीय अतिथि विद्वान डा. प्रेमपति इन्सेक लगायतका मानवअधिकार संस्थाको निमन्त्रणामा काठमाडौं आउनु भएको समयमा उहाँसंग इन्सेकमा गरिएको कुराकानी ।)

० हाल तपाई भारतको कुन ठाउँमा बस्दै आउनु भएको छ ?

– विगत ४० वर्ष अगाडिदेखि भारतको दिल्लीमा बस्दै आएको छु र दिल्ली विश्वविद्यालयमा अध्यापन गराउँथे। त्यसभन्दा पहिला म कलकत्तामा थिएँ र मेरो मूल घर आन्ध्रा प्रदेशमा पर्दछ।

० भारतको कुनकुन आन्दोलनमा तपाई संलग्न रहँदै आउनु भएको छ?

– जहाँसम्म सामाजिक आन्दोलनमा चासो लिने कुरामा मलाई के कुराको सम्झना छ भने सन् १९४८ मा जतिखेर म स्कूलको विद्यार्थी थिएँ त्यसबेला भारत सरकारले भारतीय कम्युनिष्ट पार्टीमाथि प्रतिबन्ध लगाएको विरूद्ध भएको आन्दोलनबाट नै मेरो राजनैतिक जीवनको सुरूवात भएको थियो। त्यसपछि पश्चिम बंगाललाई आधार बनाएर जति आन्दोलनहरू भए ती सबैमा मेरो सहभागिता थियो। यहाँसम्मकि सन् १९६९ मा भएको नक्सलवाडी आन्दोलनमा पनि मेरो सहभागिता थियो र आजसम्म पनि रहँदै आएको छ।

० तपाई जाती विभेद आन्दोलनमा संलग्नता रहँदै आउनु भएको छ, के कारणले यसमा लाग्नु भयो?

– सन् १९९० मा वी.पी. सिंहको नेतृत्वमा रहेको सरकारले मण्डल आयोगको सिफारिसलाई स्वीकृति प्रदान गरी भारतको सरकारी नोकरीमा २७ प्रतिशत स्थान पिछडिएका वर्गका लागि आरक्षण गरेको थियो। सरकारले यस किसिमको आरक्षण दिएता पनि नोकरीको अवसर थिएन, किनकि सबै अवसरहरू सकिई सकेको थियो र मलाई के लाग्यो भने यो २७ प्रतिशत आरक्षण जाती विभेद समस्याको समाधान होइन।

यस मण्डल आयोगको विरूद्धमा कुनै एक जाति विशेषको गठबन्धन तयार भयो र भयंकर विरोध सुरू भयो। यसबाट भारत वर्षमा धेरै विपत्तीहरू आउने कुरा मैले महसुस गरें। नवजवान युवाहरूले वस, रेल आदिको तोडफोड



गर्ने, आगो लगाई दिने, यहाँ सम्मकी आत्मदाह समेत गर्न थाले। भारतको उत्तर प्रदेश, विहारदेखि दिल्लीसम्मको जनजीवन विक्षिप्त हुँदै गयो। यसमा भाजपादेखि कांग्रेस (आई) सम्मका युवाहरू एकगठ भएर आत्मदाह गर्न थाले। मलाई आश्चर्य के कुरामा लाग्यो भने भारत र चीनको लडाई भयो, भारत र पाकिस्तानको लडाई भएको थियो त्यस बखतमा यो वर्ग त्यति आतंकित भएको थिएन जति अहिले भइरहेको छ। त्यसैले मैले सोचें– यो मण्डल आयोगको सिफारिसमा के छ? यस्तो हुनुको कारण के हो? जस्का कारणले गर्दा भा.ज.पा.ले वी.पी. सिंहको सरकारलाई दिएको समर्थन फिर्ता लियो र वी.पी. सिंहले राजिनामा दिएमा हामी समर्थन गर्दछौं भन्यो। हामीले विचार गऱ्यौं– वी.पी. सिंहले किन मण्डल आयोगलाई सिफारिस गरे र यसमा उनको के गल्ती छ? धेरै सोचविचार पछि के कुरा स्पष्ट भयो भने भारतमा जातिको हिसाबले सुविधाको बाडफाँड पहिलेदेखि नै भइरहेको छ, त्यसमा अन्य कसैले हमाला गऱ्यो भने उक्त माथिल्लो वर्ग कहिल्यै पनि त्यो कुरा मान्न तयार छैन।

एक मार्क्सवादी भएका कारणले इतिहासका बारेमा मैले बुझ्न थालें, भारतको आर्थिक राजनैतिक आन्दोलनको एक विद्यार्थी भएको हुँदा समाजमा गएर यस्का बारेमा बुझ्ने प्रयास गरें। केन्द्रीय मन्त्री मण्डलबाट डा. अम्बेडकरले राजिनामा दिनुपर्नाको कारणका बारेमा बुझें। यसबाट थाहा भयोकि डा. अम्बेडकरले हिन्दूकोड विल पेश गरेर भारतीय हिन्दू समाजमा नारीलाई सम्पत्तिको अधिकार दिन लागे। यसबाट त्यहाँका हिन्दूहरूलाई लाग्यो कि उनीहरूको पहिलादेखिको तन्दुरूस्त जातिगत सुविधामा आघात पर्न लाग्यो, माथिल्लो वर्गका हिन्दूहरूलाई उक्त कुरा सैह्य भएन। त्यसकारण डा. अम्वेडकरमाथि सम्पूर्ण भारतबाट आक्रमण भयो। साथै वी.पी. सिंहमाथि पनि त्यस्तै आक्रमण भयो। यसबाट मलाई के कुरा प्रष्ट भयो भने डा. अम्वेडकर र वी. पी. सिंहमाथि आक्रमण गर्ने वर्गस्रोत भनेको एउटै हो र त्यो सवल हिन्दू वर्ग हुन्, तल्लो वर्ग होइन। यिनीहरू समाजमा परिवर्तन चाहँदैनन्।

० जातिगत विभेदको विरोध गर्ने भारतीय

वामपन्थीहरूको त्यस आन्दोलनमा कस्तो भूमिका थियो?

- भारतको वामपन्थी आन्दोलन विभिन्न ग्रुपमा विभाजित छ तापनि मजदूरहरूलाई एकीकृत गर्न किसानहरूलाई पनि एकीकृत गर्न कोशिस गरिरहेका छन्। तर के यो गफी समाजमा समाजवाद आउँछ? साँचो अर्थमा गरीब र पिछडिएका वर्गमा आर्थिक, सामाजिक, सांस्कृतिक सवालमा पनि समाजवाद पुऱ्याउन किन सकिदैन? यी क्षेत्रसम्म समाजवाद पुऱ्याउन यिनीहरू किन कोशिस गर्दैनन् ? यसको जानकारीका लागि विभाजित वामपन्थी नेताहरूकोमा गएँ, सबै नेताहरूसंग मेरो उठबस पनि छ। ती सबैसंग यस बारेमा सोधें, छलफल गरें, कुनै सटिक समाधान निस्किएन। मलाई के लाग्यो भने डा. अम्बेडकर र वी.पी. सिंहको विरोध जातिगत कारणले भएको छ र जसका लागि धेरै व्यक्तिहरू मार्न र मर्न तयार भएका छन्। भारतका पार्टीहरू जति छन् तिनलाई मज्दुरहरूले जति हड्ताल गरून्, पाकिस्तानले जति आक्रमण गरोस्, चीनले जति हमला गरोस् त्यसको कुनै चिन्ता छैन। उनीहरूलाई एउटै चिन्ता छ सम्पन्न वर्गको विशेषाधिकार सुरक्षित रहनु पर्छ भन्ने मैले पाएँ। त्यसबेलादेखि मेरो सोचाइ जाति प्रथामा गयो र भारतको इतिहास र सामाजिक आन्दोलनका बारेमा प्राचिन युगदेखि आजसम्मको अध्ययनबाट म के निष्कर्षमा पुगें भने मात्र प्रजातन्त्रको ढाँचा दिएर, भोटको अधिकार दिएर, धेरथोर आर्थिक सहयोग दिएर समाजवादमा पुग्ने कुरा कसैले गर्दछ भने तिनीहरू आफैंले आफैंलाई धोका दिइरहेका छन्, या समाजलाई धोका दिइरहेका छन्। मेरो विचारमा जबसम्म जातिप्रथा रहिरहन्छ तबसम्म जन्मजात सानोठूलो जातिगत भावना रहिरहन्छ र तबसम्म कुनै समाजवाद आउन सक्दैन।

० जातिगत आन्दोलन र राजनैतिक आन्दोलनमा यहाँले के फरक पाउनु भएको छ?

- भारतमा चलिरहेको जातिगत आन्दोलन चुनाव जित्नका लागि मात्र भइरहेको छ। भारतको सबै तहमा रहेको हिन्दूवादी सामाजिक संरचनालाई बदल्ने कोसिस कसैले गरेका छैनन्। यसका नाममा ४-५ जना व्यक्ति सांसद बनेका छन्, केही व्यक्तिहरू सत्ताधारी पार्टीसंग समीकरण गरी मन्त्री बनी २-४ करोड रकम पाउने र मोजमस्ती गर्नमा लागिरहेका छन्। यस्ता व्यक्तिहरूले नै भारतको संसदमा अल्पसंख्यक र पिछडिएका बर्गको प्रतिनिधित्व गरेका छन्। यिनीहरूको भूमिका देखेर हामी के निष्कर्षमा पुगेका छौं भने सामाजिक परिवर्तनका लागि पनि राजनैतिक पार्टीहरूका साथमा कुनै कार्यक्रम छैन।

० भारतको जाति विभेद आन्दोलनलाई धार्मिक चिन्तनले पनि प्रभाव पारेको छ कि?

- सन् १९३६ मा पन्जावमा एउटा जाति अन्त मोर्चाले बाबासाहेक अम्बेडकरलाई "जाति उन्मुलनका विषयमा" भाषण दिन आमन्त्रण गरेको थियो र उनले त्यहाँ गर्ने भाषणको प्रति अगाडि नै उक्त मोर्चाका आयोजक कहाँ पठाई दिए। उनको भाषणको व्यहोरा देखेर उक्त मोर्चाका आयोजकले अम्बेडरको निमन्त्रणालाई फिर्ता गरिदिए। किनकि उनले तयार गरेको भाषणमा कुनै परम्परा अन्तका लागि ब्रम्हणवाद अर्थात् कुनै जाति विशेषको अन्त्य नभएर जन्मजात जातिवादी परम्परा, पूर्व जन्ममा गरेका पाप धर्मले अहिले राम्रो नराम्रो जाति वा कुलमा जन्म हुन्छ जस्ता जातिवादी र पुनर्जन्मवादी वेदान्त दर्शनलाई कडा प्रहार गरेका थिए। भारतको इतिहासमा कैयौं व्यक्तिहरूले सामाजिक सुधारका काम गरेका छन् तर पनि जातिप्रथाको अन्त हुन सकेको छैन। अझ म के भन्छु भने भारतमा जातिवादी परम्परा कमजोर भएको पनि छैन र अन्त्य पनि हुन सक्तैन। यस्तो देशमा प्रजातन्त्र र समाजवाद कसरी आउँछ ? जबकी जन्मजात रूपमा नै जाति प्रथाको विकास भएको छ, "पूर्वजन्ममा कुकर्म गरेको कारणले तेरो जन्म नीच कुलमा भएको छ, ठूलो जातिमा जन्मने भए मन्दिरमा गएर पुजापाठ गर्नुपर्छ" भन्ने प्रचलन रहिरहेको छ। जबकि भारतमा त्यस्ता व्यक्तिहरू छन् जस्ले एक छाक स्वान र आफ्ना बालबच्चालाई खुवाउन समेत सकेका छैनन्। दिनभर मेहनत गरेर पनि स्वान पाउँदैनन् भने बालबच्चालाई स्कूल पठाउन र विरामी हुँदा अस्पताल लाने त कुरै नगरौं। त्यस्ता व्यक्तिले के दान पुण्य गर्ला? कहाँबाट ल्याएर गर्छ? यस्तो मनुष्य विरोधी वेदान्त दर्शन संसारमा कहीं पनि छैन।

० संसारका अन्य देशहरूको जाति विभेदका सम्बन्धमा तपाईले कसरी अध्ययन गर्नु भएको छ?

- तपाईले संसारका बारेमा सोध्नु भयो। मेरो जानकारी अनुसार जाति विभेद सबैभन्दा बढी दुई देशमा जबर्जस्त रूपमा भइरहेको छ। जस्मा पहिलो भारत र दोस्रो नेपालमा धेरै देखिन्छ। अमेरिकामा जातिका नाममा होइन राष्ट्रियताका नाममा श्वेत र अश्वेतका बीचमा र पूर्वी सोभियत संघमा राष्ट्रियताका सवालमा लडाई भइरहेको छ, त्यहाँ जातीयता छैन। जातीयताको अवधारणा हिन्दू धर्मको देन हो। संसारमा जहाँ हिन्दूहरू छन् त्यहाँ जाति विभेद छ।

० तपाई नेपालको लाहानमा पुगेर आउनु भयो। त्यहाँ घटेको चमार वहिष्कारको घटनालाई कुन रूपमा लिनु भएको छ?

- लाहानमा जुन घटना घटेको छ त्यहाँ गएर, देखेर म आएको छु। त्यो मामुली घटना होइन। यो यथार्थ हो। उक्त घटना असाधारण महत्वको घटना हो। त्यहाँ अन्य जातिहरू चमारको समर्थनमा एक भएको देखें। तीन चार दिनको संघर्ष पछि एउटा ठूलो आमसभा भएको थियो। त्यसै सभामा भाग लिएर म फर्केको छु। उक्त सभामा ५०-६० हजार जनाको सहभागिता थियो। त्यस ठाउँको वरपरको गाउँमा चौधरीका गुण्डाहरूले त्यहाँ व्यक्तिहरू नआउन भनेर आतंक फिंजाएका थिए। तर पनि १५ हजारको जुलुसको भीड मैले देखें। २ बजदेखि ६ बजेसम्म सभा भएको थियो। त्यहाँका एक एक वक्ताको भनाई मैले सुनें। सामाजिक, राजनैतिक भाषण भयो। त्यहाँ पहिलेदेखिको राजनैतिक घटनाको बारेमा चलखेल भएकाले उक्त घटनाले एक्कासी राजनैतिक रूप धारण गऱ्यो। लाहानमा जुनघटना घट्यो नेपालको इतिहासमा यो आन्दोलनले गुणात्मक परिवर्तन ल्याउँछ।

० नेपालको मानवअधिकार आन्दोलन र इन्सेकको गतिविधिका बारेमा यहाँको धारणा के छ?

- सन् १९८६ देखि मैले इन्सेकलाई धेरै नजिकबाट देखिरहेको छु। इन्सेक मानवअधिकारको माध्यमबाट समाजका ग्रामीण तहमा पुग्न चाहेको छ। तपाईहरू मानव समाजलाई तलसम्म पुऱ्याउन चाहनुहुन्छ भने जातिभेद के हो? यसको बारेमा सम्झनु पर्छ, साम्प्रदायिकता के हो ? र राष्ट्रिय भावना के हो ? यसको बारेमा सम्झनु पर्दछ। राष्ट्रियताको भावना नेपालमा छ र भारतमा बढी छ। यसका बारेमा तपाईहरूले राम्ररी बुझ्नु पर्छ। जबसम्म समाजको पुनर्गठन जनवादी तरिकाले हुन सक्तैन तबसम्म तपाईहरूले मानवअधिकार ठुलाबडालाई त दिन सक्नु हुन्छ तर तल्लो वर्ग, जो ग्रामीण रूपमा ठूलो परिमाणमा रहेका छन्, तिनलाई मानवअधिकार दिन सक्नु हुन्न। जहाँ जातीय समाज छ त्यहाँ मानवअधिकारको कुनै गुञ्जायस छैन, इज्जत छैन। मलाई खुशि लागेको छ तपाईहरूको मानवअधिकारको क्षेत्र व्यापक छ। हिन्दू समाजको संरचना जानेर पनि तपाईहरू लागिरहनु भएको छ। मलाई थाहा छ तपाईहरू जनजाति र विपन्न वर्गमा जानु भएको छ।

मानवअधिकारको यो आन्दोलनलाई तिब्र गतिले अगाडि बढाउन इन्सेक अझ तिब्रताका साथ अगाडि बढ्नु पर्दछ। उत्पीडित जनजातिको बारेमा इन्सेकले धेरै काम गरेको छ। यसलाई अझ गहिराइमा पुऱ्याउनु पर्दछ। जो दलित विपन्न वर्ग छन् उस्रका लागि सरकारले के दिएको छ ? यसका बारेमा राष्ट्रका सबै पार्टीहरूलाई इन्सेकले घचघचाउनु पर्दछ।

- प्रस्तुति : आत्माराम शर्मा

सवा सेर गहुँ

प्रेमचन्द

शंकर नाउँको कुर्मी किसान एउटा गाउँमा बस्दथ्यो। कसैसंग केही पनि लिनु दिनु नभएको र आफ्नो कामसंग मात्र सम्बन्ध राख्ने सोझो किसिमको गरीब किसान थियो ऊ। उसले धुत्याँइँ फट्याइँ जानेको थिएन, उसलाई जालसाजीको सरूवा रोग लागेको पनि थिएन। उसलाई ठगिन्छु भन्ने चिन्ता थिएन र उसले ठग्ने कला जानेको पनि थिएन। दुई गाँस मिले खाइदिन्थ्यो नमिले चमेना गरेर टार्दथ्यो, चमेना पनि मिलेन भने वस् पानीपियो रामनाम जप्यो सुतिदियो। तर घरमा कोही पाहुना आयो भने चाहिं उसले यो निवृत्तिमार्ग त्याग्नु पर्दथ्यो। त्यसमाथि पनि साधुमहात्माहरूले पाउकष्ट गरे भने देखि त उसले सांसारिकताको शरण अनिवार्य रूपमा लिनु पर्दथ्यो। आफू त भोकै सुत्न सक्दथ्यो तर साधुलाई कसरी भोकै राख्ने? भगवानका भक्त न ठहरिए !

एक दिन साँझपख एउटा महात्माले उसको ढोकामा आशन जमाए। उनको आकृति तेजिलो थियो, घाँटीमा पिताम्बर, टाउकोमा जटा, हातमा पितलको कमण्डलु, खुट्टामा खराउ र आँखामा चस्मा। उनको सम्पूर्ण भेषभुषा धनीहरूको दरबारमा तपस्या गर्ने, मोटर बग्गी चढेर देवमन्दिरहरूको यात्रा गर्ने र योगसिद्धि प्राप्त गर्न मिठामिठा खानेकुरा खानेहरूको नै थियो। घरमा भएको जौको पिठो उनलाई कसरी खुवाउने ! प्राचिन युगमा जौको जे जस्तो महत्व भएता पनि वर्तमान युगमा त सिद्ध पुरूषहरूलाई जौ अपच नै हुन्छ। महात्मालाई के भोजन गराउने ! ठूलो चिन्ता उत्पन्न भयो। आखिरमा कतैबाट गहुँको पिठो सापटी माग्ने निश्चय गरियो। तर गाउँभरमा गहुँको पिठो पाइएन। गाउँमा त मानिस मात्रै थिए, एउटा पनि ईश्वर थिएनन्। त्यसैले देवताको खानेकुरा कसरी पाइयोस्? सौभाग्यले गर्दा गाउँका पण्डित महाराजकहाँ अलिकति गहुँ भेटियो। उसले सवा सेर गहुँ सापट लियो र आफ्नी जहानलाई पिठो तयार पार्न अह्रायो। महात्माजीले भोजन गरे, मृग चर्म ओछ्याएर सुते। भोलिपल्ट आर्शिवाद दिएर बाटो तताए।

पण्डित महाराज वर्षको दुईपल्ट आफ्नो मेहनत स्वरूप आयस्ता उठाउँथे। शंकरले मनमनै सोच्यो "सवा सेर गहुँ के फर्काउँ, मुठ्ठिभर अनाजको साटो आयस्ता उठाउँदा अली बढता दिइदिन्छु, उसले पनि बुझ्छन् मलाई पनि भै गयो। चैतमा पण्डितजी आउँदा उसले पाँच सेरजति गहुँ दियो र आफू अऋणी भएको सम्झिएर कुनै चर्चै गरेन। पण्डितजीले पनि फेरी कहिल्यै मागेनन्। त्यो सवा सेर गहुँको ऋण चुक्ता गर्दै आफूले अर्को जुनि लिनु पर्ला भन्ने सोझो शंकरलाई के थाहा !

सात वर्ष बित्यो। पण्डितजी पण्डितबाट महाजन भए। शंकर किसानबाट मजदूर भयो। उस्को भाइ मंगल उसंग छुट्टियो। संगै बसेका उनीहरू किसान थिए। छुट्टिए पछि दुवै मजदूर भए। द्वेशको राँको भड्किन नपाओस् भनी शंकरले कोशिस गयो तर उसलाई परिस्थितिले विवश तुल्याइदियो। बेग्लाबेग्लै चुल्हो तताइएको दिन ऊँ डाँको छोडेर रून्थ्यो। आजदेखि दाजु-भाइ सत्रु भए। एउटा रूँदा अर्को हाँस्ने भयो। एउटाको घरमा असोच परेको दिन अर्को कहाँ मिठाइ पाक्ने भयो। प्रेमको, रगतको र दूधको बन्धन आज टुट्ने भयो। उसले अधिक परिश्रम गरेर कूल मर्यादाको रूख रोपेको र त्यसलाई आफ्नो रगतले सिंचेको थियो। त्यस रूखको जरा उखेलिएको देखेर उसको हृदय द्रवित भएको थियो। सात दिनसम्म त उसले अन्नको मुख पनि हेरेन। दिनभरि जेठको प्रचण्ड घाममा मरून्जेल काम गर्दथ्यो अति रात पऱ्यो कि मुख छोपेर सुत्दथ्यो। यो तीब्र वेदना र असहय कष्टले रगत सुकाइ दियो र मासु एवं माँसपेसीलाई विलोप पारिदियो। ऊ विरामी भयो र महिनौसम्म ओछ्यानमा थलियो। अब जिविका कसरी धान्ने? खेत पाँच विघामा आधा मात्र बच्यो, गोरू एउटा बाँकी भयो, खेती केले गर्ने ! अन्त्यमा यस्तो परिस्थिति उत्पन्न भयो कि खेती इज्जत धान्ने साधन मात्र बन्न पुग्यो। जिविकाको भार मजदूरीमाथि पर्न गयो।

सात वर्ष बित्यो। एक दिन ज्यालावोनी गरेर फर्केको शंकरलाई बाटोमा पण्डितजीले रोकेर भने- ए शंकर, भोलि आएर तेरो लिनु दिनुको हिसाब गरिदे। कति अगाडिदेखि तँसंग मेरो साँढे पाँच मन गहुँ बाँकी छ र तँ चाहिं फर्काउने नामै लिदैनस्, पचाउने विचार छ कि के हो ?

शंकरले चकित भएर भन्यो- मैले तपाईसंग कहिले गहुँ लिएको थिएँ र आज साँढे पाँच मन भयो? तपाईले बिर्सिनु भयो होला, मेरो त कसैसंग न एक पैसा ऋण छ न एकमुठी अनाज नै।

पण्डित - यस्तै नियतले गर्दा त तँलाई यस्तो फल मिल्दैछ कि खानसम्म पनि मुश्किल छ।

यति भनेर पण्डितले आजभन्दा सात वर्ष अगाडि शंकरलाई दिएको सवा सेर गहुँको उल्लेख गरे। त्यो सुनेर शंकर चकित भयो। हे भगवान ! मैले यिनलाई त्यत्रो पल्ट बाली काट्दा अन्न दिएँ अनि यिन्ले मेरो के काम गरे ? चिनापात्रो हेर्न या साइत सुगन निकाल्न घर आउँदा त केही न केही दक्षिणा लिएर जान्थे। यत्रो ठूलो स्वार्थ । सवा सेर अन्नलाई कुखुराको फुल जस्तै गरी यसरी उभ्याइ दिए कि मलाई सलक्क निल्ने पिचास पो खडा भयो। यतिका समयमा मेरो गहुँ फिर्ता दे भनेर जुनसुकै समय भनेको भए पनि जोखेर दिन्थें नि, तर यही नियतको निम्ति चुप बसेछन्। अनि उसले पण्डितजीको नामै लिएर भन्यो- त मैले त्यो अन्न फर्काएको छैन तर वालि काट्दा सेर दुई सेर अन्न कैयन पटक दिएको हुँ, अब साढे पाँच मन भन्नुहुन्छ, कसरी तिरौं म ?

पण्डित : लेखेको तिल बराबर त्यसै दिएको सय बराबर ! तैले जे दिइस् त्यसको हिसाब हुँदैन। एक पसेरीको सट्टा चार चार पसेरी नै दे न के भयो र ! तेरो नाममा बहीमा साढे पाँच मन गहुँ चढेको छ जोसुकैसंग हिसाब गराए पनि गरा। तिरिस् भने नाम काटी दिन्छु, हैन भने अझै बढ्छ।

शंकर : पण्डितजी, गरीबलाई नसताउनोस् न, खानको समेत ठेगान नभएको मैले यत्रो गहुँ कसकहाँबाट ल्याउँ ?

पण्डित : जोसुकैको घरबाट लेरा मलाई के, म त एक छटाक पनि छोडदिन, यहाँ नदिए भगवान कहाँ देलास्।

शंकर थकमान भयो। हामी जस्तो पढे लेखेका मानिस भएको भए भनी दिन्थ्यौं ठीक छ भगवान कहीं तिरौंला। त्यहाँको ढक यहाँको भन्दा ठूलो हुँदैन होला। कमसेकम यसको कुनै प्रमाण नभएकोले त्यसबारे के को चिन्ता। तर शंकर यति तार्किक एवं चतुर चाहिं थिएन। ऋण त्यसमाथि पनि ब्राम्हणको खातामा नाम बाँकी रहेको ठाउँ नरक। यो सोचाइले आँग जिरिङ्ग भयो र भन्यो- महाराज तपाईको जे जति छ यहीं तिर्छु, भगवानकहाँ गएर किन तिरौं ? यो जन्ममा ठोकर खाँदैछु अर्को जन्मको निम्ति किन काँढा रोपौं। तर यो कुनै न्याय भएन। तपाईले चिम्टीलाई पहाड बनाइदिनु भयो, ब्राम्हण भएर यस्तो गर्नु नपर्ने। त्यसैबेला ताकेता गरेको भए मेरो टाउकोमा यत्रो बोझ पर्दैनथ्यो। म त दिन्छु तर ईश्वरकहाँ गएर चाहिं तपाईले जवाफ दिनु पर्छ।

पण्डित : त्यहाँको डर तँलाई हुन्छ, मलाई के डर। वहाँ त सबै मेरा आफन्त छन्। ऋषिमुनि सबै ब्राम्हण नै छन्, देवता पनि ब्राम्हणै, जे बिग्रन्छ सुधारी हाल्छन्। त कैले दिन्छस् ?

शंकर : मेरो साथमा त छैन कसैसंग मागेर, खोजेर तिरूँला !

पण्डित : यो चाहिं हुँदैन। सात वर्ष भइसक्यो अब त एक दिन पनि छोडदिन। गहुँ तिर्न सक्दैनस् भने तमसुक लेखिदे।

शंकर : मैले त गहुँ भए पनि दिनु नै छ, तमसुक भए पनि गरी दिनु छ। के हिसाब लगाउनु हुन्छ त ?

पण्डित : बजारमा रूपैयाको पाँच सेर छ, तँलाई सवा पाँच सेरले हिसाब गरौंला।

शंकर : तिर्ने परेपछि बजार भाउले नै तिर्छु, एक छटाक कम तिरेर किन दोष भिरौं ।

हिसाब गर्दा गहुँको मोल साठी रूपैयाँ ठहऱ्यो। सय कडा तीन ब्याजको दरमा साठी

रूपैयाको कागज लेखियो। वर्ष दिन भित्र नतिरे व्याजको दर साढे तीन प्रतिशत हुने, पचहत्तर पैसा टिकट खर्च, तमसुकको थप एक रूपैया शंकरले नै दिनुपर्ने भयो।

पुरै गाउँले पण्डितजीको निन्दा गऱ्यो तर मुखिञ्जेल होइन। महाजनसंग सबैको काम परिहाल्ने, को पो मुख लाग्न जान्छ अब !

शंकरले वर्षै भरि कठोर तपस्या गऱ्यो। भास्वा भन्दा पहिले नै रूपैयाँ चुक्ता गर्ने ब्रत लिए जस्तो थियो उसको निम्ति। दिउँसो पहिला पहिला पनि चुल्हो तात्दैनथ्यो। चमेनामा नै गुजनरा गर्थ्यो भने अब सो चमेना पनि बन्द गरियो। केटाकेटीहरूको निम्ति बेलुकीको रोटी राखिदिन्थ्यो। दिनको एक पैसाको दरले तमाखु खान्थ्यायो लतलाई भने उसले कहिल्यै छोड्न सकेको थिएन। यति बेला यो लत पनि कठिन ब्रतको निम्ति नजराना चढाइयो। उसले चिलिम फ्याँकिदियो। हुक्का भाँचिदियो र तमाखु राख्ने भाँडोलाई धुलोपिठो पारेर फोडिदिया। कपडाको त्याग त पहिला नै चरम सिमामा पुगिसकेको थियो, अब त्यो प्रकृतिको न्युनतम रेखा भित्र नै आबद्ध हुन पुग्यो। शिशिर यामको हाड गलाउने शीतलाई उसले आगो तापेर खायो। यस ध्रुव संकल्पको नतिजा आशा गरेभन्दा बढी राम्रो निकल्यो। वर्षको अन्त्यमा उसको साथमा कूल साठी रूपैयाँ बचेको थियो। उसले विचार गऱ्यो पण्डितजीलाई अहिले यति रूपैयाँ दिन्छु र भन्छु- महाराज बाँकी रूपैयाँ छिटै हाजिर गर्नेछु। पन्द्र रूपैयाँको त कुरो हो, पण्डितले के त्यति पनि नमान्लान् त ! उसले रूपैयाँ बोक्यो र लगेर पण्डितजीको चरणमा अर्पण गऱ्यो। पण्डितजीले अचम्म मानेर सोधे- कसैसंग उधारो मागिस् कि कसो ?

शंकर : होइन पण्डितजी, तपाईको आर्शिवादले यस पल्टको मजदूरी राम्रो भयो।

पण्डित : यसमा साठी रूपैया मात्रै छ नि!

शंकर : हो पण्डितजी, अहिले यति लिनोस् बाँकी दुई तीन महिनामा दिन्छु, मेरो ऋण चुक्ता गर्नोस्।

पण्डित : ऋण मुक्त त त्यतिबेला हुन्छस् जब मेरो एक एक पैसा तिर्छस्। पन्द्र रूपैया अरू लेरा जा ?

शंकर : पण्डित महाराज यति दया गर्नोस् न, बेलुकी खाने रोटीको त कुनै ठेगान छैन, गाउँमै बस्छु कुनै न कुनै दिन तिरी हाल्छुनि।

पण्डित : यस्तो रोग मैले पाल्न जानेको छैन र म बढी कुरा गर्न जान्दिन।

पूरा पैसा आजै बुझाइनस् भने आजदेखि साढे तीन सैंकडा व्याज लाग्छ। यो पैसा यहीं छाडेपनि छोडी लगेदेखि लैजा।

शंकर : ठीक छ जति ल्याएको छु त्यति अहिले राख्नोस् । गएर कतैबाट पन्ध्र रूपैयाँ खोज्दछु।

शंकरले पूरै गाउँमा खोज्यो तर उसलाई कसैले रूपैयाँ दिएनन्, उसमाथि विश्वास नभएर या कसैसंग पनि नभएर होइन, पण्डितजीको शिकारलाई जिस्क्याउने हिम्मत कसैसंग पनि भएन।

कृया सम्पादन पछि त्यसमाथि प्रतिक्रिया उत्पन्न हुनु नैसर्गिक नियम हो। वर्षभरि कठिन परिश्रम गर्दा पनि ऋणबाट मुक्ति पाउन नसकेपछि शंकरको संयम निरासामा रूपान्तरित हुन पुग्यो। एक वर्षसम्म त्यस्तो विघ्न कठिन मेहनत गर्दा त उसले साठी रूपैयाँ भन्दा, बढी बचत गर्न सकेन भने त्यसको डबल रकम कुन पो उपायले। जम्मा पार्न सकिन्छ उसले सोच्यो। जब टाउकोमा ऋणको बोझा बोक्नु छ भने एक मन र सवामन बीच के पो भिन्नता? उसको जोस सेलायो र मेहनत प्रति घृणा जन्मियो। उत्साह तथा उमंगको आमा आशा हो, आशामा तेज छ, वल छ अनि जीवन छ। संसारको संचालक शक्ति आशा नै हो। शंकर आशाहीन भएर उदाशीन बन्न पुग्यो। वर्षभरि थामपुरो लगाएर राख्नेका आवश्यकता ढोकामा उभिने भिखारी नभएर आफ्नो भेटी नलिई नछोड्ने छातिमा चढेको पिचास जस्तो थियो। लुगामा कुयेत्रो लाग्नेको पनि एउटा सीमा हुन्छ। अब त शंकरलाई चिठ्ठा परे पनि पैसा बचाउँदैनथ्यो। कहिले लुगा किनेर ल्याउँदथ्यो कहिले खाने कुरा। पहिला तमाखु मात्र खान्थ्यो भने अब गाँजा र चरेशको चस्कामा पनि लाग्यो। रूपैयाँ अब कसरी तिर्ने भन्ने चिन्ता उसले पटक्कै लिएन मानौ उसमाथि कसैको एक पैसा ऋण छैन। पहिला जरोनै किन नआओस् काममा जरूर जान्थ्यो। अब चाहिं बहाना बनाएर काममा जान छोड्दथ्यो।

यसरी नै तीन वर्ष बित्यो। पण्डित महाराजले एक चोटी पनि तागेता गरेनन्। एक चतुर शिकारी सरह उनी अचुक निसाना लगाउन चाहन्थे। शिकारलाई पहिलै सतर्क गराउनु उसको नीति विरूद्ध थियो।

एकदिन पण्डितजीले शंकरलाई बोलाएर हिसाब देखाए। उसले बुझाएको साठी रूपैया कटाएर पनि शंकरले बुझाउनु पर्ने बाँकी एकसय बीस रूपैयाँ निक्लियो।

शंकर : यत्तिका रूपैयाँ त अर्को जन्ममै तिर्छु, यस जन्ममा त सक्दिन।

पण्डित : म त यही जुनीमा लिन्छु। साउँ सक्दैनस् भने व्याज मात्र भए पनि तिर।

शंकर : एउटा गोरू छ, त्यो लिनोस्, छाप्रो छ त्यो पनि लिनोस्। मेरो साथमा अरू के छ र?

पण्डित : गोरू बास्ना लिएर मलाई के काम! मलाई दिन तँसंग अझ धेरै कुरा छ।

शंकर : मसंग अरू के छ र पण्डितजी ?

पण्डित : केही नभएदेखि तँ आफैं छस्। आखिर तँपनि मजदुरी गर्न जान्छस्, मैले पनि खेती गर्न मजदुर राख्नै पर्छ। व्याजमा म कहाँ काम गर जैले सक्छस् साउँ तिर। साँचै अब के भने, जबसम्म मेरो रूपैया चुक्ता गर्दैनस् तबसम्म तैंले अन्त कतै काममा जान पाउन्नस्। तेरो कुनै जग्गा जमिन छैन, के को भरमा यत्रो विघ्न रकम तँ माथि विश्वास गरौं ? तैंले महिनै पिच्छे मलाई व्याज चुक्ता गर्छस् भनेर जिम्मा कसले पो लिन सक्छ ? जब अन्त कमाएर व्याज समेत बुझाउन सक्दैनस् भने थपिने रकम कसले बुझाउने ?

शंकर : पण्डितजी व्याजमा त काम गरौंला, अनि मैले खाने के नि ?

पण्डित : तेरी स्वास्नी छ, छोराहरू छन्, के तिनको हात भाँच्चिएको छ? म पनि छु, गुजाराको निम्ति प्रतिदिन आधा सेर जौ दिइहाल्छु। वर्षमा एउटा राडी ओढ्नको निम्ति, एउटा लम्पट पनि बनाइदिउँला, अरू के चाहिन्छ? तैंले अरू कहाँ काम गर्न गए प्रतिदिन ६ आना पाउँछस् तर मेरो त तैंले तिर्नै छ त्यो चाहिंदिन्न।

केही समयसम्म गहिरो चिन्तामा परेर शंकरले भन्यो- पण्डितजी, यो त जीवन भरको गुलामी भयो नि।

पण्डित : चाहे गुलामी सम्झी चाहे मजदूरी। मेरो पैसा नतिराइकन म तँलाई छाड्ने चाहिं होइन। तँ भागिस् भने तेरो छोराले तिर्दछ । अँ कोही पनि छैन भने चाहिं कुरा अर्कै हुन्छ।

यो निर्णयको कतै अपिल लाग्दैनथ्यो। मजदुरको जमानत कसले दिने? शरण काहिं मिल्दैनथ्यो। भागेर पनि जाने पो कहाँ? भोलिपल्टै देखि उसले पण्डितजीकोमा काम सुरू गऱ्यो। सवा सेर गहुँको वदलामा जिन्दगी भर गुलामीको जञ्जीरमा बाँधिनु पऱ्यो। त्यस अभागीले सन्तोष मान्ने कुनै आधार थियो भने त्यो यहीं थियो कि- यो मेरो पूर्वजन्मको संस्कार हो। उस्की स्वास्नीले जिन्दगीमा नगरेको काम गर्न परिरहन्थ्यो, छोराछोरी अन्नको गेडो देख्न लालायित हुन्थे तर चुपचाप हेर्नु बाहेक शंकर अरू केही गर्न सक्दैनथ्यो। कुनै देवताको श्राप जसरी गहुँको दाना आजिवन उसको टाउकोबाट तल झरेन।

वीस वर्षसम्म पण्डितजी कहाँ गुलामी गरेर शंकरले यो दुःखदायी संसारबाट विदा लियो। उसको नाममा अझै एकसय वीस रूपैयाँको ऋण थियो। यसको निम्ति उसलाई ईश्वरको दरबारमा सताउनु पण्डितजीलाई उचित लागेन। उनी त्यस्तो विघ्न अन्यायी एवं निर्दयी थिएनन्। उसको जवान छोरालाई समाते उनले। ऊ आजसम्म पण्डितजीकहाँ काम गर्दैछ। उसको उद्धार हुन्छ कि हुन्न, कहिले हुन्छ यो त ईश्वरै जानून्।

पाठक वृन्द, यो वृतान्तलाई कपोकल्पित नठान्नुहोला। सत्य घटना हो यो। यस्ता शंकरहरू र यस्ता पण्डितहरूको यो संसारमा कमी छैन।

(हिन्दीबाट अनुदित)

प्रजातान्त्रिक आन्दोलनका योद्धामा श्रद्धाञ्जली

०५७ वैशाख २७ गते नेपालको वर्तमान प्रजातान्त्रिक संविधानको मस्यौदाकारहरूमध्येका एक एवं वाम प्रजातान्त्रिक आन्दोलनका वरिष्ठ व्यक्तित्व निर्मल लामाको निधनबाट देशको मानवअधिकार आन्दोलनले एकजना अथक योद्धा गुमाएको छ। नेपालमा प्रजातान्त्रिक हक, अधिकारहरूको प्राप्तिका निम्ति भएको लामो संघर्षमा उहाँ अनवरत रूपमा संलग्न हुनुहुन्थ्यो।

बहुदलीय व्यवस्थाको पुनर्स्थापना हुनु अघि मुलतः नागरिक तथा राजनीतिक अधिकारहरूका निम्ति तथा त्यसपछिका दिनमा आम जनताको दैनिक जीवनमा परिवर्तन ल्याउन आर्थिक अधिकार स्थापित गराउनका निम्ति उहाँ अविचलित रूपमा क्रियाशील भइरहनु भयो। नेपालको वर्तमान संविधान यस



अघिका संविधानहरूको तुलनामा सबभन्दा प्रगतिशील स्वरूपका साथ यस्तो रूपमा जारी हुन सक्नुमा स्वर्गीय लामाको उल्लेखनीय योगदान रहेको थियो। संविधान मस्यौदा आयोगमा उहाँ प्रतिगमनका पक्षधरहरूको दुष्प्रयत्न विरूद्धको मोर्चामा दृढताका साथ खडा हुनु भएको थियो।

यसै सन्दर्भमा इन्सेकका तत्कालीन अध्यक्ष सुशील प्याकुरेलले शोक वक्तव्य जारी गर्दै भन्नु भएको छ- "नेपालको मानवअधिकार आन्दोलनले एक भरपर्दो सहयात्रीलाई सदाका लागि गुमाउनु परेको यस क्षणमा म सम्पूर्ण इन्सेक परिवारका तर्फबाट दीवंगत प्रजातान्त्रिक एवं मानवअधिकार योद्धा लामाप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछु। साथै, उहाँको भौतिक शरीरको दुःखद् अवसानबाट परिवारजनले सहन गर्नु परेको पीडाप्रति समवेदना व्यक्त गर्दछु। स्वर्गीय लामा नेपालको मानवअधिकार आन्दोलनका निम्ति सदैव प्रेरणाको स्रोतका रूपमा अमर रही रहनु हुनेछ।

असहमती

शहीद विशेषांक (प्राची संचेतना द्वैमासिक, वर्ष ७, पूर्णाङ्क २८, फागुन ०५६) मा प्रकाशित पाना नं. ३३ को अन्तिम लहरमा सिन्धुली भिमान बजारमा होटल गरी बस्ने गणेश थापाले भन्नुभएको छ- "त्यसबेला मैले नाम जानेको प्रहरी हवल्दार दिलिप थापा हो। ऊ अहिले लेखनदास काम गर्छ। उहाँको यो भनाई सरासर झुठा हो। म जिल्ला प्रहरी कार्यालय सिन्धुलीको प्रशासन शाखामा काम गर्दथें। गणेश थापाले उहाँकै जेठी श्रीमतीलाई समय समयमा कुटपिट गरी सारै सताई रहनु भएको जानकारी पाइरहन्थ्यो। सिन्धुली बजारमा भेट हुँदा उहाँलाई मैले त्यसरी श्रीमतीलाई सताउनु हुँदैन अपराध लाग्छ, मानव भएर मानवको व्यवहार गर्नुपर्छ भनेर सम्झाउँने गर्दथें। हाल उहाँको साथमा भएको कान्छी श्रीमती हो। म ०४० सालमा नोकरी छोडेर सामाजिक क्षेत्रमा प्रवेश गरी हालसम्म समाजको सेवाप्रति समर्पित छु। उहाँले पुरानो रीस शान्त गर्नको लागि मेरो नाम उल्लेख गर्नु भएको हो। उहाँको झुठा भनाइले मेरो चरित्रमा दाग लाग्ने होइन कि शहीदको आत्मामा दाग लगाउने छ यसप्रति घोर आपत्ती जनाउँदै उक्त झुठा भनेाई खण्डनको लागि सविनय सादर अनुरोध गर्दछु।

- दिलिप कुमार थापा
शिवनगर, सिन्धुलीमाढी

नरबहादुर कार्कीको गुनासो

प्राची पूर्णाङ्क २८, फागुन ०५६ को अंक प्रकाशित भएपछि इन्सेक केन्द्रीय कार्यालयमा आएर हाल काठमाडौंमा रहिरहनु भएका नरबहादुर कार्कीले त्यस अंकमा छापिएको शहीद सरोज कोइरालाको शहादत सम्बन्धी पत्रकार धर्मेन्द्र झाको रिर्पोटिङमा शहीद कोइरालाको हत्या योजना कार्यान्वयनका निम्ति सुराकीको नाम गरेको भनी आफ्नो नाम उल्लेख भएकोमा आपत्ति जनाउनु भएको थियो। उहाँले इन्सेक कार्यालयमा बताउनु भयो- "नेपाली कांग्रेसका निम्ति मैले आफ्नो पसिना बगाएको छु। म आफ्नो पार्टीका नेता शहीद सरोज कोईरालाको वफादार कार्यकर्ता थिएँ।"

प्राचीको यो अंकको प्रकाशन तयारीको समयमा उहाँसंग सम्पर्क हुन नसकेपनि र उहाँले लिखित खण्डन प्रेषित गर्न नभ्याउनु भएको भए पनि उहाँको असहमतिको कदर गर्दै उहाँले इन्सेक कार्यालयमा आएर व्यक्त गर्नु भएको भावनालाई छोटकरीमा यसरी उल्लेख गरेका छौं- "म जस्तो इमान्दार कार्यकर्ताको नाम त्यसरी सुराकीका रूपमा उल्लेख गर्न गलत सूचना जस्ले प्रवाहित गराएको भए पनि त्यस्को भर्त्सना गर्नु पर्छ।

छुवाछुतका विरुद्ध सशक्त आन्दोलन

लाहानको सन्देशलाई देशभर फिंजाऔं...

लाहान/०५७ साल बैशाख २३ गते, छुवाछुतको प्रथालाई चुनौती दिंदै उपल्लो जातिका भनिने र स्थानीय चमार जातिका मानिसहरुले संगसंगै बसेर भोजन गरे.....

"कसैले कसैलाई जातिपातिको आधारमा छुवाछूतको भेदभावपूर्ण व्यवहार गरेमा वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरुको प्रयोग गर्नबाट बञ्चित गरेमा एक वर्षसम्म कैद वा तीनहजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्नेछ।"
मुलुकी ऐन
महल १९, अदलको १० क नं.

"कुनै पनि व्यक्तिलाई जातिपातीका आधारमा छुवाछुतको भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरुको प्रयोग गर्नबाट बञ्चित गरिने छैन। त्यस्तो कार्य कानून बमोजिक दण्डनीय हुनेछ।"
नेपाल अधिराज्यको संविधान, २०४७
भाग ३, मौलिकहक, धारा ११, उपधारा ४